NIC ASIA

एन आई सी एशिया बैंक लि.

अठोट 22-27

अठोटको अगाडि हर लक्ष्य सम्भव छ

# २५ औं वार्षिक प्रतिवेदन - आ.व. २०७८/७९



*Impossible is a Myth*

अठोटको

अगाडि हर लक्ष्य सम्भव छ

# सञ्चालक समिति



बायाँदेखि क्रमशः केशवप्रसाद लम्साल (सञ्चालक), आदित्य कुमार अग्रवाल (सञ्चालक), त्रिलोक चन्द अग्रवाल (सञ्चालक), तुलसीराम अग्रवाल (अध्यक्ष), रामचन्द्र संघई (सञ्चालक), गणेश मान श्रेष्ठ (सञ्चालक), विजया स्वार (सञ्चालक)

# विषय सूची


| | | |
|---|---|---|
| १. | साधारण सभा सम्बन्धी सूचना | १ |
| २. | कर्पोरेट प्रोफाइल | ३ |
| ३. | सञ्चालकको प्रोफाइल | ६ |
| ४. | वित्तीय झलकहरु | ९ |
| ५. | गैर वित्तीय झलकहरु | १३ |
| ६. | अध्यक्षज्यूको मन्तव्य | १४ |
| ७. | प्रमुख कार्यकारी अधिकृतज्यूको मन्तव्य | २० |
| ८. | सञ्चालक समितिको प्रतिवेदन | २७ |
| ९. | सहायक कम्पनीहरु | ४९ |
| १०. | संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन | ५० |
| ११. | व्यवस्थापकीय विश्लेषण | ६८ |
| | ११.१ वित्तीय झलकहरु | ६८ |
| | ११.२ Horizontal and Vertical विश्लेषण (Analysis) | ७७ |
| | ११.३ त्रैमासिक वित्तीय विवरणको विश्लेषण | ८० |
| १२. | सामाजिक उत्तरदायित्वको झलकहरु | ८२ |
| १३. | एकीकृत वित्तीय विवरण | ८५ |
| १४. | प्रमुख लेखा नीतिहरु | १०१ |
| १५. | एकीकृत वित्तीय विवरण अनुसूची तथा लेखा सम्बन्धी टिप्पणी | ११४ |
| १६. | सहायक कम्पनीको वार्षिक विवरण | १७९ |
| | १६.१ एन आई सी एशिया क्यापिटल लि. | १७९ |
| | १६.२ एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. | १९९ |
| | १६.३ एन आई सी एशिया सेक्युरिटिज् लिमिटेड | २०३ |
| १७. | नेपाल राष्ट्र बैंकद्वारा वित्तीय विवरण प्रकाशनको लागि दिइएको निर्देशन | २१० |
| १८. | नेपाल राष्ट्र बैंकद्वारा वित्तीय विवरण प्रकाशनको लागि दिइएको निर्देशनको प्रत्युत्तर | २११ |
| १९. | एन आई सी एशिया बैंक लि. को प्रबन्धपत्रमा प्रस्तावित संशोधन/थपको तीन महले विवरण | २१२ |
| २०. | एन आई सी एशिया बैंक लि. को नियमावलीमा प्रस्तावित संशोधन/थपको तीन महले विवरण | २१६ |
| २१. | लगानीकर्ता सम्बन्ध | २१८ |
| २२. | शाखा सञ्जाल | २१९ |
| २३. | प्रवेश पत्र र प्रोक्सी फारम | २२१ |

# एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय, ट्रेड टावर, थापाथली, काठमाडौं, नेपाल
## पच्चीसौं वार्षिक साधारण सभाको सूचना

मिति २०७९/०९/०६ मा सम्पन्न यस बैंकको सञ्चालक समितिको ५८२ औं बैठकको निर्णयानुसार बैंकको पच्चीसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा बस्ने मिति, समय र स्थान :**
**मिति** : २०७९ पौष २९ गते, शुक्रबार (तदनुसार १३ जनवरी २०२३) ।
**समय** : बिहान ९:०० बजे ।
**स्थान** : होटल आनन्द प्रा. लि, (आरोग्य हल) तिलगंगा, काठमाडौं ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची :**

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०७८/७९ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

३. यस बैंक तथा बैंकको सहायक कम्पनी एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. तथा एन आई सी एशिया क्यापिटल लि. को आ.व. २०७८/७९ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७९/८० को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरीक्षक श्री एस ए आर एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स् पुन: नियुक्त हुन योग्य नरहेको ।)

५. मिति २०७८/१२/२० मा सम्पन्न बैंकको २४औं वार्षिक साधारण सभाबाट सर्वसाधारण शेयरधनी समूहको तर्फबाट ४ वर्षका लागि निर्वाचित सञ्चालक श्री निकुञ्ज अग्रवालज्यूले मिति २०७९/०७/०१ मा सञ्चालक पदबाट राजिनामा दिनुभएकोमा निजको राजिनामा मिति २०७९/०७/०२ मा सम्पन्न सञ्चालक समितिको ५७१ औं बैठकको निर्णयानुसार स्वीकृत भएको तथा सोही बैठकको निर्णयानुसार निजको बाँकी कार्यकालको लागि वसौटी-६, कैलाली स्थायी ठेगाना भई हाल शान्तिनगर-३१, काठमाडौं निवासी श्री केशवप्रसाद लम्सालज्यूलाई नियुक्त गरेको निर्णयलाई अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्ताव**

१. बैंकको प्रवन्धपत्र र नियमावलीमा समसामयिक संशोधन/थप गर्ने ।

२. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

**(ग) विविध ।**

आज्ञाले,
दिपेन कार्की
कम्पनी सचिव

# साधारण सभा सम्बन्धी अन्य जानकारी

१. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई शेयरधनी लगतमा कायम रहेको निजहरुको ठेगानामा साधारण सभाको सूचना र बैंकको वार्षिक संक्षिप्त आर्थिक विवरण पठाइने व्यवस्था गरिएको छ । ठेगाना पुरा नभएका तथा उक्त कागजात प्राप्त नगर्नु हुने शेयरधनी महानुभावहरुले वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन निरीक्षण गर्न यस बैंकको कुनै पनि शाखा कार्यालयहरुमा सम्पर्क गर्न सक्नुहुनेछ । साथै उपरोक्त उल्लेखित विवरण/प्रतिवेदनहरु यस बैंकको वेवसाइट **www.nicasiabank.com** मा समेत upload गरिएको छ ।

२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ । हाजिरी पुस्तिका बिहान ८ बजे देखि सभा चालु रहुन्जेल सम्म खुल्ला रहनेछ ।

३. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले बैंकको सोहि समुहको अर्को शेयरधनीलाई मात्र प्रतिनिधी नियुक्त गर्न सक्नुहुनेछ । प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात् मिति २०७९/०९/२७ गते विहान ९ बजे भित्र बैंकको रजिष्टर्ड कार्यालय, ट्रेड टावर नेपाल, थापाथली काठमाडौंमा दर्ता गराई सक्नुपर्नेछ ।

४. नाबालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरुको तर्फबाट बैंकको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको महानुभावहरुले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधी तोक्न सक्नु हुनेछ ।

५. संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउनुहुनेछ ।

६. सभामा भाग लिन प्रतिनिधी नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले आफैंले भाग लिन वा प्रतिनिधी फेरबदल गर्न चाहेमा सभा सुरु हुनुभन्दा कम्तीमा ३६ घण्टा अगावै सो को सूचना बैंकको रजिष्टर्ड कार्यालय, ट्रेड टावर नेपाल, थापाथली काठमाडौंमा दर्ता गरिसक्नुपर्नेछ, अन्यथा प्रतिनिधि फेरबदल हुन सक्ने छैन । तर सभामा सम्बन्धित शेयरधनी स्वयं उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वतः बदर हुनेछ ।

७. छलफलको विषय मध्ये विविध शिर्षक अन्तर्गत कुनै विषयमा साधारण सभामा छलफल गर्नुपर्ने भए इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ दिन अगावै सो विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुहुन अनुरोध छ ।

८. वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०७९/०९/१८ गते देखि २०७९/०९/२९ गतेसम्म बैंकको शेयर दाखिल खारेज दर्ता बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९/०९/१८ गते भन्दा अगाडि कारोबार भई ७ कार्य दिनभित्र यस बैंकको शेयर रजिष्ट्रार एन आई सी एशिया क्यापिटल लि., बबरमहल, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा मतदान गर्न सक्नु हुनेछ ।

९. अन्य जानकारीको लागि बैंकको रजिष्टर्ड कार्यालय, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौं स्थित सञ्चालक समितिको सचिवालय (टेलिफोन नं. ०१-५१११११७७/७८ एक्सटेन्सन २२०५) मा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

# कर्पोरेट प्रोफाइल

एन आई सी एशिया बैंक शाखा सञ्जाल, निक्षेप, कर्जा लगानी, ग्राहक संख्या र वासलात आकारको आधारमा नेपालको अग्रणी बैंक बनेको छ । २५ वर्षको सञ्चालनको अवधीमा बैंकले राष्ट्रको आर्थिक विकासमा प्रमुख योगदानकर्ताको रुपमा बैंक स्थापित भएको छ । बैंकले स्थापनाका उत्तरार्द्धका वर्षहरुमा अभुतपुर्व उपलब्धि हासिल गरी इतिहास रचेको छ ।

सन् १९९७ मा बिराटनगरमा स्थापना भएको एन आई सी बैंक, बैंक अफ एशिया नेपालसँग गाभिएर ३० जुन २०१३ देखि एन आई सी एशिया बैंकको नाममा कारोबार सुरु गरेको थियो । दुई सफल वाणिज्य बैंकको मर्जर उक्त समयको सबैभन्दा ठुलो मर्जर रहेको थियो । यस बैंक दुई पटक **"Bank Of The Year"** को प्रतिष्ठित सम्मानबाट पुरस्कृत भएको छ । Financial Times, UK ले बैंकलाई २००७ र २०१३ मा **"Bank Of The Year"** घोषित गरेको थियो । साथै, नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था (Institute of Chartered Accountant of Nepal) ले बैंकलाई उत्कृष्ट वित्तीय प्रतिवेदन, Best Presented Annual Report Award, 2018 बाट समेत सम्मान गरेको छ ।

एन आई सी एशिया बैंक शाखा सञ्जालमा नेपालको नं १ बैंक हो । सुगम देखि दुर्गम सम्म ७२ जिल्लामा फैलिएको यस बैंकका हाल ३५९ शाखा र ४७३ ATMs रहेका छन् । यस बैंकले आफ्ना ३३ लाख भन्दा बढी सेवाग्राहीलाई उत्कृष्ट र नबिनतम सेवा प्रदान गर्दै आएको छ ।

**एन आई सी एशिया बैंकको ३ सहायक कम्पनीहरु रहेका छन्:** एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि., एन आई सी एशिया क्यापिटल लि. र एन आई सी एशिया सेक्युरिटिज् लि. । लघुवित्त र क्यापिटल आफ्ना क्षेत्रका उत्कृष्ट कम्पनीमा पर्छन् भने सेक्युरिटिज्ले छिट्टै कारोबार थालनी गर्नेछ ।

| |
|---|
| **कम्पनीको दर्ता नाम:** एन आई सी एशिया बैंक |
| **कानूनी मान्यता:** पब्लिक लिमिटेड कम्पनी (नेपाल स्टक एक्सचेन्जमा सूचिकृत) |
| **कम्पनी दर्ता नम्बर:** ६५८ |
| **कम्पनी दर्ता मिति:** ३० मे १९९७ (२०५४, जेठ १७) |
| **नेपाल राष्ट्र बैंक इजाजत पत्र प्राप्त नम्बर:** ६५/०५३/५४ |
| **दर्ता ठेगाना:** ट्रेड टावर, थापाथली ११, काठमाडौं, नेपाल |

**प्रादेशिक कार्यालय**

| |
|---|
| **प्रदेश १:** बिराटनगर महानगरपालिका, वार्ड नं ७ |
| **मधेस:** बर्दिबास नगरपालिका, वार्ड नं १ |
| **बाग्मती:** काठमाडौं महानगरपालिका, वार्ड नं ११ |
| **गण्डकी:** पोखरा महानगरपालिका, वार्ड नं ८ |
| **लुम्बिनी:** तिलोतमा नगरपालिका, वार्ड नं ३ |
| **कर्णाली:** बिरेन्द्रनगर नगरपालिका, वार्ड नं ६ |
| **सुदुर पश्चिम:** धनगढी उपमहानगरपालिका, वार्ड नं ४ |

**सहायक कम्पनीहरु**

| |
|---|
| **एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड**<br>ईटहरी-०९, सुनसरी<br>फोन नं ९७७ ०१ ६६००३४<br>ईमेल: info@nicasialaghubitta.com<br>वेबसाईट: www.nicasialaghubitta.com |
| **एन आई सी एशिया क्यापिटल लिमिटेड**<br>बबर महल, काठमाडौं<br>फोन नं: ९७७ ०१ ५७०५९९४<br>ईमेल: info@nicasiacapital.com<br>वेबसाईट: www.nicasiacapital.com |
| **एन आई सी एशिया सेक्युरिटिज् लिमिटेड**<br>थापाथली, काठमाडौं |

**सञ्चालक समिति**

| |
|---|
| **श्री तुलसीराम अग्रवाल**, अध्यक्ष |
| **श्री त्रिलोक चन्द अग्रवाल**, सञ्चालक |
| **श्री रामचन्द्र संघई**, सञ्चालक |
| **श्रीमती विजया स्वार**, स्वतन्त्र/महिला सञ्चालक |
| **श्री गणेश मान श्रेष्ठ**, सञ्चालक |
| **श्री आदित्य कुमार अग्रवाल**, सञ्चालक |
| **श्री केशवप्रसाद लम्साल**, सञ्चालक |

**प्रमुख कार्यकारी अधिकृत**

रोशन कुमार न्यौपाने

**कम्पनी सचिव**
दिपेन कार्की

**प्रमुख वित्तीय अधिकृत**
रुपेश लुईटेल

**लेखापरीक्षक**
एस ए आर एसोसिएटस्
चार्टर्ड एकाउन्टेन्ट्स्

**शेयर रजिष्ट्रार**
एन आई सी एशिया क्यापिटल लिमिटेड

**सम्पर्क**
फोन नं: ९७७ ०१ ५११११७७ र ५११११७९
फ्याक्स नं: ९७७ ०१ ५१११११८०
टोलफ्री नं: १६६० ०१ ७७७१
पोस्ट बक्स नं: ११०२१
www.nicasiabank.com
info@nicasiabank.com
facbook.com/NicAsiaBank
twitter.com/nic_asia_bank
instagram.com/nicasiabank

NIC ASIA

एन आई सी एशिया बैंक लि.

सहज

उत्तरदायी

सबल

विश्वसनीय

गतिशील

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

# सञ्चालकहरुको प्रोफाइल



**श्री तुलसीराम अग्रवाल**
अध्यक्ष, संस्थापक समुह

श्री तुलसीराम अग्रवालज्यू नेपालको एक सफल, कुशल, प्रवल र प्रतिष्ठित व्यवसायीको रुपमा प्रसिद्ध हुनुहुन्छ। श्री अग्रवालज्यूले पाँच दशक देखि देशको उद्योग, वाणिज्य तथा व्यापार क्षेत्रमा अनवरत रुपमा एक सफल उद्योगी व्यवसायीको रुपमा राष्ट्रको सर्वाङ्गीण आर्थिक तथा सामाजिक विकासमा उल्लेखनीय टेवा पुऱ्याउदै यस बैंकको अध्यक्षका साथै प्रतिष्ठित औद्योगिक घराना श्री विशाल ग्रुपको उपाध्यक्ष, श्री मैनावती स्टिल इन्डष्ट्रिजको प्रबन्ध निर्देशक तथा अन्य विविध व्यापार-वाणिज्य क्षेत्रहरूमा गरिमामय भूमिका निर्वाह गर्दै औद्योगिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउदै आउनु भएको छ । साथै, उहाँले VG फाउण्डेसन मार्फत समाज योगदानमा समेत उल्लेख्य कार्य गर्दै आउनुभएको छ ।

श्री अग्रवालज्यूको आर्थिक र सामाजिक योगदानलाई कदर गर्दै उहाँलाई नेपाल सरकारले २०७७ सालको संविधान दिवसको अवसरमा प्रबल जनसेवा श्री चतुर्थ द्वारा विभूषित गरेको छ ।



**श्री त्रिलोक चन्द अग्रवाल**
सदस्य, संस्थापक समुह

विगत चार दशक देखि श्री त्रिलोक चन्द अग्रवालज्यू उद्योग, निर्यात आयात, व्यापार र बैंकिङ्ग क्षेत्रमा संलग्न हुनुहुन्छ । सन् १९७४ देखि व्यापार व्यवसायमा संलग्न श्री अग्रवालज्यू अत्यन्त मिलनसार, सम्बन्धित क्षेत्रको ज्ञाता, कुशल व्यवस्थापक र सफल व्यवसायीको रुपमा प्रसिद्ध हुनुहुन्छ । श्री अग्रवालज्यू प्रतिष्ठित औद्योगिक घराना श्री विशाल ग्रुपको उपाध्यक्ष हुनुहुन्छ ।

बैंकको विभिन्न सञ्चालक स्तरका समितिहरुमा उहाँ देहाय बमोजिमको भूमिकामा संलग्न हुनु भएको छ :

| | |
|---|---|
| लेखापरीक्षण समिति | सदस्य |



**श्री रामचन्द्र संघई**
सदस्य, संस्थापक समुह

श्री रामचन्द्र संघईज्यू तीन दशकभन्दा बढी विभिन्न उद्योग व्यवसायमा संलग्न हुँदै आउनु भएको छ। त्रिवेणी ग्रुपको निर्देशक पदमा रहनुभएको श्री संघईज्यू व्यवसायीको नजरमा अत्यन्त परिचित अनुहार हुनुहुन्छ।

सञ्चालक श्री रामचन्द्र संघईज्यू नेपाल उद्योग वाणिज्य महासंघ जस्तो गरिमामय संगठनको एसोसियट तर्फको उपाध्यक्ष पदमा हुनुहुन्छ।



**श्री आदित्य कुमार अग्रवाल**
सदस्य, सर्वसाधारण सेयरधनी समूह

श्री आदित्य कुमार अग्रवालज्यू एक कुशल युवा व्यवसायी हुनुहुन्छ। हाल ग्लोबल ट्रेडिङ कन्सर्न प्रा.लि.मा बिजनेश डेभलपमेन्ट एण्ड मार्केटिङ निर्देशक र एशियन डिस्ट्रिब्युटर्स प्रा.लि.मा निर्देशकको रुपमा कार्यरत रहनु भई University of Central Oklahoma, U.S.A बाट स्नातक तथा Asian Institute of Technology बाट स्नात्तकोत्तर गर्नु भएको छ।

बैंकको विभिन्न सञ्चालक स्तरका समितिहरुमा उहाँ देहाय बमोजिमको भूमिकामा संलग्न हुनु भएको छ :

| | |
|---|---|
| सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति | संयोजक |
| कर्मचारी सेवा सुविधा समिति | सदस्य |



**श्री गणेश मान श्रेष्ठ**
सदस्य, सर्वसाधारण सेयरधनी समूह

श्री गणेश मान श्रेष्ठज्यूले तीन दशकभन्दा बढी समय नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकमा विभिन्न वरिष्ठ पदमा रहि काम गर्नु भई बैंकिङ्ग क्षेत्रको विज्ञ हुनुहुन्छ । अर्थशास्त्रमा स्नातकोत्तर गर्नुभएको श्री गणेश मान श्रेष्ठज्यूसँग प्रुडेन्सियल ईन्स्योरेन्स् कम्पनी लिमिटेडको सञ्चालक समितिमा रहि कार्य गरेको अनुभव समेत रहेको छ।

बैंकको विभिन्न सञ्चालक स्तरका समितिहरुमा उहाँ देहाय बमोजिमको भूमिकामा संलग्न हुनु भएको छ :

| | |
|---|---|
| लेखापरीक्षण समिति | संयोजक |
| जोखिम व्यवस्थापन समिति | सदस्य |



**श्रीमती विजया स्वार**
सदस्य, स्वतन्त्र तथा महिला सञ्चालक

श्रीमती विजया स्वारज्यू यस बैंकको स्वतन्त्र तथा महिला संचालक हुनुहुन्छ । वँहासँग चार दशक भन्दा बढी कृषि विकास बैंकको विभिन्न पदमा कार्य गरेको अनुभव छ । साथै, श्रीमती विजया स्वारज्यूले विगतमा डिप्रोक्स लघुवित्त वित्तिय संस्था लि. मा संचालकको रुपमा, जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लि. को संचालकको रुपमा तथा फण्ड म्यानेजमेन्ट कम्पनी लि. को अध्यक्षको रुपमा कार्य गरिसक्नु भएको छ । यसैगरी, श्रीमती विजया स्वारज्यूले एशियन ईन्स्टिच्यूट अफ म्यानेजमेन्ट, मनिला, फिलिपिन्सबाट डेभलप्मेन्ट म्यानेजमेन्टमा स्नातकोत्तर गर्नुभएको छ ।

बैंकको विभिन्न सञ्चालक स्तरका समितिहरुमा उहाँ देहाय बमोजिमको भूमिकामा संलग्न हुनु भएको छ :

| | |
|---|---|
| जोखिम व्यवस्थापन समिति | संयोजक |
| सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति | सदस्य |



**श्री केशवप्रसाद लम्साल**
सदस्य, सर्वसाधारण सेयरधनी समूह

श्री केशवप्रसाद लम्सालज्यूसँग झन्डै तीन दशकभन्दा बढी समय राष्ट्रिय वाणिज्य बैंकमा काम गरेको अनुभव रहेको छ र वहाँ राष्ट्रिय वाणिज्य बैंकबाट नायब प्रमुख कार्यकारी अधिकृत पदबाट निवृत हुनु भएको हो । एम वि ए र अर्थशास्त्रमा स्नातकोत्तर गर्नुभएको श्री केशवप्रसाद लम्सालज्यूसँग युनाईटेड इन्स्योरेन्स् कम्पनी लिमिटेड, नेको इन्स्योरेन्स् कम्पनी लिमिटेड तथा आरबीबी मर्चेन्ट बैंकिङ्ग कम्पनी लिमिटेडको सञ्चालक समितिमा रहि कार्य गर्नुभएको अनुभव पनि रहेको छ ।

बैंकको विभिन्न सञ्चालक स्तरका समितिहरुमा उहाँ देहाय बमोजिमको भूमिकामा संलग्न हुनु भएको छ :

| | |
|---|---|
| कर्मचारी सेवा सुविधा समिति | संयोजक |
| जोखिम व्यवस्थापन समिति | सदस्य |

# वित्तीय झलकहरु

## कुल सम्पत्ति

*(रकम रु दश लाख)*




## कुल कर्जा

*(रकम रु दश लाख)*




## कुल निक्षेप

*(रकम रु दश लाख)*



## शेयरधनी कोष

*(रकम रु दश लाख)*




## कुल सञ्चालन आम्दानी

*(रकम रु दश लाख)*




## खुद नाफा

*(रकम रु दश लाख)*



**औसत सम्पत्तिमा प्रतिफल** *(प्रतिशत)*




**ईक्विटीमा प्रतिफल** *(प्रतिशत)*




**प्रति शेयर आम्दानी** *(रकम रु.)*



## मूल्य आम्दानी अनुपात

(अनुपात)




## बजार मूल्य प्रति शेयर

(रकम रु.)




## कुल पूँजी पर्याप्तता

(प्रतिशत)



## गैर वित्तीय झलकहरु

| | | |
|---|---|---|
| शाखा ३५९ | ए टि एम ४७३ | कर्मचारी ४,३८५ |
| बचत खाता ३०,९०,६६७ | डेबिट कार्ड १५,१६,०२१ | क्रेडिट कार्ड १७,६४६ |
| ईन्टरनेट बैंकिङ्ग सेवाग्राही १,४५,६०९ | मोबाइल बैंकिङ्ग सेवाग्राही १९,७२,६३५ | डिम्याट खाता (क्यापिटल) ५,९९,९०९ |



# एन आई सी एशिया बैंक लिमिटेडको पच्चीसौं बार्षिक साधारण सभामा अध्यक्ष श्री तुलसीराम अग्रवालज्यूको मन्तब्य

यस एन आई सी एशिया बैंकको २५ औं वार्षिक साधारण सभामा उपस्थित भई सभाको गरिमा बढाइदिनु भएकोमा आदरणीय शेयरधनी महानुभावहरु, नियमनकारी निकायका प्रतिनिधिज्यूहरु, संचालकज्यूहरु, बैंकका वाह्‍य लेखापरीक्षकज्यू, कानुनी सल्लाहकारज्यू, बैंकमा कार्यरत कर्मचारीहरु तथा उपस्थित समस्त बैंक परिवारलाई सधन्यवाद म यस गरिमामय सभामा हार्दिक स्वागत गर्दछु ।

अत्याधुनिक प्रविधिको साथ उत्कृष्ट बैंकिङ्ग सेवा प्रदान गरी बैंकिङ्ग क्षेत्रमा विशिष्ट पहिचान निर्माण गर्ने उच्चतम लक्ष्य हासिल गर्न हामी सदैव क्रियाशिल रहेका छौं । समस्त बैंक परिवार, सरोकारवाला र हाम्रा आदरणिय शेयरधनी महानुभावहरु समक्ष बैंकको गत वर्षका समग्र उपलब्धिहरुको समीक्षा प्रस्तुत गर्न पाउँदा मैले निकै गौरवान्वित महसुस गरेको छु ।

- **व्यवसायिक उपलब्धि**

  गत वर्ष (आ.व. २०७८/७९) मा कुल कर्जा रकम रु. २६८.२३ अर्ब, कुल निक्षेप रकम रु. २९४.९८ अर्ब, लगानी रु. ५७.५५ अर्ब र कुल सम्पत्तिको आकार रु. ३५८.५७ अर्ब पुऱ्याउन बैंक सफल भएको छ । त्यसैगरी, गत आर्थिक वर्षमा बैंक कुल संचालन आम्दानी रु. १३.८१ अर्ब, संचालन मुनाफा रु. ५.९७ अर्ब र खुद मुनाफा रु. ४.२१ अर्ब आर्जन गर्न सफल भएको छ । समग्रमा गत वर्ष हामी बैंकिङ्ग Industry मा देशकै सर्वोत्कृष्ट बैंकहरुको सूचिमा कायम रहन सफल भएका छौं भन्ने तथ्य म यहाँहरुलाई अवगत गराउन पाउँदा अत्यन्त गौरवान्वित भएको छु ।

  अब म समीक्षा अवधि, आर्थिक वर्ष २०७८/२०७९ असार मसान्तमा बैंकले हासिल गरेका प्रमुख उपलब्धिहरु यहाँहरु समक्ष देहाय बमोजिम राख्न चाहन्छु :

  - कुल कर्जा रु. २६८.२३ अर्ब पुऱ्याई बैंक तेस्रो स्थानमा रहेको र समग्र वाणिज्य बैंकहरुको औसत कर्जा रु.१५६.५६ अर्ब को तुलनामा बैंकको कुल कर्जा ७१ प्रतिशतले बढी रहेको ।
  - कुल निक्षेप रु. २९४.९८ अर्ब पुऱ्याई बैंक दोस्रो स्थानमा रहेको र समग्र वाणिज्य बैंकहरुको औसत कुल निक्षेप रु.१७० अर्ब को तुलनामा बैंकको कुल निक्षेप ७४ प्रतिशतले बढी रहेको ।
  - स्वदेशी मुद्रा तर्फको व्याज नपर्ने निक्षेप रु. ३८.७३ अर्ब पुऱ्याई बैंक तेस्रो स्थानमा रहेको र समग्र वाणिज्य बैंकहरुको औसत स्वदेशी मुद्रा तर्फको व्याज नपर्ने निक्षेप रु.१७.६ अर्बको तुलनामा बैंकको व्याज नपर्ने निक्षेप १२० प्रतिशतले बढी रहेको ।
  - स्वदेशी मुद्रा तर्फको बचत निक्षेप रु. ७८.६५ अर्ब पुऱ्याई बैंक चौंथो स्थानमा रहेको र समग्र वाणिज्य बैंकहरुको औसत बचत निक्षेप रु. ४६.८१ अर्बको तुलनामा बैंकको बचत निक्षेप ६८ प्रतिशतले बढी रहेको ।
  - स्वदेशी मुद्रा तर्फको CASA निक्षेप रु. ११७.३९ अर्ब पुऱ्याई बैंक तेस्रो स्थानमा रहेको समग्र वाणिज्य बैंकहरुको औसत CASA निक्षेप रु. ६४.४१ अर्बको तुलनामा बैंकको CASA निक्षेप ८२ प्रतिशतले बढी रहेको ।
  - स्वदेशी मुद्रा तर्फको मुद्दती निक्षेप रु. १६२.३६ अर्ब पुऱ्याई बैंक दोस्रो स्थानमा रहेको र समग्र वाणिज्य बैंकहरुको औसत मुद्दती निक्षेप रु. ८९.६३ अर्बको तुलनामा बैंकको मुद्दती निक्षेप ८१ प्रतिशतले बढी रहेको ।
  - कुल व्याज आम्दानी रु. ३२.७७ अर्ब पुऱ्याई बैंक पहिलो स्थानमा रहेको र समग्र वाणिज्य बैंकहरुको औसत व्याज आम्दानी रु. १६.४० अर्बको तुलनामा बैंकको व्याज आम्दानी १०० प्रतिशतले बढी रहेको ।
  - खुद व्याज आम्दानी रु. ११.२९ अर्ब पुऱ्याई बैंक पहिलो स्थानमा रहेको र समग्र वाणिज्य बैंकहरुको औसत खुद व्याज आम्दानी रु. ५.८७ अर्बको तुलनामा बैंकको खुद व्याज आम्दानी ९२ प्रतिशतले बढी रहेको ।
  - संचालन आम्दानी रु. १३.८१ अर्ब पुऱ्याई बैंक पहिलो स्थानमा रहेको र समग्र वाणिज्य बैंकहरुको औसत संचालन आम्दानी रु. ७.४४ अर्बको तुलनामा बैंकको सञ्चालन आम्दानी ८६ प्रतिशतले बढी रहेको ।

- संचालन मुनाफा रु. ५.९७ अर्ब पुऱ्याई बैंक पाँचौं स्थानमा रहेको र समग्र वाणिज्य बैंकहरुको औसत संचालन मुनाफा रु. ४.०३ अर्बको तुलनामा बैंकको सञ्चालन मुनाफा ४८ प्रतिशतले बढी रहेको ।
- खुद मुनाफा रु. ४.२१ अर्ब पुऱ्याई बैंक चौंथो स्थानमा रहेको र समग्र वाणिज्य बैंकहरुको औसत खुद मुनाफा रु. २.८२ अर्बको तुलनामा बैंकको खुद मुनाफा ४९ प्रतिशतले बढी रहेको ।
- प्रति शेयर आम्दानी रु. ३६.४५ पुऱ्याई बैंक पहिलो स्थानमा रहेको र औसत प्रति बैंक रु. २१.२७ भन्दा बैंकको प्रति शेयर आम्दानी ७१ प्रतिशतले बढी रहेको ।
- Return on Equity १८.४३ प्रतिशत सहित बैंक पहिलो स्थानमा रहेको र औसत प्रति बैंक १२.८६ प्रतिशत भन्दा बैंकको Return on Equity ४३ प्रतिशतले बढी रहेको ।

- **अठोट २२–२७ को तर्जुमा**

कुनै पनि काम योजनाबद्ध तवरले गर्दा उच्च सफलता हासिल गर्न सकिन्छ भन्नेमा बैंक पुर्ण विश्वास गर्दछ । सहि योजना र सो को कुशलतापूर्वक गरिने कार्यान्वयनले नै सफलताको शिखर चुम्न सकिन्छ भन्नेमा हामी विश्वास गर्दछौं । सोही अनुरुप बैंकले सन् २०१६ देखि सन् २०२० सम्मको लागि Strategy 2020 तर्जुमा गरेको थियो । उक्त Strategy 2020 ले लिएका अधिकांश व्यवसायिक लक्ष्यहरु Strategy 2020 सम्पन्न हुनुभन्दा दुई वर्ष अघि अर्थात् सन् २०१८ मा नै हामीले हासिल गर्न सफल भएका थियौं । तत्पश्चात् बैंकले आ.व. २०७५/७६ देखि आ.व. २०७८/७९ सम्मको लागि दोस्रो दीर्घकालिन रणनीति Vision 18-22 तर्जुमा गरेको र Vision 18-22 ले लिएको लक्ष्यहरुलाई पछ्याउँदै अघि बढ्दा यस बैंक देशकै सबैभन्दा ठूलो व्यवसायिक आकार भएको बैंक बन्न सफल भएको तथ्य समेत म यहाँहरु समक्ष सगौरव राख्न चाहन्छु । यी दुई अवधिका दीर्घकालीन लक्ष्यहरु हासिल गर्दाका अनुभवलाई समेत मध्यनजर गर्दै समीक्षा अवधिमा आ.व. २०७९/८० देखि आ.व. २०८३/८४ सम्मको अवधिको लागि विभिन्न व्यवसायिक विधाहरुमा अर्को सुनौलो र ऐतिहासिक उचाई हासिल गर्ने दृढ लक्ष्यका साथ आगामी ५ वर्षको व्यवसायिक योजना अठोट "२२-२७" तर्जुमा गरिएको तथ्य यहाँहरुलाई सहर्ष जानकारी गराउन चाहन्छु । *"अठोटको अगाडि हर लक्ष्य सम्भव छ"* भन्ने मुल नाराका साथ अठोट "२२-२७" तर्जुमा गरिएको र अठोट "२२-२७" ले लिएको लक्ष्य पछ्याउँदै जाँदा आगामी ५ आर्थिक वर्ष भित्रै हामी हरेक कोणबाट अझ ग्राहकमैत्री, सफल र उत्कृष्ट बैंक बन्न सफल हुनेछौं भन्ने हाम्रो पुर्ण विश्वास रहेको छ ।

- **रणनीतिक उपलब्धि**

बैंकको दीर्घकालिन व्यवसायिक सफलता प्राप्त गर्नको लागि आवश्यक आधारशीलाहरुको अभिवृद्धि गर्ने उद्धेश्यले बैंकले आ.व. २०७८/७९ लाई "Year of Image, Experience, Capacity and Digital Transformation" को रुपमा मनाउने निर्णय गरेका थियौं र व्यवसायिक कारोबारलाई प्रभावकारी तवरले व्यवस्थापन गर्दै अझ विस्तार गर्नको लागि बैंक रुपान्तरणका चार स्तम्भहरु Image, Experience, Capacity र Digital (I-E-C-D) Transformation Goals तय गरिएको यहाँहरुलाई सहर्ष जानकारी गराउन चाहन्छु ।

सिपवान् मानव संसाधन नै संस्थाका समृद्धिका आधारशिला हुन् भन्नेमा बैंक विश्वास गर्दछ । यसैलाई चरितार्थ गर्न समीक्षा अवधिमा बैंकलाई Performers' Paradise को रुपमा रुपान्तरण गर्नको लागि कर्मचारीहरुको Robust Capacity Building मा केन्द्रित भई कार्य गरेका थियौं । दक्ष कर्मचारीहरुको समूहले नै ग्राहकवर्गको बैंकिङ्ग सन्तुष्टि अभिवृद्धि गर्दछ भन्नेमा हामी विश्वस्त छौं । सोही अनुरुप गत बर्ष हामीले यस क्षेत्रमा उल्लेख्य काम गरेका छौं । साथै, Digital प्रविधीमा आधारित विश्वस्तरीय बैंकिङ्ग सेवा सुविधाहरु उपयोग गर्ने हाम्रा ग्राहकवर्गको चाहना रहेको तथ्यलाई हृदयङ्गम गरी Digital First Bank बन्ने दिशा तर्फ हामीले ठोस रुपमा आफ्नो श्रोत र साधनलाई अभुतपुर्व दृष्टान्तका साथ परिचालित गरेका छौं । फलस्वरुप आ.व. २०७८/७९ मा ७.५ लाख ग्राहकहरु Onboard गरी कुल ग्राहक संख्या ३४.५४ लाख पुऱ्याउन हामी सफल भएका छौं जुन देशका अन्य वाणिज्य बैंकहरुको तुलनामा सबैभन्दा बढी रहेको अनुमान गरिएको छ ।

बर्तमान बैंकिङ्ग प्रतिस्पर्धामा यस बैंकलाई Trend Setter को रुपमा स्थापित गर्नको लागि Digital Business र Operation लाई सबलिकरण र प्रबर्द्धन गर्न तथा बैंकले प्रदान गर्ने सेवाको गुणस्तरमा वृद्धि गर्ने उपायहरु पहिचान गर्नको लागि बैंकले गत आ.व. मा Lifestyle Universe, Digital Transformation Universe, Information Technology Universe / Information Security Universe गरी चारवटा Universe को स्थापना गरेको तथ्य यहाँहरुलाई सहर्ष जानकारी गराउन चाहन्छु ।

- **प्रविधिको प्रयोग**

अबको बैंकिङ्ग भनेको Technology मा आधारित भई गरिने बैंकिङ्ग हो र अत्याधुनिक प्रविधिको उपयोगले Production व्यापक रुपमा बढ्ने, Cost of Operation घटेर जाने र

बैंकले Long Term मा आफ्नो कर्जा ग्राहकहरुलाई कम व्याजदरमा कर्जा सुविधा उपलब्ध गराउन सक्ने क्षमता विकास हुँदै बैंकको दीर्घकालीन प्रतिस्पर्धात्मक क्षमतामा समेत अभिवृद्धि हुन्छ । साथै, बैंकिङ्ग सेवाको सहजता, सरलता र गतिलाई आधुनिक प्रविधीको उपयोगले नै उच्चतम स्तरमा पुऱ्याउन सकिन्छ भन्नेमा हामी स्पष्ट छौं । सोहि अनुरुप Digital First Bank बन्ने हाम्रो उच्च अभिलाषा हासिल गर्नको लागि समीक्षा अवधिमा हामीले बैंकको संरचनालाई समेत व्यापक रुपमा नै परिमार्जन गरेका थियौं । बर्तमान बैंकिङ्ग सेवामा Disruptive Innovation गर्नको लागि अत्याधुनिक प्रविधिमा लगानी गर्न हामीले कुनै कसर बाँकी नराखेको यहाँहरुलाई सहर्ष जानकारी गराउन चाहन्छु । समीक्षा अवधिमा बैंकले प्रदान गर्ने वित्तीय सेवाहरुमा Latest Technology Equipments, Artificial Intelligence, Machine Learning र Big Data Analytics को बढी भन्दा बढी प्रयोग गरी बैंकिङ्ग सेवालाई अझ गुणस्तरीय बनाउन हामीले अथक प्रयास र अध्ययनहरु गरेका छौं । साथै, समीक्षा अवधिमा बैंकले Digital First Bank बन्ने उद्धेश्य हासिल गर्नको लागि अन्य संस्थाहरुसँग Strategic Digital Partnership, Collaboration, Alliance, Integration जस्ता कार्यहरु समेत युद्धस्तरमा अगाडि बढाएको तथ्य यहाँहरुलाई सहर्ष जानकारी गराउन चाहन्छु ।

बैंकले गत आ.व. मा Omni Channel Mobile, Document Management System, Cash Deposit Machine, Cash Recycler Machine, Robotic Process Automation, Digital CSD, Sathi Application, Quick Pay, Online Account Opening, IPO Application through MoBank लगायतका ग्राहक अनुभव अभिवृद्धि गर्ने Project हरु कार्यान्वयन गर्न बैंक सफल भएको छ । यस कार्यबाट बैंकले ग्राहकवर्गलाई प्रदान गर्ने सेवाको गुणस्तर थप बढाउन तथा बैंकको आन्तरिक संचालनलाई चुस्त दुरुस्त बनाउन सहयोग पुग्नेछ ।

त्यसैगरी, शाखाहरुमा Cash Deposit Machine, Cash Recycler Machine, KIOSK Machine जस्ता उपकरणहरुको व्यवस्था गर्न शुरु गरिएको छ, जसबाट ग्राहकवर्गहरुले Self Help Banking Platform को उपयोग गर्न सक्नेछन् । आ.व. २०७५/७६ मा बैंकको कुल ५२ प्रतिशत कारोबार Digital माध्यमबाट हुने गरेकोमा आ.व. २०७८/७९ सम्म आईपुग्दा बैंकको कुल ८० प्रतिशत कारोबार Digital माध्यमबाट हुने गरेको छ जुन समग्र बैंकिङ्ग Industry को सबैभन्दा बढी रहेको तथ्य समेत यहाँहरु समक्ष सगौरव राख्न चाहन्छु ।

- समीक्षा अवधिमा हामी ५,४६,१२७ नयाँ Mobile Banking ग्राहकहरु हासिल गरी कुल Mobile Banking ग्राहक संख्या १९,७२,६३५ पुऱ्याउन सफल भएका छौं । Mobile Banking मा समग्र Industry मा हाम्रो बजार हिस्सा १२.२६ प्रतिशत रहेको छ । समीक्षा अवधिमा बैंकको Mobile Banking ग्राहकहरुको संख्यामा गत वर्षको तुलनामा ३८ प्रतिशतले वृद्धि भएको छ ।
- समीक्षा अवधिमा हामी ३,८६,२७९ नयाँ Debit Card ग्राहकहरु हासिल गरी कुल Debit Card ग्राहक संख्या १५,१६,०२१ पुऱ्याउन सफल भएका छौं । Debit Card मा समग्र Industry मा हाम्रो बजार हिस्सा १४.७६ प्रतिशत रहेको छ । समीक्षा अवधिमा बैंकको Debit Card को संख्यामा गत वर्षको तुलनामा ३४ प्रतिशतले वृद्धि भएको छ ।
- समीक्षा अवधिमा हामी कुल Point of Sale ग्राहक संख्या ४,०९५ पुऱ्याउन सफल भएका छौं । Point of Sale मा समग्र Industry मा हाम्रो बजार हिस्सा १० प्रतिशत रहेको अनुमान गरिएको छ ।
- समीक्षा अवधिमा हामी ७३,१८० नयाँ QR ग्राहकहरु हासिल गरी कुल QR ग्राहक संख्या १,२५,०२० पुऱ्याउन सफल भएका छौं । QR मा समग्र Industry मा हाम्रो बजार हिस्सा अनुमानित १६ प्रतिशत रहेको छ । समीक्षा अवधिमा बैंकको QR को संख्यामा गत वर्षको तुलनामा १४१ प्रतिशतले वृद्धि भएको छ ।
- समीक्षा अवधिमा हामी १७,६४९ नयाँ E-Commerce ग्राहकहरु थप गरी कुल E-Commerce ग्राहक संख्या ९७,३८५ पुऱ्याउन सफल भएका छौं । E-Commerce मा समग्र Industry मा हाम्रो बजार हिस्सा अनुमानित ९ प्रतिशत रहेको छ । समीक्षा अवधिमा बैंकको E-Commerce को संख्यामा गत वर्षको तुलनामा २४ प्रतिशतले वृद्धि भएको छ ।

- **नयाँ Product र सेवाहरु**

ग्राहकको आवश्यकताले नै बैंकको सेवा र Product बन्ने हुन् भन्नेमा यस बैंकले विश्वास गर्दछ, सोही अनुरुप ग्राहकवर्गको सोही रुचिलाई न्युनतम मापदण्ड मान्दै बैंकले गत आ.व. मा २४ वटा विशेष प्रकारका बैंकिङ्ग सेवा तथा सुविधाहरु सहितको सर्वश्रेष्ठ Deposit Product हरु Launch गरेको यहाँहरुलाई जानकारी गराउन चाहन्छु । यस Product Series मा हरेक पेशा, व्यवसाय, उमेर र क्षेत्रका नागरिकहरुलाई बीमा सुविधाका साथै नि:शुल्क अन्य विविध प्रकारका बैंकिङ्ग सुविधाहरु समेत उपलब्ध गराइएको छ । उक्त Product Launch गरेको १३ महिना अवधिमा उक्त Product हरुमा रु. ७१.६८ अर्ब निक्षेप संकलन गर्न बैंक

सफल भएको छ, जुन कुल निक्षेपको करिब २४ प्रतिशत अंश रहेको यहाँहरुलाई सहर्ष जानकारी गराउन चाहन्छु । समीक्षा अवधिमा समेत बैंकले बजारको आवश्यकतालाई बुझी आफ्नो निक्षेप तथा कर्जा Product हरुलाई परिमार्जन गर्दै आएको छ, Mobile Banking, iServe जस्ता Digital माध्यमहरुबाट प्रवाह हुने सेवाहरु विस्तार गरिरहेको तथ्य यहाँहरुलाई जानकारी गराउन चाहन्छु ।

- **संस्थागत सामाजिक उत्तरदायित्व**

सामाजिक प्रगति, सामाजिक समृद्धि नै व्यवसायिक प्रगति र व्यवसायिक समृद्धिका आधारशिला हुन् भन्नेमा हामी स्पष्ट छौं । देशका विपन्न, गरीब, वृद्ध, अनाथ र पिछडीएका समुदायहरुको लागि शिक्षा, स्वास्थ्य र जिविकोपार्जन गर्ने आधारहरु निर्माण र संरक्षण, वातावरण संरक्षण, सरसफाई, धार्मिक क्षेत्रको संवर्द्धन गर्ने कार्यहरु हामीले विगतका वर्षहरु देखि नै संचालन गर्दै आइरहेको व्यहोरा यहाँहरुलाई विदितै छ । यसको अलावा, नेपाल सरकारले देशका सम्पूर्ण जनसमुदायमा वित्तीय पहुँच पुऱ्याउने उच्च महत्वको लक्ष्य लिएको सन्दर्भमा बैंकले विकट, ग्रामीण र अर्ध शहरी क्षेत्रहरुमा शाखा सञ्जाल विस्तार गरेर नेपाल सरकारले वित्तीय पहुँच बढाउन लिएको लक्ष्य हासिल गर्न ठोस टेवा पुऱ्याएको छ । वाणिज्य बैंकहरु मध्ये सबै भन्दा बढी शाखा सञ्जाल र ग्राहक संख्या यस बैंकको रहेको छ । कुल ३५९ शाखा, १०१ Extension Counter र ४७३ ATM सहित देशका ७७ जिल्लाहरु मध्ये ७३ जिल्लाहरुमा बैंकको Footprint रहेको र देशका ३४ दुर्गम स्थानीय तहहरुमा अन्य बैंकहरुको पहुँच नरहेको स्थानहरुमा समेत यस बैंकले शाखा स्थापना गरी जनसमुदायलाई बैंकिङ्ग सेवा प्रदान गरिरहेको तथ्य यहाँहरु समक्ष सहर्ष राख्न चाहन्छु ।

त्यसैगरी २०७९ असार मसान्तमा बैंकले आफ्नो कुल कर्जाको ८.५ प्रतिशत ग्रामीण (गाँउ पालिका) क्षेत्रमा विस्तार गरेको छ, जुन वाणिज्य बैंकहरु मध्ये सबै भन्दा बढी रहेको अनुमान गरिएको छ । बैंकको अधिकांश निक्षेप र कर्जा ग्राहकहरु न्युन तथा मध्यम आय भएका वर्ग रहेका छन् । साथै, समीक्षा अवधिमा हामीले प्रत्यक्ष कर र अप्रत्यक्ष कर सहित कुल रु. ३ अर्ब ४१ करोड रुपैयाँ भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरी जिम्मेवार करदाताको कर्तव्य बहन गरेको र यो रकम वाणिज्य बैंकहरुमध्ये सबैभन्दा बढी रहेको तथ्य यहाँहरु समक्ष गौरवका साथ प्रस्तुत गर्न चाहन्छु ।

- **मानव संशाधन व्यवस्थापन**

सक्षम र सिपवान् मानव संशाधनले नै संस्थाको समृद्धि गराउने हो भन्नेमा हामी स्पष्ट छौं । तसर्थ, कुनै पनि कर्मचारीले उत्कृष्ट सेवा दिनको लागि उसलाई सक्षम बनाउन र आवश्यक पर्ने सिप दिलाउने पहिलो कर्तव्य बैंकको हो भन्ने कुरालाई हामीले राम्ररी मनन गरेका छौं । त्यसैले अन्य आर्थिक वर्षहरुमा जस्तै गत आर्थिक वर्षमा समेत बैंकले आफ्ना सबै तहका कर्मचारीहरुको वृत्ति विकास र तालिमको लागि यथेष्ट लगानी गर्ने प्रवन्ध मिलाएको यहाँहरुलाई जानकारी गराउन चाहन्छु । सोही अनुरुप समीक्षा अवधिमा बैंकले आफ्ना कर्मचारीहरुलाई कुल १,१३६ वटा आन्तरिक तालिम, २४० वटा बाह्य तालिम र एउटा अन्तर्राष्ट्रिय तालिममा सहभागी गराएको थियो, जसमा कुल सहभागी संख्या ५३,५३६ रहेको थियो । हामीले हरेक तह, विभाग र प्रदेशका कर्मचारीहरुलाई वृत्ति विकासको लागि समुचित अवसरहरु प्रदान गर्ने गरेका छौं । साथै, समीक्षा अवधिमा हामीले Quality Circle को निर्माण गरी Business Function, Support Function र Control Function मा रहेका Issue हरुलाई वैज्ञानिक रुपमा समाधान गर्ने अभ्यास समेत गरेका छौं । यस बाहेक पनि बैंकको प्रमुख कार्यकारी अधिकृत र उच्च व्यवस्थापनका पदाधिकारीहरुले समय समयमा देशका हरेक प्रदेशमा रहेका प्रादेशिक कार्यालय तथा शाखा कार्यालयहरुको भ्रमण गरी कर्मचारीहरुलाई प्रोत्साहन गर्ने, बैंकको Vision, Mission, NIC ASIAN DNA, बैंकका विभिन्न Ethos आदिप्रति उन्मुख गराउने र व्यवसायिक स्थितिको समीक्षा लिने कार्यहरु समेत गर्ने गरिएको तथ्य यहाँहरुलाई अवगत गराउन चाहन्छु ।

- **लाभांश वितरण**

समग्रतामा बैंकको आम्दानी, खुद मुनाफा, वितरणयोग्य मुनाफा, प्रति शेयर आम्दानी र Return on Equity लगायतका परिसूचकहरु उत्कृष्ट हुँदा हुँदै पनि बैंकको नियन्त्रण बाहिरको कारणले गर्दा यस साधारण सभा समक्ष लाभांश वितरणको प्रस्ताव पेश गरिएको छैन । तथापि, देशकै सबैभन्दा बढी प्रति शेयर आम्दानी र Return on Equity भएको बैंक भएको हुनाले वितरण नगरी Reserve मा राखिएको रकमबाट बैंकले आगामी दिनमा अझ धेरै आम्दानी गर्ने र सो बाट आगामी वर्षहरुमा आदरणीय शेयरधनी महानुभावहरुको अपेक्षा अनुरुप नै लाभांश वितरण गर्ने तर्फ बैंकले कुनै कमी कसर नराखी अघि बढ्ने प्रण समेत यस गरिमामय सभा समक्ष गर्न चाहन्छु ।

- **धन्यवाद ज्ञापन**

यस एन आई सी एशिया बैंकलाई नेपालको बैंकिङ्ग क्षेत्रमा अग्रणी बैंकको रुपमा स्थापित गराउन अहोरात्र आफ्नो अतुलनीय योगदान दिनुभएका बैंकका प्रमुख सल्लाहकारज्यू, मेरा सञ्चालक साथीहरु, बैंकको प्रमुख कार्यकारी अधिकृत, DNA Oversight Committee, उच्च व्यवस्थापनका अन्य पदाधिकारीहरु लगायत विभिन्न तह र तप्काका बैंकका सम्पुर्ण कर्मचारीहरुको योगदानको उच्च प्रशंसा गर्दै वहाँहरुलाई हृदयदेखि नै हार्दिक धन्यवाद दिंदै बैंकको यो प्रगतिमा वहाँहरुको योगदानको उच्च सम्मानका साथ बैंकको यस अभुतपूर्व सफलताको श्रेय वहाँहरुमा समर्पण गर्न चाहन्छु ।

साथै, बैंकलाई यस अवस्थामा ल्याउन उल्लेख्य योगदान दिनुहुने नियामक निकायहरु, शेयरधनी महानुभावहरु, ग्राहकवर्गहरु र विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु प्रति हार्दिक आभार प्रकट गर्दै सवै सरोकारवालाहरुबाट भविष्यमा पनि निरन्तर सहयोग प्राप्त हुने अभिलाषाका साथ यहाँहरुलाई हृदय देखि नै हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद ।

**श्री तुलसीराम अग्रवाल**
**अध्यक्ष**
**मिति** : २०७९/०९/०६
**स्थान : काठमाडौं ।**


सहज
उत्तरदायी
सबल
विश्वसनीय
गतिशील
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

# एन आई सी एशिया बैंक लिमिटेडको पच्चीसौं वार्षिक साधारण सभामा प्रमुख कार्यकारी अधिकृत श्री रोशन कुमार न्यौपानेको मन्तब्य

समीक्षा अवधि (गत आर्थिक बर्ष) मा नेपालको अर्थतन्त्रले यसअघि विरलै देखा परेका अनेकन आरोह अवरोह र चुनौतीको सामना गर्नुपर्‍यो । गत आर्थिक वर्षमा आयातमा भएको उल्लेख्य वृद्धिका कारण चालु खाता रु. ६२३ अर्ब ३२ करोडले एवम् शोधनान्तर रु. २५५ अर्ब २५ करोडले घाटा रहन गएको छ । बढ्दो चालु खाता घाटाले अर्थतन्त्रमा आन्तरिक उत्पादनभन्दा माग उच्च रहनुको साथै वित्तीय स्रोत र मागबीचको अन्तर पनि बढ्दै गएको स्थिति छ ।

आर्थिक वर्ष २०७८/७९ मा कुल वस्तु निर्यात ४७.१ प्रतिशतले वृद्धि भई रु. २११ अर्ब ४६ करोड पुगेको छ भने कुल वस्तु आयात २५ प्रतिशतले वृद्धि भई रु. १,८७३ अर्ब ४४ करोड पुगेको छ । फलस्वरुप, कुल वस्तु व्यापार घाटा २३.० प्रतिशतले वृद्धि भई रु. १,६६१ अर्ब ९७ करोड पुगेको छ ।

समीक्षा अवधिमा बैंकको निक्षेप रु. २९४.९८ अर्ब पुगेको छ भने कर्जा रु. २६८.२४ अर्ब पुगेको छ । त्यस्तै बैंकको वासलातको आकार रु. ३५८.५७ अर्ब पुगेको छ र कुल लगानी रु. ५७.५५ अर्ब पुगेको छ । त्यसैगरी समीक्षा अवधिमा कुल संचालन आम्दानी रु. १३.८२ अर्ब, संचालन मुनाफा रु. ५.९७ अर्ब र खुद मुनाफा रु. ४.२१ अर्ब आर्जन गर्न बैंक सफल भएको छ । त्यसैगरी, कुल निष्कृय कर्जा अनुपात ०.५३ प्रतिशतमा सिमित राख्न बैंक सफल भएको छ, जुन नेपालको बैंकिङ्ग Industry कै उत्कृष्ट मध्येको हो । देशका करीब ३३ लाख ग्राहकहरुलाई देशभर रहेका ३५९ वटा शाखा, १०१ वटा एक्सटेन्सन काउन्टर र ४७३ वटा एटिएम सहित यस बैंकले अत्याधुनिक, ग्राहकमैत्री र गुणस्तरीय बैंकिङ्ग सेवाहरु उपलब्ध गराईरहेको छ ।

बैंकले विगत ५ आर्थिक वर्षहरुमा हासिल गरेको प्रमुख व्यवसायिक उपलब्धिहरुको सारांश म यहाँहरुलाई जानकारी गराउन चाहन्छु :

- बैंकको कुल निक्षेप आर्थिक वर्ष ०७३/०७४ को अन्त्यमा कायम रहेको रु. ८६ अर्ब ६९ करोड बाट वृद्धि भई आर्थिक वर्ष ०७८/०७९ सम्म आइपुग्दा रु. २९४ अर्ब ९७ करोड पुगी बैंक साविक नवौं स्थानबाट दोस्रो स्थानमा पुग्न सफल भएको छ । आर्थिक वर्ष ०७३/०७४ को तुलनामा बैंकको कुल निक्षेप २४० प्रतिशतले बढेको छ, जुन समग्र वाणिज्य बैंकहरुको ११७ प्रतिशत वृद्धिको तुलनामा १२३ प्रतिशत विन्दुले बढी वृद्धि हो ।
- बैंकको कुल कर्जा आर्थिक वर्ष ०७३/०७४ को अन्त्यमा कायम रहेको रु. ७२ अर्ब ३ करोड बाट वृद्धि भइ आर्थिक वर्ष ०७८/०७९ सम्म आइपुग्दा रु. २६८ अर्ब २३ करोड पुगी बैंक साविक नवौं स्थानबाट तेस्रो स्थानमा पुग्न सफल भएको छ । आर्थिक वर्ष ०७३/०७४ को तुलनामा बैंकको कुल कर्जा २७२ प्रतिशतले बढेको छ, जुन समग्र वाणिज्य बैंकहरुको १४३ प्रतिशत वृद्धिको तुलनामा १२९ प्रतिशत विन्दुले बढी वृद्धि हो ।
- बैंकको बचत निक्षेप तर्फ आर्थिक वर्ष ०७३/०७४ को अन्त्यमा कायम रहेको रु. २४ अर्ब ७८ करोड बाट वृद्धि भई आर्थिक वर्ष ०७८/०७९ सम्म आइपुग्दा रु. ७८ अर्ब ६५ करोड पुगी बैंक साविक एघारौं स्थानबाट चौथो स्थानमा पुग्न सफल भएको छ । आर्थिक वर्ष ०७३/०७४ को तुलनामा बैंकको बचत निक्षेप २१७ प्रतिशतले बढेको छ, जुन समग्र वाणिज्य बैंकहरुको ८१ प्रतिशत वृद्धिको तुलनामा १३६ प्रतिशत विन्दुले बढी वृद्धि हो ।
- बैंकको ब्याज नपर्ने निक्षेप तर्फ आर्थिक वर्ष ०७३/०७४ को अन्त्यमा कायम रहेको रु. ३ अर्ब ४८ करोड बाट वृद्धि भई आर्थिक वर्ष ०७८/०७९ सम्म आइपुग्दा रु. ३८ अर्ब ७३ करोड पुगी बैंक साविक अठारौं स्थानबाट तेस्रो स्थानमा पुग्न सफल भएको छ । आर्थिक वर्ष ०७३/०७४ को तुलनामा बैंकको ब्याज नपर्ने निक्षेप १०१२ प्रतिशतले बढी रहेको छ, जुन समग्र वाणिज्य बैंकहरुको १३१ प्रतिशत वृद्धिको तुलनामा ८८२ प्रतिशत विन्दुले बढी वृद्धि हो ।
- बैंकको कासा निक्षेप तर्फ आर्थिक वर्ष ०७३/०७४ को अन्त्यमा कायम रहेको रु. २८ अर्ब २६ करोड बाट वृद्धि भई आर्थिक वर्ष ०७८/०७९ सम्म आइपुग्दा रु. ११७ अर्ब ३९ करोड पुगी बैंक साविक बाह्रौं स्थानबाट तेस्रो स्थानमा पुग्न सफल भएको छ । आर्थिक वर्ष ०७३/०७४ को तुलनामा बैंकको CASA निक्षेप ३१५ प्रतिशतले बढी रहेको छ । जुन समग्र वाणिज्य बैंकहरुको ९२ प्रतिशत वृद्धिको तुलनामा २२३ प्रतिशत विन्दुले बढी वृद्धि हो ।

- बैंकको वासालातको आकार तर्फ आर्थिक वर्ष ०७३/०७४ को अन्त्यमा कायम रहेको रु. १०१ अर्ब १९ करोडबाट वृद्धि भई आर्थिक वर्ष ०७८/०७९ सम्म आइपुग्दा रु. ३५८ अर्ब ५७ करोड पुगी बैंक साविक दशौं स्थानबाट दोस्रो स्थानमा पुग्न सफल भएको छ। आर्थिक वर्ष ०७३/०७४ को तुलनामा बैंकको वासलातको आकार २५४ प्रतिशतले बढी रहेको छ। जुन समग्र वाणिज्य बैंकहरुको ११८ प्रतिशत वृद्धिको तुलनामा १३६ प्रतिशत विन्दुले बढी वृद्धि हो।
- बैंकको खुद मुनाफा तर्फ आर्थिक वर्ष ०७३/०७४ मा रु. १ अर्ब ४७ करोड आर्जन गरेको मुनाफा आर्थिक वर्ष ०७८/०७९ सम्म आइपुग्दा रु. ४ अर्ब २१ करोड पुगी बैंक साविक तेह्रौं स्थानबाट चौंथो स्थानमा पुग्न सफल भएको छ। आर्थिक वर्ष ०७३/०७४ को तुलनामा बैंकको खुद मुनाफा १८७ प्रतिशतले बढी हो। जुन समग्र वाणिज्य बैंकहरुको ६५ प्रतिशत वृद्धिको तुलनामा १२२ प्रतिशत विन्दुले बढी वृद्धि हो।
- बैंकको प्रति शेयर आम्दानी तर्फ आर्थिक वर्ष ०७३/०७४ को अन्त्यमा कायम रहेको रु. २१.९६ रुपैंयाबाट वृद्धि भई आर्थिक वर्ष ०७८/०७९ सम्म आइपुग्दा रु. ३६.४५ रुपैया पुगी बैंक साविक सत्रौं स्थानबाट पहिलो स्थानमा पुग्न सफल भएको छ। आर्थिक वर्ष ०७३/०७४ को तुलनामा बैंकको प्रतिशेयर आम्दानी ६६ प्रतिशतले बढी हो। जुन समग्र वाणिज्य बैंकहरुको १६ प्रतिशतले न्यून वृद्धिको तुलनामा ८२ प्रतिशत विन्दुले बढी वृद्धि हो।
- बैंकको स्वः पूँजीमा प्रतिफल तर्फ आर्थिक वर्ष ०७८/०७९ मा १८.४३ प्रतिशत पुगी बैंक पन्ध्रौं स्थानबाट पहिलो स्थानमा पुग्न सफल भएको छ। जुन समग्र वाणिज्य बैंकहरुको औसत १२.८६ प्रतिशतको तुलनामा ४३ प्रतिशतले बढी हो।
- बैंकको ग्राहक संख्या तर्फ आर्थिक वर्ष ०७३/०७४ को अन्त्यमा कायम रहेको करिब ५ लाख ७१ हजार बाट वृद्धि भई आर्थिक वर्ष ०७८/०७९ सम्म आइपुग्दा ३४ लाख ५४ हजार पुग्न सफल भएको छ। आर्थिक वर्ष ०७३/०७४ को तुलनामा बैंकको ग्राहक संख्या ५०५ प्रतिशतले बढी हो जुन समग्र वाणिज्य बैंकहरुको १४१ प्रतिशत वृद्धिको तुलनामा ३६४ प्रतिशत विन्दुले बढी वृद्धि हो।
- बैंकको डेबिट कार्ड प्रयोगकर्ताको संख्या तर्फ आर्थिक वर्ष ०७३/०७४ को अन्त्यमा कायम रहेको करिब १ लाख ६० हजार बाट वृद्धि भई आर्थिक वर्ष ०७८/०७९ सम्म आइपुग्दा १५ लाख १६ हजार पुग्न सफल भएको छ। आर्थिक वर्ष ०७३/०७४ को तुलनामा बैंकको डेबिट कार्ड प्रयोगकर्ताको संख्यामा ८४८ प्रतिशतले बढी हो। जुन समग्र वाणिज्य बैंकहरुको ११९ प्रतिशत वृद्धिको तुलनामा ७२९ प्रतिशत विन्दुले बढी वृद्धि हो।
- बैंकको मोबाइल बैंकिङ्ग प्रयोगकर्ताको संख्या तर्फ आर्थिक वर्ष ०७३/०७४ को अन्त्यमा कायम रहेको करिब १ लाख २१ हजार बाट वृद्धि भई आर्थिक वर्ष ०७८/०७९ सम्म आइपुग्दा १९ लाख ७२ हजार पुग्न सफल भएको छ। आर्थिक वर्ष ०७३/०७४ को तुलनामा बैंकको मोबाइल बैंकिङ्ग प्रयोगकर्ताको संख्या १,५३० प्रतिशतले बढेको छ। जुन समग्र वाणिज्य बैंकहरुको ५६० प्रतिशत वृद्धिको तुलनामा ९७० प्रतिशत विन्दुले बढी वृद्धि हो।

त्यस्तै गरी बैंकको विगत ५ आर्थिक वर्षको Total Capital Adequacy Ratio, Tier 1 and Tier 2 Capital Adequacy Ratio मा समेत ऐतिहासिक नतिजा हासिल गर्न बैंक सफल भएको छ।

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| Tier 1 Ratio (%) | ८.६६ | ८.२४ | ८.३५ | ७.३६ | ८.८० |
| Tier 2 Ratio (%) | ३.५८ | ५.०८ | ५.१५ | ५.११ | ४.५७ |
| Total CAR (%) | १२.२४ | १३.३२ | १३.५० | १२.४७ | १३.३८ |

बैंकले विगत ५ आर्थिक वर्षमा व्यवसायिक नतिजाको साथसाथै आफ्नो प्राथमिक पुँजीकोष अनुपातलाई पनि बलियो बनाउँदै लगेको छ। विगत ५ आर्थिक वर्ष मध्ये समीक्षा वर्षमा बैंकको प्राथमिक पूँजीकोष अनुपात ८.८० प्रतिशत पुगेको छ जुन नियामक निकाय श्री नेपाल राष्ट्र बैंकले तोकेको न्यूनतम ८.५० प्रतिशतको तुलनामा ०.३० प्रतिशत विन्दुले बढी हो र बैंकको विगत ५ वर्ष यताकै सबैभन्दा बढी हो।

त्यस्तै गरी बैंकले समीक्षा वर्षमा प्रति शेयर आम्दानी रु. ३६.४५ आर्जन गरी समग्र वाणिज्य बैंकहरुमध्ये पहिलो वाणिज्य बैंक बन्न सफल भएको छ, जुन समग्र वाणिज्य बैंकहरुको औसत रु. २१.२७ को तुलनामा ७१ प्रतिशतले बढी हो । त्यस्तै गरी स्वःपूँजीमा प्रतिफल तर्फ समीक्षा वर्षमा बैंकले १८.४३ प्रतिशत आर्जन गरी समग्र वाणिज्य बैंकहरु मध्ये पहिलो बैंक बन्न सफल भएको छ । जुन समग्र वाणिज्य बैंकहरुको औसत १२.८६ प्रतिशतको तुलनामा ४३ प्रतिशतले बढी हो । यसैगरी बैंकको वितरणयोग्य मुनाफा रु. ३ अर्ब ४२ करोड रहेको छ, जुन समग्र वाणिज्य बैंकहरुको तुलनामा तेस्रो स्थानमा र समग्र वाणिज्य बैंकहरुको औसत रु. २ अर्ब १० करोड भन्दा ६३ प्रतिशतले बढी रहेको छ । २०७८ आश्विन मसान्त सम्ममा बैंकको प्राथमिक पूँजीकोष अनुपात ७.३० प्रतिशत मात्र रहेको अवस्थाबाट निरन्तर रुपमा सोमा सुधार गर्दै चैत्र ०७८ पश्चात बैंकको प्राथमिक पूँजीकोष नियामक निकायले तोकेको ८.५० प्रतिशत भन्दा बढी रहेको र सो २०७९ आषाढमा आइपुग्दा ८.८० प्रतिशत पुगेको र सो २०७९ आश्विन मसान्तमा ८.९५ प्रतिशत पुगेको तथ्य समेत यहाँहरुलाइ जानकारी गराउन चाहन्छु । समीक्षा वर्षको लाभांश वितरणको लागि समीक्षा वर्षको १२ महिनामा नै प्राथमिक पूँजीकोष अनुपात ८.५० प्रतिशत कायम गर्नुपर्ने भन्ने नियामकीय व्यवस्था मिति २०७८ साल आश्विन २५ गते मात्र आएको कारणले वितरणयोग्य मुनाफाको स्थिति अत्यन्त सहज हुँदाहुँदै पनि लाभांश वितरण गर्न नसकिएको वस्तुगत तथ्य आदरणीय शेयरधनी महानुभावहरुलाइ निवेदन गर्न चाहन्छु । यद्यपि बैंकको प्रति शेयर आम्दानी, स्वपुँजीमा प्रतिफल लगायतका वित्तीय सूचकांकहरु समग्र वाणिज्य बैंकहरुको तुलनामा सर्वोत्कृष्ट रहेको तथ्य समेत यहाँहरुलाई जानकारी गराउन चाहन्छु ।

चालु आर्थिक वर्ष २०७९/८० को प्रथम ३ महिनामा समेत बैंकले हरेक व्यवसायिक विधाहरुमा आफ्नो उत्कृष्ट प्रदर्शनलाई जारी राखी खुद मुनाफा तर्फ प्रथम स्थान हासिल गर्न बैंक सफल भएको छ, जसको सारांश देहाय बमोजिम रहेको तथ्य यहाँहरुलाई जानकारी गराउन चाहन्छु ।

| क्र.सं. | परिसूचक | समग्र बैंकिङ्ग क्षेत्रको औसत | एन आई सी एशिया बैंक | समग्र बैंकिङ्ग क्षेत्रको औसत भन्दा एन आई सी एशिया बैंकको फरक | |
|---|---|---|---|---|---|
| | | | | रकम | प्रतिशतमा |
| १ | **कर्जा विस्तार** (अर्ब) | १५८.२४ | २७३.१० | ११४.८७ | ७३ |
| २ | **निक्षेप संकलन** (अर्ब) | १६९.६२ | ३०८.१८ | १३८.५६ | ८२ |
| ३ | **प्रति शेयर आम्दानी** (रु.) | १८.७७ | ५९.६२ | ४०.८५ | २१८ |
| ४ | **पूँजीमा प्रतिफल** (प्रतिशत) | ११.५ | २७.०६ | ०.१६ | १३५ |
| ५ | **खुद मुनाफा** (अर्ब) | ०.६८ | १.७५ | १.०७ | १५८ |

एन आई सी एशिया बैंकलाई व्यापक रुपमा रुपान्तरण गरी अझ सबल, ग्राहकमैत्री तथा थप परिष्कृत बनाउनको निम्ति हामी दृढसंकल्पित भई लागि परेका छौं । बैंकको रुपान्तरणको लागि बैंकले आ.व. २०७८/७९ लाई "Year of Image, Experience, Capacity and Digital (IECD) Transformation" को वर्षको रुपमा मनाउने निर्णय गरेका थियौं । जसमा ग्राहकहरुको Customer Satisfaction Score, Customer Experience Score, Net Promotor Score जस्ता Customer Centric Fundamental Indicator हरुमा आधारित भई विभिन्न Survey गरी समग्र बैंकको Customer Experience Transformation को लागि प्रभावकारी संरचनाहरु निर्माण गऱ्यौं । हामीले हरेक शाखा कार्यालयमा IECD Transformation को अवस्थालाई प्रभावकारी रुपमा अनुगमन गर्न र ग्राहकहरुको सन्तुष्टी अभिवृद्धि गर्नको लागि छुट्टै डेस्कको स्थापना गऱ्यौं जसको फलस्वरुप समीक्षा आर्थिक वर्षमा Customer Satisfaction Score, Customer Experience Score र Net Promotor Score तर्फ ठुलो फड्को मार्न हामि सफल भयौं । यसको अलावा Customer Experience लाई उत्कृष्ट बनाउनका लागि बैंकले प्रवाह गर्ने हरेक सेवाहरु निर्धारित Turn Around Time मा पुरा गरी Guaranteed Experience Framework लागु गर्ने, ग्राहकवर्गले बैंकको सेवा प्रति गरेका गुनासा तथा सल्लाह सुझावलाई उच्च प्राथमिकता दिई समाधान गर्ने, बैंकको सम्पूर्ण Activities र Process तथा Systems लाई धेरै भन्दा धेरै Automation/Digitization गर्ने, बढी भन्दा बढी Customer Acquisition र Servicing डिजिटल माध्यमबाट प्रवाह गर्ने, ग्राहकवर्गलाई Seamless बैंकिङ्ग अनुभव सहितको सर्वोत्कृष्ट सेवा प्रदान गर्ने जस्ता कार्यहरुलाई बैंकले द्रुत गतिमा अगाडि बढाइरहेको छ ।

विश्वको हरेक क्षेत्रमा प्रविधिले कार्यको प्रकृतिमा आमुल परिवर्तन रहेको वर्तमान परिप्रेक्ष्यमा Conventional Banking Approach बाट माथि उठेर बैंकले प्रवाह गर्ने सेवा तथा सुविधाहरु Digital माध्यमबाट प्रवाह गर्न सकिएमा छिटो, छरितो र first time right बनाउने र बैंकले आफ्ना कार्यालयहरुमा Physical Activities लाई सकभर कम गराई Digital Activities लाई यथासक्य बढाउने रणनीति अख्तियार गरी कार्यान्वयनमा ल्याएको छ । सबैभन्दा उत्कृष्ट डिजिटल बैंकिङ्ग सेवाहरु प्रवाह गरी Digital First Bank बन्ने रणनीति अनुरुप

गरिएका डिजिटल सम्बन्धी प्रोजेक्टहरुको समग्र प्रभाव स्वरुप आ.व. २०७५/७६ मा बैंकको कुल ५२ प्रतिशत कारोबार Digital माध्यमबाट हुने गरेकोमा आ.व. २०७८/७९ मा आईपुग्दा बैंकको कुल ८० प्रतिशत कारोबार डिजिटल माध्यमबाट भएको छ। यस सँगै हाम्रो बैंक डिजिटल कारोबारको तुलनात्मक अनुपात समग्र बैंकिङ्ग Industry को सबैभन्दा बढी भएको बैंक बन्न सफल भएको छ। डिजिटल माध्यमबाट थप प्रभावकारी सेवा प्रवाह गर्नको लागि बैंकले गत आ.व. मा Omni Channel Mobile, Video KYC, Document Management System, Cash Deposit Machine, Cash Recycler Machine, Robotic Process Automation, Digital CSD, Sathi Application, Quick Pay, Online Account Opening, IPO Application through MoBank लगायतका Digital Project हरु सफलतापुर्वक कार्यान्वयन गरी संचालनमा ल्याइसकेको छ भने Loan Management System, KIOSK Machine, Artificial Intelligence, Chatbot जस्ता Project हरु समेत चाँडै कार्यान्वयनमा आउनेछन्।

बैंकले शाखामा नगद जम्मा गर्ने Cash Deposit Machine, नगद Recycle गर्ने Cash Recycler Machine, KIOSK Machine लगायतका अत्याधुनिक Device हरु जडान गर्ने कार्यको शुरुवात गरिसकेको छ। साथै Omnichannel Based Mobile Banking को प्रयोग गरी ग्राहकवर्गले बढी भन्दा बढी बैंकिङ्ग कारोबार र सुविधाहरु लिन सक्ने अवस्था बैंकले निर्माण गरेको छ। जसबाट शाखामा Visit गर्ने ग्राहकहरुले समेत अलिकति पनि लाइनमा बसी सेवा लिनुपर्ने बाध्यताबाट चाँडै मुक्त हुन सक्नेछन्। आधुनिक प्रविधीलाई बैंकिङ्ग क्षेत्रमा व्यापक रुपमा प्रयोग गर्ने नीति अनुरुप गत आर्थिक बर्षमा बैंकले मोबाइलबाट कर्जा प्रवाह गर्ने Foneloan कार्यान्वयनमा ल्याएको छ। यी सबै Automation तथा Digitization Project हरु कार्यान्वयन गर्नको लागि बैंकले बजेट र साधन स्रोतको यथेष्ट व्यवस्था मिलाएको छ। साथै Artificial Intelligence, Machine Learning र Big Data Analytics लगायतका पछिल्लो प्रविधिहरु बैंकमा प्रयोग गर्ने दिशामा बैंक तिव्र गतिमा अगाडि बढिरहेको छ।

कुनै पनि सफलता भनेको दीर्घकालीन योजनाको तर्जुमा र सोको प्रभावकारी कार्यन्यनबाट मात्र सम्भव हुन्छ भन्ने हाम्रो मान्यता रहि आएको छ। सोही मान्यताको जगमा बैंक विगतमा दुई रणनीतिक योजनाहरु (Strategy 2020 र Vision 18-22) कार्यान्वयनमा ल्याई सानो आकारको बैंकबाट देशको सबैभन्दा ठूलो र उत्कृष्ट मध्येको बैंकको रुपमा स्थापित भएको यथार्थ तथ्य यहाँहरुलाई विदितै छ।

विगत ५ वर्षको अवधिमा Horizontal Expansion लाई मुख्य प्राथमिकतामा राखी Digital एवम् Physical Expansion तर्फ केन्द्रित रही एक बलियो आधारशिला निर्माण गर्न हामी सफल भयौं। यसैको जगमा टेकी आगामी ५ वर्ष सन् २०२२ (आर्थिक वर्ष ०७९/०८०) देखि सन् २०२७ (आर्थिक वर्ष ०८३/०८४) सम्मको अवधिलाई Vertical Expansion को Era को रुपमा अगाडी लैजाने रणनीतिका साथ "Impossible is a myth & अठोटका अगाडि हर लक्ष्य सम्भव छ" भन्ने नारा लिई "अठोट २२-२७" तर्जुमा गरिसकेको छ। यस अठोट २२-२७ को पहिलो वर्षलाई Bank of First Choice of Employee, दोस्रो वर्षलाई Bank of First Choice of Customers, तेस्रो वर्षलाई Bank of First Choice of public in general, चौंथो वर्षलाई Bank of First Choice of Regulators, र पाँचौ वर्षलाई Bank of First Choice of Shareholders को रुपमा अगाडि लैजाने र उक्त अठोटलाई चरितार्थ गर्नको लागि Right Person, Right Job/ Right Role र Right Place को अवधारणालाई बैंक भित्र थप प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने, Key Performance Indicators (KPI) Culture लाई Full Scale मा उन्नत तवरले Predetermined बनाउने, Big Data, Artificial Intelligence, Penetration Budgeting, Value of Relationship Accounting, Self Help Banking, Open Banking, Lifestyle Banking जस्ता विभिन्न अत्याधुनिक अवधारणाहरुलाई कार्यान्वयन गर्दै बैंकलाई समग्र वित्तीय सूचकांकहरुमा पहिलो स्थानमा पुऱ्याई Dominant Market Share हासिल गर्ने लक्ष्यका साथ "अठोट २२-२७" तर्जुमा गरिएको छ। अठोट "22-27" मार्फत बैंकले प्रदान गर्ने सेवा एवं व्यवसायिक नतिजालाई Vertical Expansion मार्फत बैंकको उत्पादकत्व, efficiency, एवं effectiveness लाई आगामी ५ आर्थिक वर्षमा १० गुणाले वृद्धि गर्ने अठोट गरिएको समेत यहाँहरुलाई जानकारी गराउन चाहन्छु।

बैंकिङ्ग लक्ष्य हासिल गर्न आवश्यक पहिलो स्रोत साधन भनेको सपना, दक्षता र अठोट युक्त कर्मचारी हुन् भन्नेमा हामी विश्वस्त छौं। तसर्थ, कर्मचारीहरुको सिप बृद्धि वहाँहरुको भन्दा पनि बैंकको एजेण्डा हो भन्नेमा हामी स्पष्ट छौं। कर्मचारीहरुको सन्तुष्टि हाम्रो पहिलो प्राथमिकता हो र खुशी कर्मचारीले मात्र खुशी ग्राहकहरुको सिर्जना गर्न सक्छ भन्ने हाम्रो दृढ बुझाई रहेको छ। त्यसैले हामीले कर्मचारीहरुको सिप बृद्धि भनेको बैंकको सम्पत्तिको बृद्धि हो भन्ने रुपमा ग्रहण गरेका छौं। साथै, कर्मचारीहरुलाई आफ्नो कार्य समयमा प्रभावकारी तवरले सम्पन्न गर्न आवश्यक पर्ने श्रोत, साधन, तालिम, नीति-नियम र अधिकारहरुको पूर्ण सुनिश्चितता गर्दै उत्पादकत्वलाई व्यापक रुपमा बढाउनको लागि Robust Enablement र Empowerment गर्ने हाम्रो अभ्यासलाई समीक्षा अवधिमा समेत हामीले निरन्तरता प्रदान गरेका छौं। यसले समग्रमा, Bank of 1st Choice of all the Stakeholders बन्ने हाम्रो लक्ष्यमा ठोस योगदान दिनेछ भन्नेमा हामी विश्वस्त रहेका छौं।

अन्त्यमा, यस बैंकलाई सफलताको मार्गमा डोऱ्याउन अतुलनीय योगदान गर्नुहुने सम्पूर्ण ग्राहकहरु, नियामक निकायहरु र खासगरी आदरणीय शेयरधनी महानुभावहरुमा सम्पूर्ण बैंक परिवारको तर्फबाट हार्दिक धन्यवाद र कृतज्ञता ज्ञापन गर्दछु । बैंकको Mission र Vision हासिल गर्नको लागि मन, वचन र कर्मले अनवरत रुपमा साथ, सहयोग, मार्गदर्शन, सद्भाव र प्रेरणा प्रदान गर्नुहुने बैंकको सञ्चालक समितिका अध्यक्षज्यू, प्रमुख सल्लाहकारज्यू लगायत सम्पूर्ण सञ्चालकज्यूप्रति हार्दिक धन्यवाद र कृतज्ञता ज्ञापन गर्न चाहन्छु । साथै, बैंकको विभिन्न तह र तप्कामा रही हरहमेशा बैंकको लक्ष्यप्रति दत्तचित्त भई अतुलनिय योगदान गर्नुहुने DNA Oversight Committee Members लगायत बैंकको Corporate Office, Provincial Offices र Branches मा रही आ-आफ्नो स्थानबाट बैंकको सफलताको लागि अहोरात्र खट्नुहुने सम्पूर्ण कर्मचारीवर्गहरुको अमूल्य योगदानको उच्च कदर गर्दै यहाँहरुको योगदान प्रति विशेष धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

**रोशन कुमार न्यौपाने**
**प्रमुख कार्यकारी अधिकृत**
**मिति** : २०७९/०९/०६
**स्थान : काठमाडौं ।**

## DNA OVERSIGHT COMMITTEE



रोशन कुमार न्यौपाने
प्रमुख कार्यकारी अधिकृत



सुधिर नाथ पाण्डे
नायब प्रमुख कार्यकारी अधिकृत



सन्तोष कुमार राठी
नायब प्रमुख कार्यकारी अधिकृत



राजेश रावल
सहायक प्रमुख कार्यकारी अधिकृत



कपिल ढकाल
सहायक प्रमुख कार्यकारी अधिकृत



जयन्द्र रावल
सहायक प्रमुख कार्यकारी अधिकृत



रञ्जन खड्का
सहायक प्रमुख कार्यकारी अधिकृत



अर्जुन राज खनिया
सहायक महाप्रबन्धक



प्रकाश चन्द्र अधिकारी
सहायक महाप्रबन्धक



प्रकाश बराल
सहायक महाप्रबन्धक



विशाल सिग्देल
सहायक महाप्रबन्धक



नारायण सुन्दर शिल्पकार
सहायक महाप्रबन्धक



तिलक सुन्दर कार्की
लुम्बिनी प्रदेश प्रमुख



दिपेन्द्र शर्मा
गण्डकी प्रदेश प्रमुख



बपिन राजभण्डारी
प्रमुख प्रविधि अधिकृत



दिनेश भारी
प्रमुख कानुन अधिकृत



अमित के.सी.
मधेश प्रदेश प्रमुख



रुपेश लुईंटेल
प्रमुख वित्तीय अधिकृत



कैलाश गौतम
प्रमुख डेभलप्मेन्ट अधिकृत



दिपक ढकाल
प्रमुख अनुपालना
नायब प्रमुख जोखिम अधिकृत



दिपेन कार्की
कम्पनी सचिव



कमल खड्का
प्रमुख आन्तरिक लेखापरीक्षक



सुवाश जोशी
सुदुर पश्चिम प्रदेश प्रमुख



विकाश खरेल
प्रदेश १ प्रमुख



राजन प्रसाद पोखेल
कर्णाली प्रदेश प्रमुख



सुमन थपलिया
प्रमुख विजेनेस प्रोसेस रिईन्जिनियरिङ्ग



नारायण प्रसाद नेपाल
प्रमुख 10x एशुरेन्स ईकोसिस्टम

# सञ्चालक समितिको प्रतिवेदन २०७८/७९

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस बैंकको पच्चीसौं वार्षिक साधारण सभामा सहभागी हुन पाल्नु भएकोमा बैंक सञ्चालक समिति एवं सम्पूर्ण बैंक परिवारको तर्फबाट यहाँहरुलाई हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्दछौं ।

विश्वव्यापी कोरोना महामारीको लहर कम भएसँगै समीक्षा अवधिमा कर्जाको अत्याधिक मागको तुलनामा निक्षेपको वृद्धि अनुपात कम हुँदा कर्जा निक्षेप अनुपातमा असन्तुलन भई तरलतामा संकुचन आएको र लगानीयोग्य रकमको अभावको अवस्थामा बैंक तथा वित्तीय संस्था गुज्रिएको थियो । यस्तो अवस्थामा पूर्व युरोपमा सुरु भएको युद्धले तेल, खाद्य पदार्थ तथा अन्य औद्योगिक कच्चा पदार्थमा अत्याधिक मुल्यवृद्धिले विश्व अर्थतन्त्रमा आर्थिक मन्दीको अवस्था हुँदा अर्थतन्त्रलाई सन्तुलनमा राख्न केन्द्रीय बैंकबाट आयात प्रतिबन्ध तथा अनुत्पादक क्षेत्रमा प्रवाह हुने कर्जा विस्तार रोक्ने नीति अवलम्वन गरियो । यस्तो कठिन परिस्थितिको बाबजुद बैंकले आर्थिक वर्ष २०७८/७९ मा पनि सन्तोषजनक उपलब्धि हासिल गरेको छ । आर्थिक मन्दीको सम्भावनालाई न्यूनीकरण गर्न नियामक निकायको विभिन्न कसिलो व्यवस्थाहरु बीच बैंकले व्यवसायमा सन्तोषजनक प्रगति गरेको छ ।

आर्थिक वर्ष २०७८/७९ मा बैंकले गरेका प्रगतिहरु, हासिल गरेका उपलब्धिहरु, बैंक सञ्चालनमा देखिएका चुनौतीहरु एवं भविष्यका अल्पकालीन तथा दीर्घकालीन योजनाहरु र समग्र बैंकिङ्ग क्षेत्रको समीक्षा र पुनरावलोकन गर्न कम्पनी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ (छैठौं संशोधन), तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को अधीनमा रही तयार गरिएको यो प्रतिवेदन सञ्चालक समितिको तर्फबाट बैंकको पच्चीसौं वार्षिक साधारण सभामा प्रस्तुत गरेका छौं ।

## क. आर्थिक वर्ष २०७८/७९ मा बैंकको कारोवारको सिंहावलोकन :

आर्थिक वर्ष २०७८/७९ को प्रगति विवरण समग्रमा निम्न अनुसार रहेको छ :

*(रकम रु. दश लाखमा)*

| विवरण | आषाढ मसान्त २०७८ | आषाढ मसान्त २०७९ | वृद्धि (प्रतिशतमा) |
|---|---|---|---|
| चुक्ता पूँजी | ११,५६४ | ११,५६४ | – |
| निक्षेप | ३,००,२५२ | २,९४,९७७ | (१.७६) |
| कुल कर्जा | २,६४,८४० | २,६८,२३६ | १.२८ |
| लगानी (९० दिनभन्दा कमको ट्रेजरी विल्स बाहेक) | ३४,५५८ | ४०,३१३ | १६.६५ |
| कुल सम्पत्ति | ३,४६,१४८ | ३,५८,५७० | ३.५९ |
| सञ्चालन मुनाफा | ४,७९८ | ५,९६५ | २४.३२ |
| खुद नाफा | ३,२५९ | ४,२१५ | २९.३३ |
| खुद नाफा/कुल सम्पत्ति (प्रतिशत) | १.०९ | १.२० | १०.०९ |
| पूँजीमा प्रतिफल (Return on Equity) (प्रतिशत) | १७.०९ | १८.४३ | ७.८४ |
| निष्क्रृय कर्जा/कुल कर्जा अनुपात (प्रतिशत) | ०.५० | ०.५३ | ६.०० |
| प्रति शेयर आम्दानी (रु) | २८.१८ | ३६.४५ | २९.३५ |

समीक्षा अवधिमा बैंकको कुल कर्जा १.२८ प्रतिशतले वृद्धि भई रु २६८.२३ अर्ब पुगेको छ भने निक्षेप संकलन १.७६ प्रतिशतले कमी भई रु २९४.९८ अर्ब पुगेको छ । सोही अवधिमा समग्र वाणिज्य बैंकिङ्ग क्षेत्रको कर्जा तथा निक्षेपमा क्रमशः १२.४४ प्रतिशत र ८ प्रतिशतले वृद्धि भएको छ । साथै, बैंकको वासलातको आकार ३.५९ प्रतिशतले वृद्धि भई रु. ३५८.५७ अर्ब पुगेको छ ।

आ.व. २०७८/७९ मा अघिल्लो वर्षको तुलनामा बैंकको सञ्चालन मुनाफामा २४.३२ प्रतिशत र खुद मुनाफामा २९.३३ प्रतिशतको वृद्धि भई क्रमशः रु ५.९७ अर्ब तथा रु ४.२१ अर्ब आर्जन गर्न बैंक सफल भएको छ । समीक्षा अवधिमा बैंकको पूँजीमा प्रतिफल र सम्पत्तिमा प्रतिफल क्रमशः १८.४३ प्रतिशत र १.२० प्रतिशत रहेको छ, जुन अघिल्लो वर्ष क्रमशः १७.०९ प्रतिशत र १.०९ प्रतिशत रहेको थियो । अघिल्लो आ.व. मा बैंकको प्रति शेयर आम्दानी रु २८.१८ रहेकोमा समीक्षा अवधिमा २९.३५ प्रतिशतको वृद्धि भई रु ३६.४५ आर्जन गरेको छ ।

- **चुक्ता पूँजी तथा पूँजी पर्याप्तता अनुपात**

  आर्थिक वर्ष २०७८/७९ मा बैंकको पूँजी पर्याप्तता अनुपात १३.३८ प्रतिशत रहेको छ । समीक्षा अवधिमा बैंकको न्युनतम पूँजी पर्याप्तता अनुपात नियमनकारी निकाय श्री नेपाल राष्ट्र बैंकले तोकेको न्यूनतम अनुपात ११ प्रतिशत भन्दा २.३८ प्रतिशत विन्दुले बढी रहेको छ ।

- **सञ्चित मुनाफा तथा जगेडा कोष**

  समीक्षा अवधिमा खुद नाफामा भएको २९.३३ प्रतिशतको वृद्धिको कारण बैंकको जगेडा कोष २७ प्रतिशतले वृद्धि भई रु ९.८५ अर्ब पुगेको छ जुन अघिल्लो वर्ष रु ७.७४ अर्ब रहेको थियो । त्यस्तैगरी, सञ्चित मुनाफामा ११४.२५ प्रतिशतको वृद्धि भई रु ३.४३ अर्ब पुगेको छ, जुन अघिल्लो वर्ष रु १.६० अर्ब रहेको थियो ।

- **निक्षेप संकलन**

  समीक्षा अवधिमा बैंकको कुल निक्षेप संकलन रु २९४.९८ अर्ब पुगेको छ, जुन गत आर्थिक वर्षको तुलनामा १.७६ प्रतिशतको कमी हो । सोही अवधिमा वाणिज्य बैंकहरुको औसत निक्षेप वृद्धिदर करिब ८ प्रतिशत रहेको छ । समीक्षा अवधिमा बैंकले मुद्दती निक्षेपमा ०.७ प्रतिशत तथा चल्ती निक्षेपमा ६४ प्रतिशत वृद्धि हासिल गरेको छ भने बैंकको बचत निक्षेपमा भने १३ प्रतिशतले कमी भएको छ ।

  समग्र बैंकिङ्ग क्षेत्रमा एन आई सी एशिया बैंकको कूल

निक्षेपमा बजार हिस्सा ६.४९ प्रतिशत रहेको छ, जुन अघिल्लो वर्ष ७.१४ प्रतिशत रहेको थियो । साथै, आ.व. २०७८/७९ मा बैंकको निक्षेपमा कमी आएता पनि बैंकको समग्र स्थान भने रु २९४.५२ अर्बका साथ दोस्रो स्थानमा रहेको छ ।

करिब ३३ लाख कुल ग्राहक खाता सहित यस बैंक नेपालकै उच्च ग्राहक संख्या रहेको बैंक बन्न सफल भएको छ ।

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार २०७९ आषाढ मसान्त सम्ममा कुल निक्षेपमा संस्थागत निक्षेपको अनुपात बढीमा ५० प्रतिशत कायम राख्नु पर्नेमा बैंकले व्यक्तिगत तथा संस्थागत निक्षेप अनुपात तोकेको सीमा भित्रै रहने गरी निम्न बमोजिम निक्षेप कायम गरेको छ :

| निक्षेपको प्रकार | प्रतिशत |
|---|---|
| संस्थागत निक्षेप | ३५ |
| व्यक्तिगत निक्षेप | ६५ |

बैंकले देशभर छरिएर रहेका स–साना निक्षेप संकलनमा प्राथमिकता दिई समीक्षा अवधिमा निक्षेपको आधार मजबुत बनाउन सफल भएको छ । साथै, बैंकले चालु आ.व. मा समेत निक्षेप वृद्धि गर्ने रणनीतिलाई निरन्तरता दिएको छ, जसबाट बैंकको कोषको लागतमा पनि सुधार आउने अपेक्षा गरिएको छ ।

- **कर्जा तथा कर्जा नोक्सानी व्यवस्था**

समीक्षा अवधिमा बैंकको कुल कर्जा रकम अघिल्लो वर्षको तुलनामा १.२८ प्रतिशतले वृद्धि भई रु २६८.२३ अर्ब पुगेको छ । सोही अवधिमा वाणिज्य बैंकहरुको औसत कर्जा वृद्धि १२.४४ प्रतिशत रहेको छ । बैंकको बजार हिस्सा ६.४१ प्रतिशत रहेको छ, जुन अघिल्लो आ.व. को बजार हिस्सा ७.१२ प्रतिशतको तुलनामा केही कमी रहेको छ । कुल रु २६८.२३ अर्बको कर्जा विस्तारका साथ बैंक बैंकिङ्ग क्षेत्रमा तेस्रो स्थानमा रहेको छ ।

बैकले यस वर्ष रिटेल बैंकिङ्ग कर्जामा ०.३ प्रतिशत, साना तथा मझौला कर्जामा ४.६ प्रतिशत तथा विपन्न वर्ग कर्जामा १ प्रतिशतको वृद्धि हासिल गरेको छ भने बैंकको कर्पोरेट कर्जामा भने ५.६ प्रतिशतले कमी आएको छ ।

आफ्नो दीर्घकालीन रणनीति अनुरुप बैंकले कम जोखिमयुक्त रिटेल तथा उत्पादनमूलक साना तथा मझौला कर्जालाई थप सरलीकृत बनाउनुका साथै ग्राहकको आवश्यकतालाई सही रुपमा पहिचान गरी नयाँ कर्जा योजनाहरुको विकास गरी ग्राहकहरुको माझ पहिलो रोजाईको बैंक बन्ने लक्ष्य लिएको छ । सोही रणनीति अनुरुप बैंकले प्रक्रियालाई सहज र सरल बनाउनुका साथै कर्जाको दायरा फराकिलो बनाएको छ र ससाना कर्जाहरुमा जोड दिई भविष्यमा उत्पादनमुलक कर्जाहरुमा थप वृद्धि हासिल गर्ने लक्ष्य लिँदै अगाडी बढ्दै गएको छ ।

समीक्षा अवधिमा बैंकको कुल कर्जा नोक्सानी व्यवस्था अघिल्लो वर्षको रु. ४.२१ अर्बबाट बढेर रु ५.०८ अर्ब पुगेको छ । यस आर्थिक वर्षमा रु ८६.५३ करोड कर्जा नोक्सानी व्यवस्था थप गरिएको छ । कुल कर्जा नोक्सानी व्यवस्था र कुल निष्क्रिय कर्जाको अनुपात ३५७ प्रतिशत रहेको छ । अघिल्लो वर्ष ०.५० प्रतिशत रहेको कुल कर्जामा कुल निष्क्रिय कर्जाको अनुपात यस वर्ष ०.५३ प्रतिशत रहेको छ ।

बैंकले अवलम्बन गरेको दीर्घकालीन रणनीति अनुरुपको लक्ष्य हासिल गर्न साना कर्जा प्रवाहलाई प्राथमिकतामा राखेको छ । सोही रणनीति अनुरुप आगामी दिनहरुमा नयाँ कर्जाहरु प्रवाह गर्दा कर्जा जोखिमलाई मध्यनजर गर्दै बैंकको खराब कर्जा तथा कर्जा नोक्सानीलाई न्यूनीकरण गर्ने उद्देश्यका साथ कर्जा असुली तथा व्यवस्थापन प्रक्रियालाई समेत थप सुदृढ तथा सबल बनाउदै लगिने छ ।

- **लगानी (९० दिनभन्दा कमको ट्रेजरी विल्स बाहेक)**

समीक्षा अवधिमा बैंकको कुल लगानी अघिल्लो वर्षको तुलनामा १७ प्रतिशतले वृद्धि भई रु ४०.३१ अर्ब पुगेको छ । तथापी ट्रेजरी विल्स सहित बैंकको कूल लगानी रु ५७.५६ अर्ब पुगेको छ । जुन अघिल्लो वर्षको (रु ५०.८१ अर्ब) तुलनामा १३.२४ प्रतिशतले बढी हो । कुल लगानी मध्ये ट्रेजरी बिल, सरकारी ऋणपत्र तथा अन्य लगानीको अंश क्रमश: २६ प्रतिशत, ६२ प्रतिशत र १२ प्रतिशत रहेको छ ।

यस बैंकले लगानीयोग्य रकमको अधिकतम सदुपयोग गर्ने, लगानीमा विविधता अपनाउने तथा लगानीको समग्र प्रतिफललाई वृद्धि गर्नको लागि उच्च सर्तकताका साथ लगानीको दायरा फराकिलो गराउँदै आएको छ ।

बैंकले म्युचुअल फण्ड तथा शेयरमा रु ४.६८ अर्ब लगानी गरेको छ । पूँजी बजारमा गरिएको लगानी मुख्यत: लाभांशको रुपमा दिगो प्रतिफल दिने क्षमता भएका कम्पनीहरुमा रहेका छन् र बैंकले समीक्षा अवधिमा उक्त लगानीहरुबाट रु २५.४ करोड नगद लाभांश समेत आर्जन गरेको छ ।

- **ब्याज आम्दानी**

समीक्षा अवधिमा बैंकको ब्याज आम्दानी ३९ प्रतिशतले वृद्धि भई रु ३२.७७ अर्ब आर्जन गरेको छ । समीक्षा अवधिमा बैंकको कर्जातर्फको ब्याज आम्दानी ३८ प्रतिशतले वृद्धि भई रु ३०.३३ अर्ब आर्जन गरेको छ भने लगानीतर्फको ब्याज आम्दानी ५७ प्रतिशतले वृद्धि भई रु २.३९ अर्ब आर्जन गर्न सफल भएको छ ।

समीक्षा अवधिमा कुल कर्जामा १.२८ प्रतिशतले मात्र वृद्धि भएता पनि ब्याजदरमा वृद्धि हुँदा कर्जातर्फको ब्याज आम्दानीमा ३९ प्रतिशतले वृद्धि भएको छ । ट्रेजरी बिल्सको लगानी सरकारी ऋणपत्रमा गरिएको अधिकतम लगानी प्रतिस्थापनले लगानी तर्फको ब्याज आम्दानी भने ५७ प्रतिशतले वृद्धि गर्न बैंक सफल भएको छ ।

- **ब्याज खर्च**

समीक्षा अवधिमा बैंकको ब्याज खर्च ५० प्रतिशतले वृद्धि भई रु २१.४८ अर्ब पुगेको छ । समीक्षा अवधिमा बैंकको निक्षेप संकलनतर्फको ब्याज खर्च ५२ प्रतिशतले वृद्धि भई रु २०.३३ अर्ब पुगेको छ भने ऋणपत्रतर्फको ब्याज खर्च १० प्रतिशतले वृद्धि भई रु १.०५ अर्ब पुगेको छ ।

निक्षेपमा कमी आएता पनि ब्याजदर वृद्धिका कारण बैंकको निक्षेपतर्फको ब्याज खर्च समेत समीक्षा अवधिमा ५२ प्रतिशतले वृद्धि हुन गएको छ ।

बैंकले अवलम्बन गरेको दीर्घकालीन रणनीति अनुरुप बैंकको कुल निक्षेपमा चल्ती तथा बचत खाताको अंश वृद्धि गर्दै जाने लक्ष्य हासिल गर्न बैंकले समीक्षा अवधिमा विभिन्न आकर्षक बचत निक्षेपका योजनाहरु समेत ग्राहक समक्ष ल्याएको छ । यसबाट आगामी दिनहरुमा बैंकको निक्षेपको लागतमा क्रमिक सुधार आई समग्र बैंकको कोषको लागत कम हुने विश्वास बैंकले लिएको छ ।

- **खुद ब्याज आम्दानी**

समीक्षा अवधिमा व्यापार व्यवसायमा भएको वृद्धि तथा नेपाल राष्ट्र बैंकले तोकेको ब्याजदर अन्तरको सीमालाई पालना गरी बैंकको कुशल व्यवस्थापनबाट खुद ब्याजदर अन्तरलाई नियामक निकायले प्रदान गरेको बिन्दु सम्म अधिकतम कायम राख्ने प्रयासले बैंकको खुद ब्याज आम्दानी अघिल्लो वर्षको तुलनामा २२.३५ प्रतिशतले वृद्धि भई रु ११.२९ अर्ब आर्जन गर्न सफल भएको छ ।

आगामी दिनहरुमा उपलब्ध कोषको अत्याधिक सदुपयोग गर्नका लागि कर्जा तथा निक्षेप अनुपात तथा खुद ब्याजदर अन्तरलाई यथासक्य बढी उपयोग गर्न विशेष जोड दिने रणनीतिका साथ बैंकले दीर्घकालिन लक्ष्यहरु अवलम्बन गरेको छ ।

- **खुद शुल्क तथा कमिशन आम्दानी**

समीक्षा अवधिमा बैंकले खुद शुल्क तथा कमिशन आम्दानी तर्फ रु २ अर्ब २ करोड आर्जन गरेको छ, जुन अघिल्लो वर्षको तुलनामा २५ प्रतिशतको वृद्धि हो ।
बैंकले आर्जन गर्ने खुद मुनाफामा कमिशन तथा अन्य सञ्चालन आम्दानीको हिस्सा बढाउने रणनीति अनुरुप बैंकले समीक्षा अवधिमा विभिन्न नवीनतम सेवा तथा सुविधाहरु विस्तार गरेको छ, साथै साविकका सेवा तथा सुविधाहरुलाई प्रतिस्पर्धी र ग्राहकमैत्री बनाउँदै समय सापेक्ष परिमार्जन गरेको छ ।

- **अन्य सञ्चालन आम्दानी**

समीक्षा अवधिमा बैंकको अन्य सञ्चालन आम्दानी ३५ प्रतिशतले वृद्धि भई रु ३०.४ करोड आर्जन भएको छ, जुन अघिल्लो वर्ष रु २२.५ करोड रहेको थियो । बैंकको अन्य सञ्चालन आम्दानीमा लगानीबाट लाभांशको आम्दानीको हिस्सा ८३ प्रतिशत रहेको छ ।

- **कर्मचारी खर्च**

समीक्षा अवधिमा बैंकको कुल कर्मचारी खर्च ३४.४ प्रतिशतले वृद्धि भई रु ४.५० अर्ब पुगेको छ, जुन अघिल्लो वर्ष रु ३.३५ अर्ब रहेको थियो । कुल कर्मचारी खर्चमा, कर्मचारी बोनस पनि समावेश भएको छ, जुन गत आ.व. को तुलनामा २९ प्रतिशतले वृद्धि भई रु ६६.६ करोड हुन पुगेको छ ।

विभिन्न विभाग तथा शाखामा विशेष सीप तथा क्षमता भएका कर्मचारीहरुको माग परिपूर्ति गर्नका लागि बैंकले समीक्षा अवधिमा विगत वर्षको तुलनामा थप कर्मचारी नियुक्ति गरेको तथा बैंकले नियमित रुपमा दक्ष कर्मचारीको पदोन्नती तथा वार्षिक कार्य सम्पादन क्षमताको मूल्याङ्कन गरेकोले यस वर्ष कर्मचारी खर्चमा वृद्धि भएको हो । समीक्षा अवधिमा कर्मचारी संख्या ४,३८५ पुगेको छ ।

बैंकले कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्नको लागि हरेक वर्ष नियमित तालिमहरु आयोजना गर्दै आएको छ । कर्मचारीहरुको तालिममा समीक्षा अवधिमा रु ११.८६ करोड खर्च भएको छ, जुन यस वर्षको कुल कर्मचारी खर्चको (कर्मचारी बोनस सहित) २.६४ प्रतिशत हुन आउँछ । नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन २०७८ को इ.प्रा. निर्देशन नं. ६/०७८ को बुँदा नं. ६ अनुसार बैंकले प्रत्येक वर्ष गत आर्थिक वर्षको कुल तलबभत्ता खर्चको न्यूनतम ३ प्रतिशत रकम कर्मचारीहरुको दक्षता अभिवृद्धिको लागि तालिम तथा वृत्ति विकासमा खर्च गर्नुपर्ने व्यवस्था

रहेकोमा बैंकले ५.६९ प्रतिशत रकम खर्च गरेको छ ।

कर्मचारीहरु नै बैंकको सबैभन्दा मूल्यवान सम्पत्ति हुन् भन्ने मान्यतालाई आत्मसात गर्दै बैंकको दीर्घकालीन रणनीति अनुरुप बैंकलाई थप सबल बनाउनको लागि आवश्यक थप जनशक्ति तथा कर्मचारीको क्षमता तथा सीप अभिवृद्धिका लागि गरिएको खर्चलाई बैंकले लगानीको रुपमा लिएको छ र आउँदा दिनहरुमा यसको प्रतिफल व्यवसाय र मुनाफा वृद्धिको रुपमा प्राप्त हुने विश्वास समेत बैंकले लिएको छ ।

- **ह्रास तथा अपलेखन**

  समीक्षा अवधिमा बैंकको ह्रास तथा अपलेखन खर्च ४.५ प्रतिशतले वृद्धि भई रु ३८.५ करोड पुगेको छ, जुन अघिल्लो वर्ष रु ३६.८ करोड रहेको थियो । सम्पत्ति तथा उपकरण र ख्याती तथा अमूर्त सम्पत्तिमा क्रमश: रु. ४२.१४ करोड र रु. ४.६ करोड थप भएका कारण ह्रास तथा अपलेखन खर्च ४.५ प्रतिशतले वृद्धि हुन गएको हो ।

- **अन्य सञ्चालन खर्च**

  समीक्षा अवधिमा बैंकको अन्य सञ्चालन खर्च ३० प्रतिशतले वृद्धि भई रु २.१ अर्ब पुगेको छ, जुन अघिल्लो वर्ष रु १.६१ अर्ब रहेको थियो । पेशागत र कानुनी खर्च, कार्यालय व्यवस्थापन खर्च तथा अन्य खर्चमा आएको वृद्धिका कारण अन्य सञ्चालन खर्चमा ३० प्रतिशतले वृद्धि आएको छ ।

- **लागत तथा आम्दानीको अनुपात**

  समीक्षा अवधिमा बैंकको लागत तथा आम्दानीको अनुपात २.२६ प्रतिशत वृद्धि हुँदै ४७.०८ प्रतिशत हुन पुगेको छ, जुन अघिल्लो वर्ष ४४.८२ प्रतिशत रहेको थियो ।

- **नाफा/नोक्सान बाँडफाँड विवरण**

  बैंकले यस आर्थिक वर्षमा रु ४.२१ अर्ब खुद मुनाफा आर्जन गरेको छ र खुद मुनाफाको बाँडफाँड विवरण निम्न अनुसार रहेको छ :

*(रकम रु दश लाखमा)*

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **सञ्चित मुनाफा (शुरुको मौज्दात)** | १,६०० | १,९७६ |
| **यस वर्षको खुद नाफा** | ४,२१५ | ३,२५९ |
| पूँजीगत जगेडा कोषबाट रकमान्तर | - | - |
| अन्य विस्तृत आम्दानी (ईक्विटी उपकरणको लगानीमा लाभ) | १३१ | १६३ |
| शेयर प्रिमियमबाट रकमान्तर | - | - |
| **जम्मा** | ५,९४६ | ५,३९८ |
| **बाँडफाँड :** | | |
| साधारण जगेडा कोष | ८४३ | ६५२ |
| सटही घटबढ कोष | ० | ८ |
| एन आई सी एशिया बन्ड फिर्ता जगेडा कोष | १,४६५ | ७९० |
| स्थगन कर जगेडा कोष | - | - |
| लगानी समायोजन कोष | - | (१५०) |
| सामाजिक उत्तरदायित्व कोष | ४२ | ३३ |
| नियमनकारी कोष | १६८ | ५२१ |
| नगद लाभांश भुक्तानी | - | ९७ |
| बोनस शेयर वितरण (आ.व. २०७६/७७ को लागि) | - | १,८४६ |
| **सञ्चित मुनाफा (अन्तिम मौज्दात)** | ३,४२७ | १,६०० |

बैंकले यस वर्षको खुद नाफाको २० प्रतिशत अर्थात रु ८४.३ करोड साधारण जगेडा कोषमा तथा सटही घटबढ कोष, एन आई सी एशिया बण्ड फिर्ता जगेडा कोष, सामाजिक उत्तरदायित्व कोष तथा नियमनकारी कोषमा क्रमश: रु ०.०२ करोड, रु १ अर्ब ४७ करोड, रु ४.२१ करोड र रु १६.८१ करोड बाडँफाँड गरेको छ ।

नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन २०७८ को इ.प्रा. निर्देशन नं. ६/०७८ को बुँदा नं. १६ बमोजिम हरेक आर्थिक वर्षको खुद नाफाको १ प्रतिशत रकम सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्नु पर्ने व्यवस्था अनुरुप बैंकले गत आ.व. को लागि रु ४.२१ करोड उक्त कोषमा रकमान्तर गरेको छ । उक्त कोषबाट बैंकले चालु आर्थिक वर्षमा राष्ट्र बैंकले तोके बमोजिम विभिन्न सामाजिक उत्तरदायित्व कार्यमा खर्च गरी आफ्नो सामाजिक उत्तरदायित्वका कार्यहरु अगाडि बढाउने योजना रहेको छ ।

माथिका सम्पुर्ण रकमान्तर तथा बाँडफाँड पछि बैंकको सञ्चित मुनाफा रु ३.४३ अर्ब रहेको छ ।

## (ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कारोबारलाई परेको असर

### १. विश्व अर्थतन्त्र

सन् २०२१ मा ६.० प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्र सन् २०२२ मा ३.२ प्रतिशत र सन् २०२३ मा २.७ प्रतिशतले वृद्धि हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ। सन् २०२१ मा ५.२ प्रतिशतले विस्तार भएको विकसित अर्थतन्त्रको वृद्धिदर सन् २०२२ मा २.४ प्रतिशतमा सीमित हुने र सन् २०२१ मा ६.६ प्रतिशतले विस्तार भएको उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रको वृद्धिदर सन् २०२२ मा ३.७ प्रतिशतमा सीमित हुने कोषको प्रक्षेपण रहेको छ।

सन् २०२१ मा १०.१ प्रतिशतले विस्तार भएको विश्व व्यापार आयतनको वृद्धिदर पनि सन् २०२२ मा ४.३ प्रतिशत तथा सन् २०२३ मा २.५ प्रतिशतमा सीमित हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ। रुस-युक्रेन युद्धका कारण विश्व आपूर्ति तथा उत्पादन प्रणाली अवरुद्ध भई खाद्य तथा गैरखाद्य वस्तु र पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धि र अमेरिकी डलरको अधिमूल्यनका कारण विश्वव्यापी रुपमा मुद्रास्फीति बढेको छ। सन् २०२१ मा विकसित र विकासोन्मुख मुलुकहरुको मुद्रास्फीति क्रमश: ३.१ प्रतिशत र ५.९ प्रतिशत रहेकोमा सन् २०२२ मा क्रमश: ७.२ प्रतिशत र ९.९ प्रतिशत तथा सन् २०२३ मा क्रमश: ४.४ प्रतिशत र ८.१ प्रतिशत रहने प्रक्षेपण रहेको छ।

*(श्रोत: नेपाल राष्ट्र बैंक)*

### २. देशको आर्थिक अवस्था

#### कुल ग्राहस्थ उत्पादन र मुद्रास्फीति

केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७८/७९ मा ५.८४ प्रतिशत आर्थिक वृद्धि हुने अनुमान छ। कृषि क्षेत्रको २.३० प्रतिशत, उद्योग क्षेत्रको १०.१९ प्रतिशत र सेवा क्षेत्रको ५.९३ प्रतिशत वृद्धि हुने अनुमान रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा कुल ग्राहस्थ उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमश: २३.९५ प्रतिशत, १४.२९ प्रतिशत र ६१.७६ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा कुल ग्राहस्थ बचत कुल ग्राहस्थ उत्पादनको ९.२७ प्रतिशत पुगेको छ। कुल स्थिर पूँजी निर्माण र कुल राष्ट्रिय बचतको कुल ग्राहस्थ उत्पादनसँगको अनुपात क्रमश: २९.३७ प्रतिशत र ३१.९५ प्रतिशत रहेको छ।

२०७९ असार महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ८.०८ प्रतिशत रहेको छ। २०७८ असार महिनामा यस्तो मुद्रास्फीति ३.६० प्रतिशत रहेको थियो। विश्वव्यापी रुपमा भएको इन्धन तथा खाद्य वस्तुको मूल्यवृद्धि, आपूर्ति प्रणालीमा आएको व्यवधान तथा नेपाली मुद्रा अमेरिकी डलरसँग अवमूल्यन भएका कारणले आर्थिक वर्ष २०७८/७९ का पछिल्ला महिनाहरुमा मुद्रास्फीतिमा चाप रहन पुग्यो। यद्यपि आर्थिक वर्ष २०७८/७९ को शुरुवाती महिनाहरुमा न्यून मुद्रास्फीति रहेको कारण वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ६.३२ प्रतिशतमा सीमित रहयो। अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति ३.६० प्रतिशत रहेको थियो।

#### वित्तीय बजारको स्थिति

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १३.१ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो कर्जा २७.३ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह १२.७ प्रतिशतले, विकास बैंकहरुको कर्जा प्रवाह १३.९ प्रतिशतले र वित्त कम्पनीहरुको २९.८ प्रतिशतले बढेको छ। २०७८ असारमा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ४.५५ प्रतिशत रहेकोमा २०७९ असारमा १०.६६ प्रतिशत रहेको छ। वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७८ असारमा ४.१४ प्रतिशत रहेकोमा २०७९ असारमा ६.९९ प्रतिशत रहेको छ। मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रुपमा लिइने औसत अन्तर-बैंक ब्याजदर २०७९ असारमा ७.०१ प्रतिशत रहेको छ। वाणिज्य बैंकहरुको औसत आधार दर २०७८ असारमा ६.८६ प्रतिशत रहेकोमा २०७९ असारमा ९.५४ प्रतिशत कायम भएको छ। २०७९ असारमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ७.४१ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ११.६२ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्ता दरहरु क्रमश: ४.६५ प्रतिशत र ८.४३ प्रतिशत रहेका थिए।

#### पूँजी बजारको स्थिति

२०७८ असार मसान्तमा २,८८३.४ रहेको नेप्से सूचकाङ्क २०७९ असार मसान्तमा २,००९.५ कायम भएको छ। २०७९ असार मसान्तमा धितोपत्र बजार पुँजीकरण रु. २,८६९ अर्ब ३४ करोड कायम भएको छ। २०७८ असार मसान्तमा बजार पूँजीकरण रु. ४,०१० अर्ब ९६ करोड रहेको थियो। २०७९ असारमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २३४ पुगेको छ। सूचीकृत कम्पनीहरुमध्ये १४६ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ५१ जलविद्युत कम्पनी, १९ उत्पादन तथा प्रशोधन उद्योग, ६ लगानी

कम्पनी, ५ होटल, ४ व्यापारिक संस्था र ३ अन्य समूहका रहेका छन् । २०७८ असारमा सूचीकृत कम्पनीहरूको संख्या २१९ रहेको थियो ।

*(श्रोत: नेपाल राष्ट्र बैंक)*

ग. **प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा,**

मिति २०७९ आषाढ मसान्तपछि बैंकको हितलाई तात्विक असर पर्ने कुनै पनि घटना घटेको छैन । चालु आर्थिक वर्षको पाँच महिनाको अवस्था अघिल्लो वर्षको सोही अवधिसँग तुलना गर्दा निम्न अनुरुप रहेको छ :

*(रकम रु दश लाखमा)*

| विवरण | मंसिर मसान्त २०७९ | मंसिर मसान्त २०७८ | वृद्धिदर (प्रतिशत) |
|---|---|---|---|
| निक्षेप | ३,०३,९६२ | २,९२,४०४ | ४ |
| कुल कर्जा | २,६७,९३९ | २,७५,१९४ | (३) |

१. **शाखा विस्तार**

बैंकले आफ्नो दीर्घकालीन रणनीति अनुरुप, शाखा सञ्जालमा वृद्धि गर्दै समीक्षा अवधिमा बैंकले ३ नयाँ शाखाहरु विस्तार गरी कुल शाखा संख्या ३५९ पुऱ्याएको छ। बैंकले प्रभावकारी रुपमा कार्य क्षेत्र, सञ्जाल विस्तार तथा व्यवस्थापनका गर्नको लागि वैज्ञानिक प्रणाली अवलम्बन गर्दै Footprint Expansion and Management Policy लागु गरी सोही अनुरुप कार्यहरु गरिरहेको छ ।

समीक्षा अवधिमा बैंकको कुल विस्तारित काउण्टरको संख्या १०३, कुल ATM को संख्या ४७३, तथा कुल शाखा रहित बैंकिङ्गको संख्या ८१ पुगेको छ । बैंकले यस आ. व. मा विस्तार गरेका ३ नयाँ शाखाहरु गोदावरी किटिनी, बोडे र पञ्चकन्या नुवाकोट रहेका छन् ।

२. **सेवा विस्तार**

बैंकले ग्राहकवर्गको चाहना तथा माग बमोजिम ग्राहकवर्ग समक्ष नवीनतम, परिमार्जित, भरपर्दो तथा गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ । यसको निम्ति प्रविधिमा भइरहेको विकास, ग्राहकवर्गको आवश्यकता, व्यापार व्यवसायमा परिवर्तन अनुरुप सिर्जना भएका आवश्यकता आदि पक्षहरुको मूल्याङ्कन गरी आफ्नो जनशक्तिलाई सक्षम बनाउँदै ग्राहकवर्गलाई समय सापेक्ष सेवा प्रदान गर्नको निम्ति बैंकले अनुसन्धान तथा विकासलाई संस्थाको एक विशिष्ट पक्षको रुपमा ग्रहण गरेको छ ।

Universal Banking को अवधारणा अनुरुप बैंकले पूँजी बजार, Investment Banking जस्ता कार्यमा लगानी गर्न पूर्ण स्वामित्वमा एन आई सी एशिया क्यापिटल लिमिटेड स्थापना गरेको छ, उक्त कम्पनीले आफ्नो कार्यक्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गर्दै आएको छ। साथै, बैंकको सहायक कम्पनी एन आई सी एशीया लघुवित्त वित्तीय संस्था लिमिटेडले देशका कम आय भएका तथा दुरदराजका जनताहरुलाई वित्तीय सेवा प्रदान गर्दै आएको छ ।

देशकै Digital First Bank हुने लक्ष्यका साथ बैंकले पछिल्लो प्रविधिमा आधारित नयाँ नयाँ Digital Product हरु विकास गरी छिटो, छरितो र भरपर्दो सेवा प्रदान गर्दै आएको छ ।

३. **नयाँ योजना**

आम नेपाली जनसमुदाय माझ थप सहज बैंकिङ्ग पहुँच पुऱ्याउने उद्धेश्यका साथ देशका विभिन्न क्षेत्रहरुमा बैंकको शाखा, एटीएम, एक्सटेन्सन काउण्टर लगायतबाट ग्राहकलाई विश्वसनीय सेवा प्रदान गर्ने बैंकको लक्ष्य रहेको छ। साथै, शाखा बिस्तार तथा एक्सटेन्सन काउण्टर खोल्न सम्भव नभएका दुर्गम क्षेत्रहरुमा बैंकिङ्ग पहुँच बढाउनका लागि बैंकले शाखा रहित बैंकिङ्ग सेवा उपलब्ध गराउने सोच राखेको छ ।

बैंकले सर्वश्रेष्ठ निक्षेप योजना अन्तर्गत ग्राहकका चाहना अनुरुप नयाँ संस्करण प्रस्तुत गर्दै आएको छ । नि:शुल्क डेबिट कार्ड, क्रेडिट कार्ड, मोबाइल बैंकिङ्ग, रु ८४ लाख सम्मको बिमा सुविधा, साथै अरु उत्कृष्ट सुविधा सहित सर्वश्रेष्ठ निक्षेप योजनाका नयाँ संस्करण ग्राहक समक्ष प्रस्तुत गरेको छ र आगामी दिनहरुमा अझै उत्कृष्ट योजना ल्याउने बैंकको योजना रहेको छ ।

साथै, आउँदा दिनमा समेत समय सापेक्ष तथा आधुनिक प्रविधि उन्मुख सेवाहरु मार्फत ग्राहकवर्गहरुलाई थप आकर्षक बैंकिङ्ग सेवा तथा सुविधाहरु प्रदान गर्ने प्रयास गर्नेछौं ।

४. **प्रविधि विकास तथा सूचना व्यवस्थापन प्रविधि**

डिजिटल बैंकिङ्ग सेवाको विकास गरी बैंकिङ्ग सेवा प्रवाहलाई अझ आकर्षक र प्रतिष्पर्धी बनाउन तथा बैंकलाई सेवाग्राहीमुखी बनाउन "सोच बदलौं" को नारा सहित बैंकले आफ्नो Digital Channel लाई सुदृढ गराउने योजना बैंकले अगाडि सारेको छ ।

डिजिटल प्रविधिलाई आफ्नो सेवा प्रवाहमा एकीकृत गरेर बैंकिङ्ग सुविधा प्रदान गर्ने तथा मानव जीवनमा आवश्यक पर्ने बैंकिङ्ग सम्बन्धी सम्पूर्ण सेवा सुविधा बैंकले नै प्रदान

गर्ने कार्यलाई Lifestyle Banking को अवधारणाको रुपमा बैंकले आत्मसात गर्दै आफ्नो सेवाहरु विस्तार गरिरहेको छ ।

बैंकले आफ्ना सम्पूर्ण बैंकिङ्ग कार्यहरुलाई Automation गर्ने र कागज रहित कार्यालय वातावरण बनाउने तर्फ प्रयासरत रहेको छ । बैंक आफ्नो सूचना, श्रोत र तथ्यांक प्रणालीको सुरक्षा प्रति सदैव संवेदनशील छ । बैंकले सूचना प्रविधि नीति (IT Policy) लागू गरेको छ तथा बैंकको Data Centre Operation, Hardware, Network Security तथा Computer System सम्बन्धी विषयहरुलाई बैंकको Internal Audit Department ले आवधिक रुपमा लेखापरीक्षण गर्दछ । साथै, बैंकले आफ्नो Information System Audit नियमित रुपमा गराई आफ्नो सूचना व्यवस्थापन तथा सुरक्षालाई थप मजबुत बनाएको छ ।

५. **मानव संशाधन**

बैंकले आफ्नो कर्मचारीहरुलाई सदैव आफ्नो महत्वपूर्ण सम्पत्तिको रुपमा लिएको छ । बैंकको दीर्घकालीन रणनीति अनुरुप बढ्दो व्यापार तथा व्यवस्थित शाखा विस्तार नीतिका कारणहरुले गर्दा यो वर्ष पनि बैंकमा कर्मचारीहरुको संख्यामा वृद्धि भएको छ । बदलिंदो परिवेश, गतिशिल आर्थिक वातावरणमा आफ्नो कर्मचारीहरुलाई समय सापेक्ष, दक्ष र सिपयुक्त बनाउन तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका साथसाथै प्रोत्साहन गर्नका लागि बैंकले समय समयमा विभिन्न आन्तरिक तथा वाह्य तालिमहरु उपलब्ध गराउँदै आएको छ ।

समीक्षा अवधिमा १,३७७ आन्तरिक तथा बाह्य तालिमहरुमा बैंकका कर्मचारीहरु सहभागी भई निजहरुको क्षमता अभिवृद्धि तथा सिप विकासमा मद्दत पुगेको छ । बैंकले कर्मचारीको सिप तथा क्षमताको अभिवृद्धि गर्नका लागि बैंकलाई ज्ञान हासिल गर्ने थलोका रुपमा विकसित गर्न र कर्मचारीमा ज्ञान हासिल गर्ने संस्कार बसाल्न विभिन्न कार्यहरु गरेको छ ।

मानव संशाधनको विकासले दैनिक कार्यमा सहयोग गर्ने मात्र नभई बैंकमा नयाँ सोच, नयाँ प्रविधिहरु भित्र्याउन मद्दत पुग्ने कुरामा सञ्चालक समिति विश्वस्त छ । आगामी वर्षहरुमा समेत कर्मचारीहरुको ज्ञान तथा क्षमता वृद्धिका लागि आन्तरिक तथा बाह्य तालिमहरु निरन्तर रुपमा सञ्चालन गरिनेछ । कुल कर्मचारीहरुको संख्या आर्थिक वर्ष २०७९ आषाढ मसान्त सम्ममा ४,३८५ पुगेको छ । बैंकमा कार्यरत कर्मचारीहरुमा ५४.२ प्रतिशत पुरुष र ४५.८ प्रतिशत महिला रहेका छन् ।

घ. **कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्ध**

बैंकले आफ्नो व्यवसायिक दायरालाई फराकिलो पार्दै जानको लागि बैंकको प्रगतिसँग सरोकार राख्ने संघ संस्था तथा औद्योगिक व्यावसायिक प्रतिष्ठानहरुसँग सुमधुर सम्वन्ध स्थापित गरी सो सम्वन्धलाई अझ मजबुद गर्दै लगेको छ र सो प्रक्रियालाई भविष्यमा पनि निरन्तरता दिने योजना राखेको छ । यसै क्रममा बैंकले Nepal India Chamber of Commerce, Forum of Nepalese Bankers, Foreign Exchange and Money Dealers Association, Nepal Bankers' Association, Banking Promotion Committee, Nepal Foreign Trade Association, Nepal Institute of Company Secretaries, International Chamber of Commerce Nepal, World Bank, International Finance Corporation, Asian Development Bank, Federation of Nepalese Chambers of Commerce and Industry, Confederation of Nepalese Industries, Confederation of Banks and Financial Institutions Nepal, Management Association of Nepal जस्ता संस्थाहरुसँग रहेको सुमधुर सम्बन्धलाई समीक्षा अवधिमा समेत निरन्तरता दिएको छ ।

ङ. **सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण**

मिति २०७८/१२/२० मा सम्पन्न बैंकको २४औं वार्षिक साधारण सभाको निर्णयानुसार सर्वसाधारण शेयरधनी समुहबाट ४ वर्षको लागि निर्वाचित सञ्चालक श्री निकुञ्ज अग्रवालज्युले मिति २०७९ कार्त्तिक १ गते आफ्नो व्यक्तिगत कारण दर्शाउनु भई सञ्चालक पदबाट राजिनामा दिनुभएकोमा निजको राजिनामा मिति २०७९ कार्त्तिक २ मा सम्पन्न सञ्चालक समितिको ५७१ औं बैठकले स्वीकृत गरी सञ्चालक समितिको सोही बैठकले सञ्चालक श्री निकुञ्ज अग्रवालको पदावधिको बाँकि अवधिको लागि निजको स्थानमा सर्वसाधारण शेयरधनी समुहवाट श्री केशवप्रसाद लम्सालज्यूलाई बैकको सञ्चालक पदमा नियुक्त गरेको छ ।

सञ्चालक समितिको संरचना देहाय बमोजिम रहेको छ :

| | |
|---|---|
| अध्यक्ष | श्री तुलसीराम अग्रवाल |
| सञ्चालक | श्री त्रिलोक चन्द अग्रवाल |
| सञ्चालक | श्री रामचन्द्र संघई |
| स्वतन्त्र/महिला सञ्चालक | श्रीमती विजया स्वार |
| सञ्चालक | श्री गणेश मान श्रेष्ठ |
| सञ्चालक | श्री आदित्य कुमार अग्रवाल |
| सञ्चालक | श्री केशवप्रसाद लम्साल |

- **सञ्चालक समितिको बैठक**

विद्यमान ऐन तथा बैंकको नियमावलीको प्रावधान अनुरुप सञ्चालक समितिको बैठक नियमित रुपमा बस्ने गरेको छ। सञ्चालक समितिका बैठकहरुमा बैंकका प्रमुख कार्यकारी अधिकृत स्थायी आमन्त्रित सदस्य रहनु भएको छ।

समीक्षा अवधिमा सञ्चालक समितिको कुल ६० वटा बैठक बसेको छ। बैठकमा सञ्चालकज्यूहरुको उपस्थिति र वहाँहरुले प्राप्त गरेको भत्ताको विवरण निम्न अनुसार रहेको छ :

| सदस्यहरु | उपस्थित भएको बैठक संख्या | बैठक भत्ता रु. |
|---|---|---|
| अध्यक्ष, श्री तुलसीराम अग्रवाल | ६०/६० | १२,००,००० |
| सञ्चालक, श्री त्रिलोक चन्द अग्रवाल | ५४/६० | ८,६४,००० |
| सञ्चालक, श्री रामचन्द्र संघई, सञ्चालक | ४४/६० | ७,०४,००० |
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल, सञ्चालक | ३७/४१ | ५,९२,००० |
| सञ्चालक, श्री बिनोद कुमार प्याकुरेल, सञ्चालक | ३९/४१ | ६,२४,००० |
| सञ्चालक, श्री गणेश मान श्रेष्ठ, सञ्चालक | २६/२६ | ४,१६,००० |
| सञ्चालक, श्री निकुञ्ज अग्रवाल, सञ्चालक | ५२/६० | ८,३२,००० |
| स्वतन्त्र/महिला सञ्चालक, श्रीमती विजया स्वार | ४४/६० | ७,०४,००० |
| सञ्चालक, श्री आदित्य कुमार अग्रवाल | १९/१९ | ३,०४,००० |
| **जम्मा** | | ६२,४०,००० |

व्यवस्थापन तहको कर्मचारीलाई सञ्चालक समिति वा सञ्चालक स्तरको समितिको बैठकमा उपस्थिति भए वापत कुनै किसिमको भत्ता दिने नियम रहेको छैन र दिइएको छैन।

**च. कारोबारलाई असर पार्ने मुख्य कुराहरू**

प्रतिकुल आर्थिक अवस्था, देशको समग्र आर्थिक स्थिति, तरलता एवं सीमित लगानीका अवसरहरु, व्याजदर अन्तरको व्यवस्थापन, प्रविधि सुरक्षा चालु वर्षमा पनि चुनौतीका रुपमा रहने छन्। साथै, बढ्दो प्रतिस्पर्धा एवं दक्ष जनशक्तिको अभावले थप चुनौतीहरु थपिएका छन्।

यी चुनौती र अवसरहरुलाई ध्यानमा राख्दै बैंकले आफ्नो सेवाको दायरा तथा गुणस्तर वृद्धि गर्दै लैजाने, थप नवीनतम सेवाहरु प्रदान गर्ने तथा नयाँ बजारहरु र नयाँ क्षेत्रहरुमा आफ्नो सेवाहरु विस्तार गर्दै लैजाने रणनीति तर्जुमा गरेको छ।

**छ. लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रिया**

यस्तो कुनै कैफियत लेखापरीक्षकको प्रतिवेदनमा उल्लेख भएको छैन।

**ज. लाभांश बाँडफाँड गर्न सिफारिश गरिएको रकम**

बैंकले यस आर्थिक वर्षमा कुनै लाभांश घोषणा गरेको छैन।

**झ. शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरण**

बैंकले हालसम्म कुनै शेयर जफत गरेको छैन।

**ञ. विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन**

बैंक तथा यसको सहायक कम्पनीको प्रगति विवरण वार्षिक प्रतिवेदनमा छुट्टै उल्लेख गरिएको छ।

**ट. कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन**

आर्थिक वर्षमा बैंकले सामान्य बैंकिङ्ग कारोवारहरु र सहायक कम्पनीले पनि आफ्नो व्यवसाय अनुरुप नै सामान्य कारोवारहरु गर्दै आएको। यस अवधिमा कुनै महत्वपूर्ण परिवर्तन नभएको।

**ठ. विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी**

विगत आर्थिक वर्षमा कुनै यस्तो जानकारी बैंकलाई प्राप्त भएको छैन।

**ड. विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी**

समीक्षा अवधिमा बैंकका सञ्चालक तथा पदाधिकारीहरुले कुनै शेयर खरिद बिक्री गर्नुभएको छैन। आ.व. २०७८/७९ को असार मसान्तमा बैंकका सञ्चालक तथा पदाधिकारीहरुको शेयर स्वामित्वको विवरण देहाय बमोजिम रहेको छ।

| पद/तह | सञ्चालक तथा पदाधिकारीको नाम | शेयर स्वामित्व (कित्ता) | शेयरधनी नं./ हितग्राही खाता नं. | जम्मा शेयर स्वामित्व (कित्ता) | कैफियत |
|---|---|---|---|---|---|
| अध्यक्ष | श्री तुलसीराम अग्रवाल | १,५७४,५८५<br>४८८,२२६ | १३०१३७००००६९३१४१ | २०,६२,८११ | संस्थापक शेयर<br>सर्वसाधारण शेयर |
| सञ्चालक | श्री त्रिलोक चन्द अग्रवाल | ५,५२३,००९<br>६४७,३६७ | १३०१३७००००१०२२०४ | ६१,७०,३७६ | संस्थापक शेयर<br>सर्वसाधारण शेयर |
| सञ्चालक | श्री रामचन्द्र संघई | ३,७१७,७२१<br>१,३८५,०३० | १३०१०६००००७६१७२<br>१३०१३२००००००२३७७ | ५१,०२,७५१ | संस्थापक शेयर<br>सर्वसाधारण शेयर |
| सञ्चालक<br>(निवर्तमान सञ्चालक) | श्री राजेन्द्र प्रसाद अर्याल | ७२,८९६<br>४०,५०७ | १३०१२९०००००१४२८२ | १,१३,४०३ | संस्थापक शेयर<br>सर्वसाधारण शेयर |
| सञ्चालक<br>(निवर्तमान सञ्चालक) | श्री बिनोद कुमार प्याकुरेल | ५८४<br>६<br>२५ | १३०१२९०००००००९४९<br>४३५१७<br>१०४९९३ | ६१५ | सर्वसाधारण शेयर |
| सञ्चालक | श्री निकुञ्ज अग्रवाल | १,६०३,७४९<br>४५०,२५७<br>३,३८९ | १३०१३७००००१०२१२६<br>१३०१०९०००००३६८८८ | २०,५७,३९५ | संस्थापक शेयर<br>सर्वसाधारण शेयर |
| सञ्चालक | श्री गणेश मान श्रेष्ठ | ३४२<br>२९ | १३०१२९००००२३५९७<br>४२९८३ | ३७१ | सर्वसाधारण शेयर |
| सञ्चालक | श्री आदित्य कुमार अग्रवाल | १४३ | १३०१२०००००००९२८ | १४३ | सर्वसाधारण शेयर |
| प्रमुख कार्यकारी अधिकृत | श्री रोशन कुमार न्यौपाने | ३,००६<br>२,७४६ | १३०१३७००००१३६१५१<br>१३०१४२०००००३४१४६ | ५,७५२ | सर्वसाधारण शेयर |
| नायब प्रमुख कार्यकारी अधिकृत | श्री सुधिर नाथ पाण्डे | १०,७५५ | १३०१३७००००१३६३०१ | १०,७५५ | सर्वसाधारण शेयर |
| नायब प्रमुख कार्यकारी अधिकृत | श्री सन्तोष कुमार राठी | ६,२१३<br>१९१ | १३०१३७००००१०३६३०<br>५२१३१ | ६,४०४ | सर्वसाधारण शेयर |
| सहायक प्रमुख कार्यकारी अधिकृत | श्री राजेश रावल | ४,८२४ | १३०१३३००००००२१२९ | ४,८२४ | सर्वसाधारण शेयर |
| सहायक प्रमुख कार्यकारी अधिकृत | श्री जयन्द्र रावल | ६०<br>६,२९५ | ४८३०१<br>१३०१३७०००००२०१७४ | ६,३५५ | सर्वसाधारण शेयर |
| प्रमुख प्रविधि अधिकृत | श्री बपिन राजभण्डारी | २३ | १३०१३९००००००२१३८ | २३ | सर्वसाधारण शेयर |
| प्रमुख कानुन अधिकृत | श्री दिनेश भारी | ७,११५<br>१९२ | १३०१३७००००२६५८५३<br>५२०२१ | ७,३०७ | सर्वसाधारण शेयर |
| कम्पनी सचिव | श्री दिपेन कार्की | २,६४८ | १३०१३७००००१७५४२१ | २,६४८ | सर्वसाधारण शेयर |

**त. आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण**

बैंकको आन्तरिक नियन्त्रण प्रणाली र यसको प्रभावकारिताको समीक्षा गर्ने जिम्मेवारी सञ्चालक समितिमा रहन्छ । यसका लागि सञ्चालक समिति अन्तर्गत नै विभिन्न समितिहरुको गठन गरिएको छ, साथै विशेष क्षेत्रहरुको कार्य सम्पादन र चुस्त तथा प्रभावकारी नीति निर्माण तथा परिपालनको निम्ति आवश्यक समितिहरु गठन गरी आफ्नो अधिकारहरु समेत प्रत्यायोजन गरेको छ । लेखापरीक्षण समितिले नियमित रुपमा आन्तरिक लेखापरीक्षक, बाह्य लेखापरीक्षक र नेपाल राष्ट्र बैंकको सुपरीवेक्षण प्रतिवेदनहरुको समीक्षा गरी सञ्चालक समितिलाई बैंकको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताका विषयमा स्वतन्त्र Assurance प्रदान गर्दछ ।

बैंकको कार्य सम्पादनलाई चुस्त बनाउन र उचित जोखिम व्यवस्थापन गर्न बैंकको समग्र कार्य क्षेत्रलाई व्यवसाय, सञ्चालन सहयोग र नियन्त्रण गरी तीन भागमा वर्गीकरण गरिएको छ ।

बैंकले आफ्नो आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउन आवश्यक एकीकृत जोखिम व्यवस्थापन विभागलाई थप मजबुत बनाउँदै लगेको छ । यस विभाग बैंकको व्यवस्थापनको अधिनमा नभई स्वतन्त्र इकाईको रुपमा आफ्नो कार्य गर्दछ र बैंकको जोखिम व्यवस्थापन समिति प्रति जवाफदेही रहेको छ ।

त्यसैगरी बैंकको आन्तरिक लेखापरीक्षण विभागले बैंकले अंगीकार गरेको नीति निर्माणको परिपालना भए नभएको सम्बन्धमा लेखापरीक्षण गर्दै बैंकको हरेक विभाग, शाखा तथा प्रादेशिक कार्यालयहरुको त्रैमासिक रुपमा लेखापरीक्षण समेत गर्ने गर्दछ । यस विभागले स्वतन्त्र इकाईको रुपमा आवश्यक कामकारवाही गरी आफ्नो प्रतिवेदन बैंकको लेखापरीक्षण समितिलाई पेश गर्ने गर्दछ ।

समीक्षा अवधिमा निम्न अनुसारका समितिहरु बैंकमा क्रियाशील रहेका छन् :

१. **जोखिम व्यवस्थापन समिति**

यस समितिको मुख्य उद्देश्य नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनले यस समितिलाई तोकेको काम, कर्तव्य र उत्तरदायित्व वहन गर्दै बैंकमा अन्तर्निहित तथा भविष्यमा आउन सक्ने विभिन्न जोखिमहरु (कर्जा जोखिम, बजार जोखिम, सञ्चालन जोखिम आदि) को पहिचान, अनुगमन तथा व्यवस्थापन गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने तथा सो सम्बन्धमा बैंक व्यवस्थापनलाई आवश्यक सुझाव दिने हो ।

जोखिम व्यवस्थापन समिति सञ्चालक समिति स्तरको समिति हो र जोखिम व्यवस्थापन सम्बन्धी बैंकको नीति र कार्ययोजना निर्माण गरी सो कार्यान्वयन भए नभएको पुनरावलोकन गर्ने जिम्मेवारी उक्त समितिले राख्ने गर्दछ । सञ्चालक समितिको जोखिम सम्बन्धी जिम्मेवारी पुरा गर्न जोखिम व्यवस्थापन समितिले सहयोग गर्दछ । यस समितिले जोखिमको प्रकृति र स्तर निरन्तर मूल्यांङ्कन गरी उक्त जोखिमले संस्थामा पार्ने असरको अध्ययन गर्दछ । बैंकको व्यवसाय सहज तरिकाले संचालन हुनको लागि पर्याप्त आन्तरिक नियन्त्रण प्रणाली र जोखिम व्यवस्थापन प्रणालीको जिम्मेवारी यस समिति समक्ष रहन्छ । संस्थागत सुशासन सम्बन्धी जोखिम व्यवस्थापन पनि यस समितिको प्रमुख कार्य हो ।

यस समितिको मुख्य उद्देश्य नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनले यस समितिलाई तोकेको काम, कर्तव्य र उत्तरदायित्व वहन गर्दै बैंकमा अन्तर्निहित तथा भविष्यमा आउन सक्ने विभिन्न जोखिमहरु (कर्जा, बजार, सञ्चालन आदि) को पहिचान, अनुगमन तथा व्यवस्थापन गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने तथा सो सम्बन्धमा बैंक व्यवस्थापनलाई आवश्यक सुझाव दिने गर्दछ ।

बैंकको जोखिम व्यवस्थापन समितिमा निम्न सदस्यहरु रहेका छन् :

(समीक्षा अवधिको सुरुवात मिति २०७८/०४/०१ देखि मिति २०७८/०४/२७ सम्म)

| | |
|---|---|
| सञ्चालक, श्री विनोद कुमार प्याकुरेल | संयोजक |
| संचालक, श्री राजेन्द्र प्रसाद अर्याल | सदस्य |
| संचालक, श्री गणेश मान श्रेष्ठ | सदस्य |
| सहायक प्र.का.अ - Experience Assurance Ecosystem, श्री भेष राज खतिवडा | सदस्य |
| प्रमुख जोखिम अधिकृत, श्री कपिल ढकाल | सदस्य सचिव |

(मिति २०७८/०४/२८ देखि मिति २०७८/०५/१० सम्म)

| | |
|---|---|
| सञ्चालक, श्री विनोद कुमार प्याकुरेल | संयोजक |
| संचालक, श्री राजेन्द्र प्रसाद अर्याल | सदस्य |
| संचालक, श्री गणेश मान श्रेष्ठ | सदस्य |
| प्रमुख एक्सपिरियन्स् एशुरेन्स् ईको सिस्टम, श्री दिपेन्द्र बहादुर राजभण्डारी | सदस्य |
| प्रमुख जोखिम अधिकृत, श्री कपिल ढकाल | सदस्य सचिव |

(मिति २०७८/०५/११ देखि मिति २०७८/०५/२७ सम्म)

| | |
|---|---|
| सञ्चालक, श्री विनोद कुमार प्याकुरेल | संयोजक |
| संचालक, श्री राजेन्द्र प्रसाद अर्याल | सदस्य |
| संचालक, श्री गणेश मान श्रेष्ठ | सदस्य |
| सहायक प्र.का.अ - एक्सपिरियन्स् एशुरेन्स् ईको सिस्टम, श्री जयन्द्र रावल | सदस्य |
| प्रमुख जोखिम अधिकृत, श्री कपिल ढकाल | सदस्य सचिव |

(मिति २०७८/०५/२८ देखि मिति २०७८/०७/११ सम्म)

| | |
|---|---|
| सञ्चालक, श्री विनोद कुमार प्याकुरेल | संयोजक |
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | सदस्य |
| सहायक प्र.का.अ - एक्सपिरियन्स् एशुरेन्स् ईको सिस्टम, श्री जयन्द्र रावल | सदस्य |
| प्रमुख जोखिम अधिकृत, श्री कपिल ढकाल | सदस्य सचिव |

(मिति २०७८/०७/१२ देखि मिति २०७८/१२/२० सम्म)

| | |
|---|---|
| सञ्चालक, श्रीमती विजया स्वार | संयोजक |
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | सदस्य |
| सञ्चालक, श्री विनोद कुमार प्याकुरेल | सदस्य |
| सहायक प्र.का.अ - एक्सपिरियन्स् एशुरेन्स् ईको सिस्टम, श्री जयन्द्र रावल | सदस्य |
| प्रमुख जोखिम अधिकृत, श्री कपिल ढकाल | सदस्य सचिव |

(मिति २०७८/१२/२२ देखि मिति २०७९/०३/३२ सम्म)

| | |
|---|---|
| सञ्चालक, श्रीमती विजया स्वार | संयोजक |
| सञ्चालक, श्री गणेश मान श्रेष्ठ | सदस्य |
| सहायक प्र.का.अ - एक्सपिरियन्स् एशुरेन्स् ईको सिस्टम, श्री जयन्द्र रावल | सदस्य |
| प्रमुख जोखिम अधिकृत, श्री कपिल ढकाल | सदस्य सचिव |

यस समितिको निम्न बमोजिमका जिम्मेवारीहरु (Terms of Reference) रहेका छन् :

- विद्यमान जोखिम पहिचान तथा व्यवस्थापन प्रणालीको पर्याप्तता र उपयुक्तता सम्बन्धमा संचालक समितिलाई जानकारी गराउने र उपयुक्त प्रणालीको विकासका लागि सुझाव दिने ।

- व्यवसायिक गतिविधिमा निहित जोखिमको स्तर, जोखिम बहन क्षमता, जोखिम व्यवस्थापनको लागि विकास गरेको रणनीति, नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा संचालक समितिमा सुझाव पेश गर्ने ।

- व्यवस्थापनबाट नियमित रुपमा जोखिम व्यवस्थापन प्रतिवेदन लिई जोखिमको आंकलन, मूल्यांकन, नियन्त्रण तथा अनुगमन के कसरी भइरहेको छ सो सम्बन्धमा छलफल गर्ने र संचालक समितिमा आवश्यक सुझाव पेश गर्ने ।

- जोखिम समायोजित सम्पत्ति अनुसार पुँजीको पर्याप्तता, आन्तरिक पुँजी विश्लेषण पद्धति (ICAAP), व्यवसायिक रणनीति अनुरुप नीतिगत व्यवस्थाको पर्याप्तता, संस्थाले लिन सक्ने अधिकतम जोखिम सम्बन्धमा नियमित रुपमा छलफल तथा विश्लेषण गरी संचालक समितिलाई आवश्यक राय, सुझाव दिने ।

- जोखिम व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशन/मार्गनिर्देशन, संस्थाले निर्धारण गरेका आन्तरिक सीमा, उपयुक्त प्रचलन अनुरुप आवश्यक नीति एवम् संरचना विकास गर्नका लागि संचालक समितिलाई सुझाव दिने ।

- इजाजतपत्र प्राप्त संस्थाले नियमित रुपमा दवाव परीक्षण (स्ट्रेस टेष्टिङ्ग) गरी सोको परिणाम उपर छलफल गरी सोका आधारमा भविष्यमा अपनाउनु पर्ने आवश्यक नीति निर्माण वा निर्णय प्रक्रियाका लागि संचालक समितिमा सुझाव पेश गर्ने ।

- सञ्चालक समितिबाट भएको अख्तियार प्रत्यायोजनको सीमा तथा औचित्यता विश्लेषण गरी सञ्चालक समितिमा आवश्यक सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।

- संस्थाको सम्पत्ति संरचना, ती सम्पत्तिहरु परिचालनको अवस्था, त्यसबाट प्राप्त गर्न सकिने आय, सम्पत्तिहरुको गुणस्तरमा हुने वृद्धि/ह्रास र सम्पत्ति दायित्व समिति (ALCO) बाट भएका कार्यहरुको सम्बन्धमा त्रैमासिक रुपमा विश्लेषण/समीक्षा गरी संचालक समितिमा प्रतिवेदन पेश गर्ने ।

- अर्थतन्त्रको कुनै क्षेत्रमा उत्पन्न हुने समस्या वा परिवर्तनले संस्थाको वित्तीय अवस्थामा पार्न सक्ने असरको सम्बन्धमा अध्ययन गरी सो को निराकरणको लागि के कस्तो नीति अवलम्बन गर्नु पर्ने हो आवश्यक सुझाव सहित संचालक समितिमा प्रतिवेदन पेश गर्ने ।

समीक्षा अवधिमा यस समितिले जोखिम व्यवस्थापनका लागि गरेका प्रमुख कार्यहरुको संक्षिप्त सार निम्नानुसार रहेको छ :

- विभिन्न प्रतिवेदनहरुको माध्यमबाट जोखिम व्यवस्थापनको पर्याप्तता र उपयुक्तताको मुल्यांकन गरिएको तथा प्रभावकारी जोखिम व्यवस्थापनका लागी आवश्यक उपयुक्त प्रणालीको विकास गर्न संचालक समिति समक्ष सुझाव प्रस्तुत गरिएको ।

- यस वर्ष समितिले ३८ वटा नीतिहरु, ११ वटा प्रोडक्ट पेपर मार्गदर्शनहरु (Product Paper Guidelines) तथा ३ वटा कार्यविधिहरु (Procedural Guidelines) गरी जम्मा ५२ वटा नीति/मार्गदर्शन/कार्यविधिहरुको तर्जुमा/परिमार्जन गरी बैंकमा प्रभावकारी हिसावले लागू गरिएको ।

- बैंकको व्यवसायिक कारोवारसँग सम्बन्धित नीतिहरुमा जोखिम क्षमता तथा जोखिम वहन गर्न सक्ने सीमाको निर्धारण तथा समीक्षा गरी संचालक समिति समक्ष सुझाब सहित प्रतिवेदनहरु प्रस्तुत गरिएको ।

- जोखिम समायोजित सम्पत्ति अनुसार पूँजीको पर्याप्तता, आन्तरिक पूँजी विश्लेषण पद्धति (ICAAP), व्यवसायिक रणनीति अनुरुप नीतिगत व्यवस्थाको पर्याप्तता, संस्थाले लिन सक्ने अधिकतम जोखिम सम्बन्धमा नियमित रुपमा छलफल तथा विश्लेषण गरी संचालक समिति समक्ष आवश्यक राय, सुझाव प्रस्तुत गरिएको ।

- जोखिम व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशन/मार्गनिर्देशन, संस्थाले निर्धारण गरेका आन्तरिक सीमा, उपयुक्त प्रचलन अनुरुप आवश्यक नीति एवम् संरचना विकास गर्नका लागि संचालक समितिलाई सुझाव प्रस्तुत गरिएको ।

- त्रैमासिक रुपमा दवाव परीक्षण (स्ट्रेस टेष्टिङ्ग) को

परिणाम उपर विश्लेषण गरी आवश्यक सुझाब सहितको प्रतिवेदन सञ्चालक समिति समक्ष पेश गरिएको ।

- सञ्चालक समितिबाट प्रमुख कार्यकारी अधिकृत, Management Credit Committee र Credit Committee लाई भएको अख्तियार प्रत्यायोजनको समीक्षा गरी संचालक समिति समक्ष प्रतिवेदन पेश गरिएको ।

- संस्थाको सम्पत्ति संरचना, ती सम्पत्तिहरु परिचालनको अवस्था, त्यसबाट प्राप्त गर्न सकिने आय, सम्पत्तिहरुको गुणस्तरमा हुने वृद्धि/ह्रास र सम्पत्ति दायित्व समिति (ALCO) बाट भएका कार्यहरुको सम्बन्धमा त्रैमासिक रुपमा विश्लेषण /समीक्षा गरी संचालक समितिमा प्रतिवेदन पेश गरिएको ।

- संचालक समिति समक्ष जोखिम व्यवस्थापन समितिको माईन्यूट नियमित रुपमा पेश गरिएको ।

आर्थिक वर्ष २०७८/७९ मा समितिको जम्मा २९ वटा बैठक बसेको र सञ्चालकज्यूहरुको उपस्थिती एवं वहाँहरुले प्राप्त गर्नुभएको बैठक भत्ताको विवरण निम्नानुसार रहेको छ :

| सदस्यहरु | उपस्थित भएको बैठक संख्या | बैठक भत्ता रु. |
|---|---|---|
| श्रीमती विजया स्वार | १७ | २,७२,००० |
| श्री विनोद कुमार प्याकुरेल | २२ | ३,५२,००० |
| श्री राजेन्द्र प्रसाद अर्याल | २३ | ३,६८,००० |
| श्री गणेश मान श्रेष्ठ | १० | १,६०,००० |
| **जम्मा** | | **११,५२,०००** |

## २. कर्मचारी सेवा सुविधा समिति

उत्कृष्ट सेवा प्रदान गर्न तथा जोखिमको उचित व्यवस्थापन गर्नका लागि सक्षम र व्यवसायिक जनशक्तिको आवश्यकता पर्दछ । सक्षम जनशक्ति नै बैंकको बलियो आधार भएकोले गुणस्तरीय जनशक्ति आर्कषण गर्ने, जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाउन व्यवस्थापनका सिद्धान्त र बैंकिङ्ग व्यवसायको प्रभावकारी सञ्चालनका लागि निरन्तर रुपमा व्यवस्थापन पुनरावलोकन र समायोजन गरिरहनु पर्ने हुन्छ ।

कर्मचारी सेवा सुविधा समिति एक सञ्चालक समिति स्तरको समिति हो, जसको प्रमुख उद्देश्य बैंकको जनशक्ति व्यवस्थापन सम्बन्धी नीति तथा मापदण्डहरु तयार गरी सञ्चालक समिति समक्ष पेश गर्ने तथा आवधिक रुपमा यस समितिले गरेका निर्णयहरुको तथा निर्णय बमोजिम भएका कार्यहरुको जानकारी सञ्चालक समिति समक्ष प्रस्तुत गर्ने गर्दछ ।

यस समितिमा निम्न पदाधिकारीहरु रहेका छन् :

(समीक्षा अवधिको सुरुवात मिति २०७८/०४/०१ देखि मिति २०७८/१०/२६ सम्म)

| | |
|---|---|
| सञ्चालक, श्री रामचन्द्र संघई | संयोजक |
| सञ्चालक, श्री त्रिलोक चन्द अग्रवाल | सदस्य |
| प्रमुख कार्यकारी अधिकृत, श्री रोशन कुमार न्यौपाने | सदस्य |
| प्रमुख रणनीति अधिकृत, श्री विशाल सिग्देल | सदस्य |
| नायब प्रमुख कार्यकारी अधिकृत, श्री सुधिर नाथ पाण्डे | सदस्य सचिव |

(मिति २०७८/१०/२७ देखि मिति २०७८/१२/२० सम्म)

| | |
|---|---|
| सञ्चालक, श्री रामचन्द्र संघई | संयोजक |
| सञ्चालक, श्री त्रिलोक चन्द अग्रवाल | सदस्य |
| प्रमुख कार्यकारी अधिकृत, श्री रोशन कुमार न्यौपाने | सदस्य |
| प्रमुख वित्तीय अधिकृत, श्री रुपेश लुईंटेल | सदस्य |
| नायब प्रमुख कार्यकारी अधिकृत, श्री सुधिर नाथ पाण्डे | सदस्य सचिव |

(मिति २०७८/१२/२२ देखि मिति २०७९/०३/३२ सम्म)

| | |
|---|---|
| सञ्चालक, श्री त्रिलोक चन्द अग्रवाल | संयोजक |
| सञ्चालक, श्री आदित्य कुमार अग्रवाल | सदस्य |
| प्रमुख कार्यकारी अधिकृत, श्री रोशन कुमार न्यौपाने | सदस्य |
| प्रमुख वित्तीय अधिकृत, श्री रुपेश लुईंटेल | सदस्य |
| नायब प्रमुख कार्यकारी अधिकृत, श्री सुधिर नाथ पाण्डे | सदस्य सचिव |

यस समितिको निम्न बमोजिमका जिम्मेवारीहरु (Terms of Reference) रहेका छन् :

- संस्थाको "पारिश्रमिक निर्धारण नीति" तर्जुमा गर्न सञ्चालक समितिलाई आवश्यक सहयोग गर्ने ।

- समय समयमा सम्पूर्ण कर्मचारीहरुको पारिश्रमिक


बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

संरचनाको अध्ययन तथा विश्लेषण गर्ने र बजारको पारिश्रमिक संरचनामा आएको परिवर्तनले संस्थामा पार्ने प्रभावका सम्बन्धमा नियमित रुपले अध्ययन गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने ।

- संस्थाको "पारिश्रमिक निर्धारण नीति" बमोजिम प्रचलित कानुन तथा नीति निर्देशनमा उल्लिखित व्यवस्थाहरुको पालना हुने गरी प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुको पारिश्रमिक वृद्धि गर्नु पर्ने देखिएमा सोको आधारहरु सहित सञ्चालक समितिमा सिफारिश गर्ने ।

- संस्थाका कर्मचारीहरुले सम्पादन गर्नु पर्ने कार्य विवरण, लक्ष्य र प्रगति मूल्याङ्कनका परिसूचकहरु समेत विकास गरी सो बमोजिम निजहरुको कार्यसम्पादन मूल्याङ्कन प्रणालीको पुनरावलोकन गर्ने ।

- जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यहरु भर्ना, छनौट, नियुक्ति, पदस्थापना, सरुवा, बढुवा, वृत्तिविकास, कार्यसम्पादन मूल्याङ्कन, पुरस्कार तथा सजाय र श्रम सम्बन्धी योजना, नीति तथा मापदण्डहरु तयार गरी सञ्चालक समिति समक्ष पेश गर्ने ।

- कर्मचारी नीति तथा कार्यरत कर्मचारी संरचनाको समीक्षा गर्ने र Succession Planning तयार गरी स्वीकृतिका लागि सञ्चालक समिति समक्ष सिफारिश गर्ने । प्रमुख कार्यकारी अधिकृतले आफ्नो सेवा सुविधासँग सम्बन्धी विषयमा छलफल गर्न बसेको समितिको बैठकमा भाग लिन पाउने छैनन् ।

समीक्षा अवधिमा यस समितिले गरेका प्रमुख कार्य विवरणहरुको संक्षिप्त विवरण यस प्रकार रहेको छ :

- आ.व. २०७८/७९ को Strategic Financial Plan को तयारी गर्नको लागि Job Design, भर्ना क्यालेन्डर, पदोन्नति क्यालेन्डर, उत्तराधिकार योजना, Learning and Development क्यालेन्डर र संस्थाको संरचना समीक्षा गरिएको ।
- Strategic Financial Plan / DNA & Talent Management नीति अनुसार त्रैमासिक समीक्षा र सञ्चालक समितिमा सिफारिस पेश गरिएको ।

- कोभिड-१९ बाट कर्मचारीको सुरक्षा र स्वास्थ्य सुनिश्चित गर्न बैंकले चालेका सुरक्षा उपाय र सावधानीहरूको समीक्षा र अद्यावधिक गरिएको ।

- बैंकको नीति अनुसार कर्मचारीहरूले प्राप्त गरेका कर्मचारी सुविधाहरूको समीक्षा गरिएको ।

आर्थिक वर्ष २०७८/०७९ मा समितिको जम्मा ७ वटा बैठक बसेको र सञ्चालकज्यूहरुको उपस्थिती एवं वहाँहरुले प्राप्त गर्नुभएको बैठक भत्ताको विवरण निम्नानुसार रहेको छ :

| सदस्यहरु | उपस्थित भएको बैठक संख्या | बैठक भत्ता रु. |
|---|---|---|
| श्री रामचन्द्र संघई | ५ | ८०,००० |
| श्री त्रिलोक चन्द अग्रवाल | ७ | १,१२,००० |
| श्री आदित्य कुमार अग्रवाल | २ | ३२,००० |
| **जम्मा** | | २,२४,००० |

३. **लेखापरीक्षण समितिको विषयमा क्रमांक "द" मा उल्लेख गरेको ।**

४. **सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति**

सम्पत्ति शुद्धीकरण निवारण समिति एक सञ्चालक समिति स्तरको समिति हो, जसको प्रमुख उद्देश्य सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा बैंकले तर्जुमा गरेको नीति/ नियम/ मार्गदर्शनहरुको पुनरावलोकन गर्नु, सम्पत्ति शुद्धीकरण, आतंकवादी क्रियाकलापमा वित्तीय लगानी तथा भ्रष्टाचार सम्बन्धी जोखिम पहिचान तथा नियन्त्रण गर्न बैंकले तयार गरेको संयन्त्रको आवधिक पुनरावलोकन गर्नु लगायत रहेको छ । यस समितिले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी तथा भ्रष्टाचार सम्बन्धी कानून, नियमनकारी निकायले तोकेको मापदण्ड र बैंकको नीतिहरु कार्यान्वयन सम्बन्धमा बैंक व्यवस्थापनलाई आवश्यक सुझाव दिन सक्ने छ तथा आवधिक रुपमा यस समितिले गरेका निर्णयहरुको तथा निर्णय वमोजिम भएका कार्यहरुको जानकारी सञ्चालक समिति समक्ष प्रस्तुत गर्ने गर्दछ ।

नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन २०७८ को इ.प्रा. निर्देशन नं. १९/०७८ बमोजिम ग्राहक पहिचान, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी सम्बन्धी नीति निर्माण, परिमार्जन र कार्यान्वयन गर्ने दायित्व यस समितिको रहन्छ । साथै, सम्पत्ति शुद्धीकरण, वित्तीय आतंकवाद र भ्रष्टाचारको जोखिम पहिचान र न्यूनीकरण यस समितिको प्रमुख जिम्मेवारी हो । समितिले कामको आवश्यकता बमोजिम विशेषज्ञलाई बैठकमा आमन्त्रित गर्न वा महत्वपूर्ण विषयमा राय सुझाव प्रदान गर्न अनुरोध गर्न सक्दछ ।

यस समितिमा निम्न पदाधिकारीहरु रहेका छन् :

(समीक्षा अवधिको सुरुवात मिति २०७८/०४/०१ देखि मिति २०७८/०७/११ सम्म)

| | |
|---|---|
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | संयोजक |
| सञ्चालक, श्री विनोद कुमार प्याकुरेल | सदस्य |
| श्री कपिल ढकाल, प्रमुख जोखिम अधिकृत | सदस्य |
| श्री राजु प्रसाद अधिकारी, सम्पत्ति शुद्धीकरण निवारण कार्यान्वयन अधिकृत | सदस्य सचिव |

(मिति २०७८/०७/१२ देखि मिति २०७८/०८/०८)

| | |
|---|---|
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | संयोजक |
| सञ्चालक, श्रीमती विजया स्वार | सदस्य |
| श्री कपिल ढकाल, प्रमुख जोखिम अधिकृत | सदस्य |
| श्री राजु प्रसाद अधिकारी, सम्पत्ति शुद्धीकरण निवारण कार्यान्वयन अधिकृत | सदस्य सचिव |

(मिति २०७८/०८/०९ देखि मिति २०७८/१२/२०)

| | |
|---|---|
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | संयोजक |
| सञ्चालक, श्रीमती विजया स्वार | सदस्य |
| श्री कपिल ढकाल, प्रमुख जोखिम अधिकृत | सदस्य |
| श्री दिपक ढकाल, सम्पत्ति शुद्धीकरण निवारण कार्यान्वयन अधिकृत | सदस्य सचिव |

(मिति २०७८/१२/२२ देखि मिति २०७९/०३/३२ सम्म)

| | |
|---|---|
| सञ्चालक, श्री आदित्य कुमार अग्रवाल | संयोजक |
| सञ्चालक, श्री गणेश मान श्रेष्ठ | सदस्य |
| श्री कपिल ढकाल, प्रमुख जोखिम अधिकृत | सदस्य |
| श्री दिपक ढकाल, सम्पत्ति शुद्धीकरण निवारण कार्यान्वयन अधिकृत | सदस्य सचिव |

यस समितिको निम्न बमोजिमका काम, कर्तव्य तथा जिम्मेवारीहरु (Terms of Reference) रहेका छन् :

- सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३, नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन (इ.प्रा.निर्देशन नं. १९) बमोजिम भए/गरेका काम कारवाहीको समीक्षा गरी प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने ।

- सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३, नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन तथा Financial Action Task Force (FATF) द्वारा जारी भएको सिफारिस (Recommendation) बमोजिम बैंकले तर्जुमा तथा कार्यान्वयन गरेको आन्तरिक नीति, कार्यविधि तथा प्रकृयागत पक्षहरुको पर्याप्तता सम्बन्धमा छलफल गरी आवश्यक नीतिगत व्यवस्था र सो को कार्यान्वयन गर्ने ।

- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी पहिचान र सोको निवारणका लागि अपनाईएका र अपनाउनुपर्ने प्रकृयागत पक्ष तथा सो कार्यमा प्रयोग हुने सूचना प्रविधि प्रणालीको पर्याप्तता सम्बन्धी छलफल गरी आवश्यक सुधारको लागि सञ्चालक समितिलाई सुझाव दिने ।

- ग्राहक पहिचान सम्बन्धी व्यवस्थाको विश्लेषण गरी उच्च पदस्थ व्यक्ति तथा अन्तिम हिताधिकारी लगायत जोखिम वर्गीकरण अनुसार ग्राहक पहिचान र ग्राहक स्वीकार नीति (Customer Acceptance Policy) तर्जुमा तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी ऐन, नियमावली, नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशन, एवम् बैंकको आन्तरिक नीति नियमको परिपालना तथा कार्यान्वयन अवस्थाको बारेमा त्रैमासिक प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने ।

- व्यवस्थापनबाट देहाय बमोजिमको प्रतिवेदन/विवरण लिई छलफल गर्ने र आवश्यकता अनुसार सञ्चालक समितिलाई सुझाव दिने ।
  - AML/CFT को जोखिम व्यवस्थापन सम्बन्धी प्रतिवेदन ।
  - ग्राहक पहिचानको अद्यावधिक स्थिति, ग्राहक पहिचान पद्धति (CDD) को विवरण, PEPs को विवरण र बृहत ग्राहक पहिचान पद्धति (ECDD) को विवरण तथा यसलाई छिटो, छरितो र सुचना प्रविधिको प्रयोग मार्फत थप प्रभावकारी बनाउन भविष्यमा अवलम्बन गर्नुपर्ने नीतिगत, प्रकृयागत र संस्थागत सुधारका कार्यहरुको विवरण ।
  - आन्तरिक लेखापरीक्षण, बाह्य लेखापरीक्षण र यस बैंकको निरीक्षण प्रतिवेदनमा उल्लेखित सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कैफियतहरु उपर समीक्षा तथा सो सम्बन्धमा नीतिगत एवम् प्रक्रियागत सुधार गर्नु पर्ने पक्षहरुको विस्तृत विवरण ।

- बैंकले नयाँ सेवा/सुविधा शुरुवात गर्दा, प्रविधि

(IT System) खरिद गर्दा, वायर ट्रान्सफर गर्दा, ई-बैकिङ्ग/मोबाईल बैकिङ्ग (QR Code समेत), मोबाइल वालेट मार्फत रकम रकमान्तर गर्दा र अन्य अनलाईन/अफलाइन मार्फत हुने कारोबारमा निहित सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी जोखिमको विश्लेषण र सोको व्यवस्थापनको लागि नीतिगत एवं प्रक्रियागत पक्षमा गर्नुपर्ने आवश्यक सुधारहरुको सम्बन्धमा विस्तृत विवरण पुनरावलोकन गर्ने ।

- राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी भएको विषयहरु/घटनाहरु र त्यसबाट बैंक/वित्तीय संस्थालाई पर्न सक्ने असरहरुको विश्लेषण गरी जोखिम व्यवस्थापन गर्न के कस्तो नीतिगत व्यवस्था गर्नुपर्ने हो सो सम्बन्धमा आवश्यक सुझाव सञ्चालक समिति समक्ष पेश गर्ने ।

- कार्यान्वयन अधिकारी, संस्थाको चुक्ता पूँजीको दुई प्रतिशत वा सो भन्दा वढी शेयर स्वामित्व भएका शेयरधनी, सञ्चालक समितिका सदस्यहरु, उच्च व्यस्थापनलाई र AML/CFT को कार्यमा प्रत्यक्ष तथा नियमित रुपमा संलग्न हुने कर्मचारीहरुलाई AML/CFT सम्बन्धी बिषयमा उपयुक्त ज्ञान हस्तान्तरण कार्यक्रमको व्यवस्थापन गर्ने ।

- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी आन्तरिक नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा सञ्चालक समितिमा सुझाव पेश गर्ने ।

- AML/CFT प्रणालीले प्रभावकारी रुपमा काम गरे/नगरेको, जोखिमको उचित तवरले व्यवस्थापन गरे/नगरेको, अस्वभाविक गतिविधिको पर्याप्त अनुगमन हुने व्यवस्था गरे/नगरेको र आवश्यक प्रतिवेदनहरु सम्बन्धित निकायमा पेश हुने गरे/नगरेको यकिन गरी सो विषय सञ्चालक समितिमा समेत छलफल हुने व्यवस्था गर्ने ।

- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा वित्तीय जानकारी इकाई र नेपाल राष्ट्र बैंकले तोके बमोजिमको माध्यमवाट नियमित रुपमा सम्बन्धित निकायहरुमा पेश गर्नुपर्ने विवरण तथा प्रतिवेदनहरु तोकिए बमोजिम पेश गरे/नगरेको सम्बन्धमा समितिले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४४ 'क' मा उल्लेखित प्रावधान प्रतिकुल नहुने गरी छलफल गर्ने ।

- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्नका लागि संस्थाले सम्पादन गर्नुपर्ने कार्यहरु जोखिमका आधारमा सम्पादन हुनेगरी संचालक समितिबाट वार्षिक वजेट तथा कार्यक्रम तय गर्नुपर्ने । सोको प्रभावकारी कार्यान्वयन भए/नभएको सुनिश्चित गर्ने संयन्त्र तयार गर्ने तथा नियमित अनुगमन गर्ने जिम्मेवारी समितिको हुने ।

समीक्षा अवधिमा यस समितिले गरेका प्रमुख कार्यहरुको संक्षिप्त विवरण यस प्रकार रहेको छ :

- ग्राहक पहिचान, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी सम्वन्धित नीतिको निर्माण, संशोधन र सो नीतिहरुको प्रभावकारी कार्यान्वयन गरिएको ।

- ग्राहक पहिचान, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी नियन्त्रण संयन्त्रको प्रभावकारी कार्यान्वयनको अनुगमन गरिएको ।

- ग्राहक पहिचानको अद्यावधिक सम्बन्धी कार्यको प्रभावकारी कार्यान्वयनको लागि पर्याप्त संयन्त्रको विकास गरिएको ।

- बृहत् ग्राहक पहिचान सम्बन्धी कार्यको संयन्त्रको प्रभावकारी कार्यान्वयनको नीतिगत एवम् प्रक्रियागत पक्षहरुको अनुगमन गरिएको ।

- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्नका लागि जोखिमका आधारमा तय गरिएको वार्षिक वजेट तथा कार्यक्रम समीक्षा गरिएको ।

- राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी भएको विषयहरु/घटनाहरुको विश्लेषण गरी बैंकमा हुनसक्ने जोखिम व्यवस्थापन गर्न आवश्यक नियन्त्रण संयन्त्रको प्रभावकारी कार्यान्वयनको लागि सुझाव गरिएको ।

- ग्राहक पहिचानको अभिलेखको लागि पर्याप्त Document Management System (DMS) संयन्त्रको अनुगमन गरिएको ।

- नेपाल राष्ट्र बैंकको निरीक्षण प्रतिवेदनमा उल्लिेखित सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कैफियतहरु उपर समीक्षा गरी कार्यान्वयन अवस्था समीक्षा गरिएको ।

उक्त समितिको बैठक आर्थिक वर्ष २०७८/७९ मा जम्मा २० पटक बसेको छ र सञ्चालकज्यूहरुको उपस्थिती एवं उहाँहरुले प्राप्त गर्नुभएको बैठक भत्ताको विवरण निम्नानुसार रहेको छ :

| सदस्यहरु | उपस्थित भएको बैठक संख्या | बैठक भत्ता रु. |
|---|---|---|
| श्री राजेन्द्र प्रसाद अर्याल | १६ | २,५६,००० |
| श्री विनोद कुमार प्याकुरेल | ६ | ९६,००० |
| श्रीमती विजया स्वार | १० | १,६०,००० |
| श्री आदित्य कुमार अग्रवाल | ४ | ६४,००० |
| श्री गणेश मान श्रेष्ठ | ३ | ४८,००० |
| **जम्मा** | | ६,२४,००० |

**५. भवन निर्माण उप समिति**

बैंकलाई आवश्यक पर्ने भवन निर्माण कार्य सम्पन्न गर्न एक सञ्चालक स्तरको उपसमिति गठन गर्नुपर्ने आवश्यकता महसुस गरी मिति २०७७/०६/२८ मा सम्पन्न सञ्चालक समितिको ४५९ औं बैठकले सञ्चालक स्तरको भवन निर्माण उप समिति निम्नानुसार गठन गरेको तथा सो उपसमितिमा देहाय बमोजिमका पदाधिकारीहरु सम्मिलित रहेको छ :

(समीक्षा अवधिको सुरुवात मिति २०७८/०४/०१ देखि मिति २०७८/०७/११ सम्म)

| | |
|---|---|
| सञ्चालक श्री रामचन्द्र संघई | संयोजक |
| सञ्चालक श्री त्रिलोक चन्द अग्रवाल | सदस्य |
| सञ्चालक श्री विनोद कुमार प्याकुरेल | सदस्य |
| प्रमुख कार्यकारी अधिकृत, श्री रोशन कुमार न्यौपाने | सदस्य |
| प्रमुख रणनीति अधिकृत, श्री विशाल सिग्देल | सदस्य |
| Chief Development Officer, श्री कैलाश गौतम | सदस्य |
| नायब प्रमुख कार्यकारी अधिकृत, श्री सुधिर नाथ पाण्डे | सदस्य सचिव |

(मिति २०७८/०७/१२ देखि मिति २०७८/१०/२७ सम्म)

| | |
|---|---|
| सञ्चालक श्री रामचन्द्र संघई | संयोजक |
| सञ्चालक श्री त्रिलोक चन्द अग्रवाल, | सदस्य |
| सञ्चालक श्रीमती विजया स्वार | सदस्य |
| प्रमुख कार्यकारी अधिकृत, श्री रोशन कुमार न्यौपाने | सदस्य |
| प्रमुख रणनीति अधिकृत, श्री विशाल शिग्देल | सदस्य |
| Chief Development Officer, श्री कैलाश गौतम | सदस्य |
| नायब प्रमुख कार्यकारी अधिकृत, श्री सुधिर नाथ पाण्डे | सदस्य सचिव |

(मिति २०७८/१०/२८ देखि मिति २०७८/१२/२० सम्म)

| | |
|---|---|
| सञ्चालक श्री रामचन्द्र संघई | संयोजक |
| सञ्चालक श्री त्रिलोक चन्द अग्रवाल | सदस्य |
| सञ्चालक श्रीमती विजया स्वार | सदस्य |
| प्रमुख कार्यकारी अधिकृत, श्री रोशन कुमार न्यौपाने | सदस्य |
| प्रमुख वित्तीय अधिकृत, श्री रुपेश लुईंटेल | सदस्य |
| Chief Development Officer, श्री कैलाश गौतम | सदस्य |
| नायब प्रमुख कार्यकारी अधिकृत, श्री सुधिर नाथ पाण्डे | सदस्य सचिव |

(मिति २०७८/१२/२२ देखि मिति २०७९/०३/३२ सम्म)

| | |
|---|---|
| सञ्चालक श्री त्रिलोक चन्द अग्रवाल | संयोजक |
| सञ्चालक श्री रामचन्द्र संघई | सदस्य |
| सञ्चालक श्रीमती विजया स्वार | सदस्य |
| प्रमुख कार्यकारी अधिकृत, श्री रोशन कुमार न्यौपाने | सदस्य |
| प्रमुख वित्तीय अधिकृत, श्री रुपेश लुईंटेल | सदस्य |
| Chief Development Officer, श्री कैलाश गौतम | सदस्य |
| नायब प्रमुख कार्यकारी अधिकृत, श्री सुधिर नाथ पाण्डे | सदस्य सचिव |

यस उपसमितिको जिम्मेवारी (Terms of Reference) देहाय बमोजिम रहेको छ :

- आवश्यकता अनुसार भवन निर्माण विशेषज्ञ नियुक्तिको लागि सिफारिश गर्ने,
- नियुक्ति भएका भवन निर्माण विशेषज्ञले प्रस्तुत गरेको परियोजना डिजाइनको समीक्षा गरी सञ्चालक समिति समक्ष प्रस्तुत गर्ने,
- भवन निर्माण समय तालिका समीक्षा गरी आवश्यक निर्णयका लागि सञ्चालक समितिमा प्रस्तुत गर्ने,
- भवन निर्माणको लागि स्थानीय निकायबाट आवश्यक अनुमोदनको लागी सल्लाहकारसँग समन्वय गर्ने,
- सञ्चालक समितिबाट अनुमोदित भवन निर्माण समय तालिका अनुरुप निर्माण कार्यको समीक्षा गरी अनुपालन सुनिश्चित गर्ने,
- विशेषज्ञसँग भवन निर्माण सम्बन्धित BOQ र Bid कागजात माथि छलफल गरी निर्णय गर्ने,
- उपयुक्त स्थानमा उपयुक्त मूल्यमा जमिन पहिचान भएमा सञ्चालक समितिमा सिफारिस गर्ने,
- सबै Bid प्रस्तावको समीक्षा गरी उपयुक्त सरसल्लाह प्रदान गर्ने,
- भवन निर्माण विशेषज्ञ र ठेकेदारसँग नियमित छलफल गरी निर्माण कार्यको समीक्षा गर्ने,
- नियमित निर्माण स्थलको अनुगमन गर्ने,
- निर्माण कार्य समयमै सम्पन्न हुने सुनिश्चित गर्ने,
- हरेक दुई महिनामा यस उप समितिको प्रगति विवरण सञ्चालक समिति समक्ष पेश गर्ने

यस उपसमितिको जिम्मेवारी (Terms of Reference) देहाय बमोजिम रहेको छ :

- प्रस्तावित वीरगञ्ज र कमलादी भवनको इन्टेरियर र फेसेड डिजाइनको समीक्षा गरेको,
- प्रस्तावित वीरगञ्ज र कमलादी भवनको इन्टेरियर र Faced डिजाइनको समीक्षा गरी सञ्चालक समितिको बैठकमा सिफारिस गर्ने निर्णय गरेको,
- प्रस्तावित वीरगञ्ज र कमलादी भवनको टेन्डर सूचना, टेन्डर कागजात, परिमाणको बिल, टेन्डर कोर्ने र प्राविधिक विवरण सञ्चालक समितिको बैठकमा सिफारिस गर्ने निर्णय गरेको,
- प्रस्तावित वीरगञ्ज भवनको वैकल्पिक प्रस्तावमाथि छलफल गरेको,
- प्रस्तावित वीरगञ्ज र कमलादी भवनको टेन्डरको प्राविधिक मूल्याङ्कन समीक्षा गरेको,
- प्रस्तावित वीरगञ्ज भवनको टेन्डरको लागि योग्यता मापदण्डको समीक्षा गरेको,
- प्रस्तावित कमलादी भवनको संशोधित संरचना र डिजाइनको समीक्षा गरेको,
- प्रस्तावित कमलादी भवन निर्माणको सूचीको समीक्षा गरेको,

आ.व. २०७८/७९ मा यस उपसमितिको जम्मा ९ वटा बैठक सम्पन्न भएको र सञ्चालकहरुको उपस्थिति एवं उहाँहरुले प्राप्त गर्नुभएको बैठक भत्ताको विवरण देहाय बमोजिम रहेको छ :

| सदस्यहरु | उपस्थित भएको बैठक संख्या | बैठक भत्ता रु. |
|---|---|---|
| श्री रामचन्द्र संघई | ८ | १,२८,००० |
| श्री त्रिलोक चन्द अग्रवाल | ९ | १,४४,००० |
| श्री बिनोद कुमार प्याकुरेल | २ | ३२,००० |
| श्रीमती विजया स्वार | ७ | १,१२,००० |
| **जम्मा** | | ४,१६,००० |

साथै, मिति २०७९/०४/२८ मा सम्पन्न संचालक समितिको ५५९औं बैठकको निर्णयानुशार भवन निर्माण उपसमितिको बिघटन भएको छ ।

**(थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण:**
आर्थिक वर्ष २०७८/७९ को कर्मचारी खर्च रु ४.५० अर्ब र कार्यालय सञ्चालन खर्च रु २.४९ अर्ब गरी कुल व्यवस्थापन खर्च रु ६.९९ अर्ब रहेको छ ।

**(द) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण**
लेखापरीक्षण समिति सञ्चालक समिति स्तरको सर्वसाधारण शेयरधनी समूहबाट प्रतिनिधीत्व गर्ने सञ्चालकको संयोजकत्वमा रहेको समिति हो । आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत पार्ने यस स्वतन्त्र निकायले आन्तरिक लेखापरीक्षण विभागको कार्य मूल्याङ्कन गर्दछ । आन्तरिक लेखापरीक्षण विभाग प्रमुख यस समितिको सदस्य सचिव रहनु हुन्छ भने प्रमुख कार्यकारी अधिकृत र अन्य बैंकका कर्मचारीलाई आवश्यक भएमा लेखापरीक्षण समितिमा आमन्त्रण गर्न सकिन्छ । यस समितिले बैंकको वित्तीय विवरणको समीक्षा गर्ने, लेखापरीक्षणको कार्यक्रम तय गर्ने जस्ता कार्य सम्पादन गर्छ । साथै, आन्तरिक लेखापरीक्षणको क्रममा देखा परेका समस्याहरुको समाधानको लागि सञ्चालक समक्ष सुझाव पेश गर्ने र व्यवस्थापनलाई आवश्यक निर्देशन दिने कार्य यस समितिले गर्ने गर्दछ ।

संस्थागत सुशासन यस समितिको क्षेत्र अधिकारमा पर्दछ र

समितिले संस्थागत सुशासन निरन्तर समीक्षा गरी आवधिक रूपमा सञ्चालक समिति समक्ष प्रतिवेदन प्रस्तुत गर्ने गर्दछ। सञ्चालक समितिको प्रतिनिधिको रुपमा आन्तरिक र वाह्य लेखापरीक्षणमा सहकार्य गर्नुका साथै आन्तरिक नियन्त्रण, लेखा, वित्तीय अनुशासन, नियामकीय प्रावधानहरुको अनुपालना र जोखिम व्यवस्थापन जस्ता कार्यमा पनि समितिको भुमिका महत्वपूर्ण छ । यस समितिले सञ्चालक समिति समक्ष आन्तरिक लेखापरीक्षणको प्रतिवेदनहरु प्रस्तुत गर्नुका साथै समय समयमा आवश्यक सल्लाह र सुझाव समेत प्रदान गर्ने गर्दछ ।

आन्तरिक लेखापरीक्षणको क्षेत्राधिकार लेखापरीक्षण समितिले निर्धारण गर्दछ। समितिको प्रमुख जिम्मेवारी लेखापरीक्षकको कर्तव्य र जिम्मेवारी निष्ठापूर्वक सम्पन्न गर्न स्वतन्त्रता सुनिश्चित गर्नु हो। यस समितिले लेखापरीक्षण प्रतिवेदनमा सम्बन्धित शाखा र विभागबाट प्राप्त प्रत्युत्तर मूल्याङ्कन गर्दै प्रतिवेदनमा देखिएका कैफियत तथा प्राप्त प्रत्युत्तर समितिमा छलफल गरी सञ्चालक समिति समक्ष प्रस्तुत गर्ने गर्दछ।

बैंकको सञ्चालक समितिले कम्पनी ऐन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा १ सञ्चालक सदस्य र आन्तरिक लेखापरीक्षण विभागका प्रमुख सदस्य सचिव रहने गरी लेखापरीक्षण समिति गठन गरेको छ।

यस समितिमा निम्न पदाधिकारीहरु रहेका छन् :

(समीक्षा अवधिको सुरुवात मिति २०७८/०४/०१ देखि समीक्षा अवधि मिति २०७८/०५/२७ सम्म)

| | |
|---|---|
| सञ्चालक, श्री गणेश मान श्रेष्ठ | संयोजक |
| सञ्चालक, श्री निकुञ्ज अग्रवाल | सदस्य |
| प्रमुख आन्तरिक लेखापरीक्षण विभाग, श्री कमल खड्का | सदस्य सचिव |

(मिति २०७८/०५/२८ देखि समीक्षा अवधि मिति २०७८/०७/११ सम्म)

| | |
|---|---|
| सञ्चालक, श्री निकुञ्ज अग्रवाल | संयोजक |
| प्रमुख आन्तरिक लेखापरीक्षण विभाग, श्री कमल खड्का | सदस्य सचिव |

(मिति २०७८/०७/१२ देखि समीक्षा अवधि मिति २०७८/१२/२० सम्म)

| | |
|---|---|
| सञ्चालक, श्री विनोद कुमार प्याकुरेल | संयोजक |
| सञ्चालक, श्री निकुञ्ज अग्रवाल | सदस्य |
| प्रमुख आन्तरिक लेखापरीक्षण विभाग, श्री कमल खड्का | सदस्य सचिव |

(मिति २०७८/१२/२२ देखि समीक्षा अवधि मिति २०७९/०३/३२ सम्म)

| | |
|---|---|
| सञ्चालक, श्री गणेश मान श्रेष्ठ | संयोजक |
| सञ्चालक, श्री निकुञ्ज अग्रवाल | सदस्य |
| प्रमुख आन्तरिक लेखापरीक्षण विभाग, श्री कमल खड्का | सदस्य सचिव |

लेखापरीक्षण समितिको निम्न प्रमुख जिम्मेवारीहरु (Terms of Reference) रहेका छन् :

- प्रचलित कानुन बमोजिम इजाजतपत्र प्राप्त संस्थाको समग्र वित्तीय अवस्था, आन्तरिक नियन्त्रण, लेखापरीक्षण योजना र आन्तरिक लेखापरीक्षणमा औंल्याइएका विषयहरुमा आवधिक रुपमा समीक्षा गरी सो सम्बन्धमा अपनाउनु पर्ने कदम बारे व्यवस्थापनलाई आवश्यक निर्देशन दिने र सो सम्बन्धी सुझाव सञ्चालक समितिमा पेश गर्ने ।
- वाह्य लेखापरीक्षकले पेश गरेको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बुँदा/कैफियतहरु उपर समीक्षा गरी सुधारात्मक कदम चाल्न व्यवस्थापनलाई निर्देशन दिने ।
- नेपाल राष्ट्र बैंकबाट निरीक्षण तथा सुपरिवेक्षण गरी प्रतिवेदनमा औंल्याइएका बुँदा/कैफियतहरुको कार्यान्वयन भए नभएको सम्बन्धमा समीक्षा गर्ने तथा ती विषयहरुको अभिलेख गरी सञ्चालक समितिलाई जानकारी गराउने ।
- इजाजतपत्र प्राप्त संस्थाको वार्षिक वित्तीय विवरणलाई सही र यथार्थ बनाउन व्यवस्थापनलाई सहयोग गर्ने ।
- इजाजतपत्र प्राप्त संस्थाको कारोबारको हर-हिसाव सही र यथार्थ भएको सम्बन्धमा सञ्चालक समितिलाई विश्वस्त तुल्याउनुको साथै सम्भावित दायित्व र कर्जा वर्गिकरण गरी सोको लागि राख्नु पर्ने व्यवस्था सम्बन्धमा नियमित रुपमा समीक्षा गर्ने ।
- प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकबाट जारी गरिएका नियमन व्यवस्थाहरु पालना गरे/नगरेको

सम्बन्धमा समितिले समीक्षा गर्नुका साथै सो सम्बन्धी व्यहोरा आफ्नो प्रतिवेदनमा उल्लेख गर्नु पर्ने ।

- आन्तरिक लेखापरीक्षण सम्बन्धी विस्तृत कार्य प्रणाली तयार गरी सोको आधारमा आन्तरिक लेखापरीक्षण गराउनु पर्ने ।
- इजाजतपत्रप्राप्त संस्थाको काम कारवाहीमा नियमितता, मितव्ययीता, औचित्यता, प्रभावकारिता जस्ता कुराहरु अवलम्बन भए/नभएको बारे समीक्षा गरी सञ्चालक समितिलाई आवश्यक सुझाव दिने ।
- इजाजतपत्रप्राप्त संस्थाको त्रैमासिक वित्तीय विवरणको समीक्षा गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने ।
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६१ र कम्पनी ऐन, २०६३ को दफा १६५ मा उल्लेख भएका कार्यहरु गर्ने ।

समीक्षा अवधिमा यस समितिले गरेका प्रमुख कार्य विवरणहरुको संक्षिप्त सार यस प्रकार छन् :

- आन्तरिक लेखापरीक्षण विभागको जोखिममा आधारित वार्षिक लेखापरीक्षण योजना र तालिकाको स्वीकृति र लेखापरीक्षण योजना र तालिकाको कार्यान्वयन स्थितिको निरन्तर अनुगमन गरिएको ।
- शाखा/विस्तारित काउन्टरहरू, विभागहरू/इकाइहरू र प्रादेशिक कार्यालयहरूको आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरू (१,३६२ शाखा लेखापरीक्षण प्रतिवेदन, २८१ विस्तारित काउन्टर लेखापरीक्षण प्रतिवेदन, ९४ विभाग/इकाई लेखापरीक्षण प्रतिवेदन, १२ वटा प्रादेशिक कार्यालयको लेखापरीक्षण प्रतिवेदनहरू) माथि छलफल र आवश्यक निर्देशनहरू जारी गरिएको ।
- आन्तरिक नियन्त्रण, जोखिम व्यवस्थापन प्रणाली र सुशासनलाई थप सुदृढ गर्नका लागि सुधार आवश्यक रहेको क्षेत्रमा व्यवस्थापनलाई आवश्यक निर्देशन र सुझाव दिइएको ।
- आम्दानी, खर्च, कर्जा असुली, संस्थागत सुशासन लगायतका विषयहरुको विशेष लेखापरीक्षण प्रतिवेदन (२८ लेखापरीक्षण प्रतिवेदन) उपर छलफल गरिएको ।
- Vigilance Review प्रतिवेदनमा छलफल गरी व्यवस्थापनलाई आवश्यक निर्देशन पेश गरिएको ।
- संस्थाको त्रैमासिक वित्तीय विवरणको समीक्षा गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गरिएको तथा व्यवस्थापनलाई आवश्यक निर्देशन/सुझाव दिइएको ।
- नेपाल राष्ट्र बैंकको निरीक्षण प्रतिवेदन तथा वाह्य लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित कैफियतहरु, प्राप्त निर्देशन तथा सुझावहरु उपर छलफल गरी सोको समाधानको आवधिक समीक्षा गरिएको ।
- लेखापरीक्षण योजनाको कार्यान्वयनको निरन्तर समीक्षा गरी लेखापरीक्षण कार्यको प्रभावकारिताको अनुगमन गरिएको ।
- लेखापरीक्षण समितिको बैठकको माईन्युट र आवधिक प्रगति विवरण सञ्चालक समितिको बैठकमा छलफलको लागि पेश गरिएको ।
- आन्तरिक लेखापरीक्षण विभागको रणनीति दस्तावेजको समीक्षा र योजनाबद्ध कार्यक्रमहरुको प्रगति स्थितिको आवधिक समीक्षा गरिएको ।
- संस्थाले प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकबाट जारी गरिएका नियमन व्यवस्थाहरुको परिपालना गरे नगरेको सम्बन्धमा समीक्षा गरिएको ।
- प्रमुख आन्तरिक लेखापरीक्षण विभागको आवधिक कार्यसम्पादन मूल्याङ्कन गरिएको ।
- आन्तरिक लेखापरीक्षण विभागका प्रमुख र आन्तरिक लेखापरीक्षण विभागका वरिष्ठ अधिकारीहरूद्वारा शाखा निरीक्षणको प्रतिवेदनको समीक्षा गरिएको ।

आर्थिक वर्ष २०७८/०७९ मा समितिको जम्मा ५८ वटा बैठक बसेको र सञ्चालकहरुको उपस्थिती एवं उहाँहरुले प्राप्त गरेको बैठक भत्ताको विवरण निम्नानुसार रहेको छ :

| सदस्यहरु | उपस्थित भएको बैठक संख्या | बैठक भत्ता रु. |
|---|---|---|
| श्री बिनोद कुमार प्याकुरेल | २९ | ४,६४,००० |
| श्री गणेश मान श्रेष्ठ | २७ | ४,३२,००० |
| श्री निकुञ्ज अग्रवाल | ४६ | ७,३६,००० |
| **जम्मा** | | **१६,३२,०००** |

**(ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा**

यस सम्बन्धी विवरण लेखा सम्बन्धी टिप्पणीमा उल्लेख गरिएको छ ।

**(न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम**

यस सम्बन्धी विवरण यसै प्रतिवेदनको सम्बन्धित स्थानमा तथा लेखा सम्बन्धी टिप्पणीमा उल्लेख गरिएको छ ।

**(प) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम**

शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांश रकमको विवरण यस प्रकार रहेको छ :

| आर्थिक वर्ष | बाँकी रहेको लाभांश |
| --- | ---: |
| २०५७/५८ | ६८,६३८ |
| २०६१/६२ | १,४५,०७५ |
| २०६५/६६ | ४,६४,००९ |
| २०६६/६७ | २४,७०,०७६ |
| २०६७/६८ | २४,३१,६८८ |
| २०६८/६९ | २,१६,०९,२४८ |
| २०६९/७० | ३,१९,८३,९२० |
| २०७०/७१ | २,७४,५१,९२६ |
| २०७६/७७ | १,४१,४१९ |
| लगानीकर्ता सुरक्षण कोष | ७,४९,४५२ |
| **जम्मा** | **८,७५,१५,४५१** |

बैंकले शेयरधनीहरुले भुक्तानी लिन बाँकी लाभांश रकम बुझिलिन अनुरोध गर्दै राष्ट्रियस्तरको पत्रिकामा पटक पटक सूचना प्रकाशित गर्नुका साथै पाँच वर्ष नाघेको भुक्तानी दिन बाँकी लाभांशको विवरण बैंकको वेब साइट www.nicasiabank.com मा समेत राखिएको छ।

**(फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण :**

विगत आर्थिक वर्षमा बैंकले कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको छैन ।

**(ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबार को विवरण :**

यस सम्बन्धी विवरण वार्षिक प्रतिवेदनको लेखा सम्बन्धी टिप्पणीमा उल्लेख गरिएको छ ।

**(भ) यस ऐन तथा प्रचलित कानूनबमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :**

१. **लेखापरीक्षक**

यस बैंकका बाह्य लेखापरीक्षक श्री एस. ए. आर. एसोसिएट्स (SAR Associates), चार्टर्ड एकाउन्टेन्ट्स्ले आ.व. २०७८/७९ को बैंकको लेखापरीक्षण सफलतापूर्वक सम्पन्न गर्नुभएको छ ।

२. **संस्थागत सुशासन**

बैंकले नियमनकारी निकाय तथा कानूनको परिपालना गर्नको निम्ति मात्रै नभई असल व्यवसायिक अभ्यास गर्न तथा व्यवसायिक पारदर्शिता कायम गर्नका निम्ति समेत संस्थागत सुशासनलाई सधैं नै प्राथमिकतामा राखेको छ । बैंकको संस्थागत सुशासन संरचना अन्तर्गत सञ्चालक समितिको निष्पक्ष एवम् पारदर्शी कार्य प्रणाली, सञ्चालक समितिको हस्तक्षेपमुक्त दैनिक व्यवस्थापकीय कामकारवाही तथा बैंकको कार्य सम्पादन अझ चुस्त र प्रभावकारी बनाउन सञ्चालक समिति र यस अन्तर्गतका समितिहरु समेत क्रियाशिल रहेका छन् ।

बैंकले संस्थागत सुशासनका तीन अभिन्न अङ्गहरु Integrity, Transparency, Fairness लाई व्यवसायिक क्रियाकलापमा सदैव आत्मसात गर्दै आएको छ र बैंकले आफ्नो शेयरधनी, अन्य सरोकारवालाको हित तथा आफ्नो सेवाग्राहीहरुको माग र सेवाग्राहीलाई दिइने सेवाको गुणस्तर वृद्धि गर्न संस्थागत सुशासनलाई आफ्नो नीति तथा नियमहरुको अभिन्न अङ्गको रुपमा अपनाएको छ ।

बैंकको संस्थागत सुशासनलाई थप चुस्त तथा मजबुत बनाउन बैंकले "संस्थागत सुशासन नीति" जारी गरेको छ, जसको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

- बैंकका सम्पूर्ण तह, संरचना तथा कार्यहरुमा उच्च संस्थागत सुशासन लागु गर्ने ।
- बैंकको सम्पूर्ण कार्यहरु आन्तरिक तथा बाह्य नीति नियम अनुरुप पालना गर्न ।
- बैंकको लक्ष्य तथा उद्देश्य प्राप्ति गर्नका लागि आवश्यक प्रभावकारी नीति, विधि तथा मार्गदर्शन बनाउन र सोको प्रभावकारी रुपमा पालना गराउनुका साथै अनुगमन गर्न ।

३. **संस्थागत सामाजिक उत्तरदायित्व**

बैंक एक असल संस्थागत नागरिक समेत भएको नाताले समाजका विभिन्न क्षेत्रमा सामाजिक हित तथा उत्थानको लागि सक्रिय भूमिका निर्वाह गर्दै आइरहेको छ । नेपाल राष्ट्र बैंकबाट जारी गरिएको एकीकृत निर्देशनको इ.प्रा.निर्देशन नं. ६/०७८ को बुँदा नं. १६ बमोजिम बैंकले समीक्षा अवधिको खुद नाफाको १ प्रतिशत अर्थात् रु. ४.२१ करोड संस्थागत सामाजिक उत्तरदायित्व क्रियाकलापको लागि विनियोजन गरेको छ जुन अघिल्लो वर्ष रु. ३.२६ करोड रहेको थियो । समीक्षा अवधिमा कोषबाट रु १.९५ करोड खर्च भएको छ ।

४. **ग्राहक पहिचान** (KYC) **र सम्पत्ति शुद्धीकरण** (AML/ CFT):

बैंकले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, यस सम्बन्धी नियमावली तथा नेपाल राष्ट्र बैंकले जारी गरेको सम्पत्ति शुद्धीकरण नियन्त्रणसँग सम्बन्धी निर्देशिकाहरुको पूर्णरुपमा प्रभावकारी परिपालना गर्दै आएको छ । सम्पत्ति शुद्धीकरण रोकथाम गर्न बैंकले प्रभावकारी नीति, नियम र निर्देशिकाहरु तय गरी लागू गरिसकेको छ । ग्राहक पहिचान (KYC) र सम्पत्ति शुद्धीकरणका विषयमा बैंकका कर्मचारीहरुलाई अद्यावधिक राख्ने उद्देश्यसहित बैंकले निरन्तर रुपमा यस सम्बन्धी तालिमहरु पनि आयोजना गर्दै आएको छ । यसको साथै बैंकले वार्षिक

रुपमा लिने “दक्षता आंकलन जाँच (Skill Assessment Test)” मा सबै कर्मचारीहरुलाई यस विषयमा अनिवार्य सामेल हुनु पर्ने व्यवस्था गरी सो को प्रभावकारी कार्यान्वयन समेत गरेको छ । यी सबै व्यवस्थाहरुको समग्र परिणाम स्वरुप बैंकको ग्राहक पहिचान (KYC) र सम्पत्ति शुद्धीकरण सम्बन्धी स्तर नेपाली बैंकिङ्ग क्षेत्रकै सबैभन्दा उच्चस्तरमा पुगेको अनुमान गरिएको छ ।

**५. शेयरधनीसँगको सम्बन्ध तथा शेयरधनीहरुलाई सूचना व्यवस्था**

२०७९ आषाढ मसान्त सम्ममा यस बैंकका जम्मा १,४२,६०० शेयरधनीहरु रहनु भएको छ । बैंकले शेयरधनीहरुसँग सूचना आदान प्रदान गर्ने कार्यलाई उच्च प्राथमिकता दिएको छ । वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुसँग प्रत्यक्ष संवादको माध्यमबाट बैंकले मार्ग निर्देशन प्राप्त गर्ने गरेको छ । बैंकको वार्षिक प्रतिवेदन, त्रैमासिक प्रतिवेदन, प्रेस विज्ञप्ति लगायत अन्य जानकारीहरु विभिन्न सञ्चार माध्यम एवं बैंकको वेब साइट www.nicasiabank.com द्वारा उपलब्ध गराउने गरिएको छ ।

**६. गुनासो र सुनुवाइ**

सेवाग्राहीले विभिन्न माध्यमबाट आफ्ना गुनासो दर्ता गर्न एवं बैंक सम्बन्धी सुचनाहरु प्राप्त गर्न सक्ने व्यवस्था बैंकले गरेको छ। बैंकले टोल फ्री नम्बर, च्याट बक्स, मिस्ड कल, ईमेल इत्यादी मार्फत गुनासो दर्ता तथा सुचना प्रदान गर्दै आएको छ ।

**गुनासो दर्ता तथा सुचना प्राप्त गर्ने माध्यम :**

टोल फ्री नम्बर: १६६० ०१ ७७७७१
फोन नम्बर: ०१-५१११७७ र ०१-५१११७९
पोस्ट बक्स नम्बर: ११०२१
ईमेल: feedback@nicasiabank.com
फेसबूक: facebook.com/NicAsiaBank

आ व ७८/७९ मा दर्ता भएका गुनासाहरु यस प्रकारका रहेका छन् :

| विवरण | गुनासो दर्ता संख्या | गुनासो समाधान भएको संख्या | गुनासो समाधान हुन बाँकी संख्या |
|---|---|---|---|
| प्राविधिक कठिनाई | ७०३ | ७०३ | - |
| वित्तीय अपराध | - | - | - |
| वित्तीय लेनदेन सम्बन्धी गुनासो | ८८ | ८८ | - |
| व्याज दर सम्बन्धी गुनासो | २४० | २३६ | ४ |
| सेवा गुणस्तर सम्वन्धी गुनासो | ५,५९२ | ५,५८५ | ७ |
| कर्मचारी आचरण | - | - | - |
| अन्य | २,२७४ | २,२६८ | ६ |

बैंकले विभाग तथा प्रदेशमा वर्गीकरण गर्दै ग्राहक सहायता डेस्कको स्थापना गरेको छ । सेवाग्राहीलाई सर्वोत्कृष्ट सेवा प्रदान गर्नु नै बैंकको उद्देश्य हो। हरेक प्रकारका गुनासोहरुको बैंकले छिटो र उत्तम तरिकाले सुनुवाई गर्दै आएको छ। यस बैंकले सधैं नै आफ्ना सेवाग्राहीलाई पहिलो प्राथमिकतामा राख्दै सेवा प्रदान गर्दै आएको छ ।

**७. आचरण सम्बन्धी व्यवस्थाको पालना**

नेपाल राष्ट्र बैंकद्वारा जारी एकीकृत निर्देशनको इ.प्रा.निर्देशन नं. ६/०७८ मा उल्लेख गरिएका आचरण सम्बन्धी व्यवस्थाहरुको बैंकका सञ्चालकज्यूहरुले पूर्ण रुपमा पालना गर्नुभएको छ ।

**धन्यवाद ज्ञापन**

हाम्रा शेयरधनी महानुभावहरु हाम्रो हरेक पाइलामा साथ दिने सहयात्रीहरु हुनुहुन्छ । बैंकको उत्तरोत्तर प्रगति तथा समृद्धिको लागि तपाईहरुले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा पुऱ्याउनु भएको सहयोग, महत्वपूर्ण सल्लाह, सुझाव, निर्णय तथा मार्गदर्शनले नै बैंक आजको सबल तथा सक्षम अवस्थामा आइपुगेको छ । शेयरधनी महानुभावहरुले हामी प्रति देखाउनुभएको सद्भाव तथा विश्वासको सञ्चालक समिति सँधै नै सराहना गर्दछ । हाम्रा हरेक उपलब्धिहरुमा हाम्रा सहयात्रीहरु, हाम्रा सेवाग्राहीहरु र हाम्रा शुभचिन्तकहरुले सधैं नै साथ दिनुभएको छ र यसका लागि सञ्चालक समितिको तर्फबाट यहाँहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छौं ।

यस सञ्चालक समितिलाई निरन्तर दिशानिर्देश गर्ने श्री नेपाल राष्ट्र बैंक, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज, श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री अर्थ मन्त्रालय, श्री नेपाल सरकार तथा अन्य नियमनकारी निकायहरुलाई उहाँहरुले पुऱ्याउनु भएको सहयोगको लागि कृतज्ञता जाहेर गर्दछु। साथै बैंकको हरेक उपलब्धि र प्रगतिमा आफ्नो कडा परिश्रमका साथ महत्वपूर्ण योगदान पुऱ्याउने बैंकका सबै कर्मचारीहरुको परिश्रमको सम्मान गर्दै यस सञ्चालक समिति आउँदा वर्षहरुमा समेत सबैसँग निरन्तर रुपमा सहयोग प्राप्त भैरहने अपेक्षा राख्दछौं ।

धन्यवाद ।

**सञ्चालक समितिको तर्फबाट**
**तुलसीराम अग्रवाल**
**अध्यक्ष**

मिति : २०७९/०९/०६
स्थान : काठमाडौं ।

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ (छैठौं संशोधन) को अनुसूची १५, नियम २६ को उपनियम २ सँग सम्बन्धित

१. **सञ्चालक समितिको प्रतिवेदन**
प्रस्तुत समग्र प्रतिवेदन सञ्चालक समितिको प्रतिवेदन रहेको ।

२. **लेखापरीक्षणको प्रतिवेदन**
सम्बन्धित शीर्षकमा उल्लेख गरिएको ।

३. **लेखापरीक्षण भएको वित्तीय विवरण**
वासलात, नाफा तथा नोक्सान, नगद प्रवाह विवरण तथा सम्बन्ध अनुसूचीहरुमा समावेश गरिएको ।

४. **कानूनी कारवाही सम्वन्धी विवरण**

(क) गत आर्थिक वर्षमा बैंकले तथा बैंकका विरुद्धमा सामान्य व्यावसायिक कारोवार सम्वन्धी मुद्दा बाहेक अन्य मुद्दा नरहेको ।

(ख) बैंकको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा मुद्दा दायर भएको कुनै जानकारी प्राप्त नभएको ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा मुद्दा दायर भएको कुनै जानकारी प्राप्त नभएको ।

५. **संगठित संस्थाको शेयर कारोवार तथा प्रगतिको विश्लेषण**

**(क) धितोपत्र वजार संगठित संस्थाको शेयर कारोवारका सम्बन्धमा व्यवस्थापनको धारणा ।**
शेयर कारोवारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य तथा मान्यता अनुरुप हुने भएकाले यस सम्बन्धमा व्यवस्थापनको धारणा तटस्थ रहेको ।

**(ख) अघिल्लो वर्षको प्रत्येक त्रैमासिक अवधिमा कारोवार भएको शेयरको कुल संख्या तथा कारोवार भएको दिन सम्वन्धी जानकारी लगायत संगठित संस्थाको अधिकतम, न्यूनतम र अन्तिम शेयर मूल्य ।**

| २०७८ आश्विन मसान्त | २०७८ पौष मसान्त |
|---|---|
| अधिकतम मूल्य रु १,०८५ | अधिकतम मूल्य रु ९१० |
| न्युनतम मूल्य रु ८३०.५ | न्युनतम मूल्य रु ७०१ |
| अन्तिम मूल्य रु ८४९ | अन्तिम मूल्य रु ८८०.५ |
| कारोवार संख्या ६१,२६९ | कारोवार संख्या ३२,०३९ |
| कारोवार दिन ५७ | कारोवार दिन ५९ |

| २०७८ चैत्र मसान्त | २०७९ आषाढ मसान्त |
|---|---|
| अधिकतम मूल्य रु ९३५.३ | अधिकतम मूल्य रु ८१९ |
| न्युनतम मूल्य रु ७३९ | न्युनतम मूल्य रु ६३४ |
| अन्तिम मूल्य रु ७५७ | अन्तिम मूल्य रु ६९६ |
| कारोवार संख्या ३४,७४८ | कारोवार संख्या ३२,१८२ |
| कारोवार दिन ५८ | कारोवार दिन ६४ |

६. **समस्या र चुनौती**

**क. आन्तरिक समस्या तथा चुनौती**

- बढ्दो प्रतिस्पर्धाका कारण दक्ष जनशक्तिको अभाव तथा बैंकमा हाल कार्यरत जनशक्तिलाई समेत कायम राख्ने चुनौती ।
- दक्ष जनशक्तिको विकास गर्नु तथा उत्प्रेरित गर्नु
- बढ्दो सञ्चालन लागत ।

**ख. वाह्य समस्या तथा चुनौती**

- प्रतिकूल व्याजदर तथा तरलताको स्थिति एवंम सोमा हुने आकस्मिक उतारचढाव
- मुद्रास्फिति तथा व्याजदर बिच सामञ्जस्यता कायम नहुनु ।
- तरलता तथा त्यसको नीतिगत अन्योलबाट उब्जिने बजार जोखिम तथा वित्त व्यवस्थापनका चुनौतीहरु
- तीव्र प्रतिस्पर्धा र त्यसबाट उब्जिएको युक्तिहीन प्रतिस्पर्धात्मक व्यवहार
- सीमित लगानीका अवसरहरु

७. **संस्थागत सुशासन**
सञ्चालक समितिको प्रतिवेदन अन्तर्गत सम्बन्धित शीर्षकमा उल्लेख गरिएको ।

# एन आई सी एशिया बैंकको सहायक कम्पनी

एन आई सी बैंकको तीनवटा सहायक कम्पनीहरु रहेका छन्; एन आई सी एशिया क्यापिटल लिमिटेड, एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड र एन आई सी एशिया सेक्युरिटिज् लिमिटेड ।

एन आई सी एशिया क्यापिटल लिमिटेड र एन आई सी एशिया सेक्युरिटीज् लिमिटेड बैंकको पूर्ण स्वामित्वमा रहेको सहायक कम्पनीहरु हुन् भने एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड बैंकको ५७.७५% स्वामित्वमा रहेको सहायक कम्पनी हो ।




एन आई सी एशिया सेक्युरिटीज् लिमिटेडको २०७९ असार मसान्त सम्म कारोबार शुरु भएको छैन ।

S.A.R. ASSOCIATES
CHARTERED ACCOUNTANTS

**Certificate from the Auditors**
**on the Report of**
**NIC Asia Bank Limited**

**Pursuant to Corporate Governance Guidelines for Listed Companies, 2074**

**To the Securities Board of Nepal**

We have examined the information set out in the attached report relating to the financial year ending Ashadh 32, 2079 (July 16, 2022) prepared by the Management of NIC Asia Bank Limited and approved by 582nd meeting of its Board of directors held on Poush 06, 2079 (December 21, 2022).

The management and Board of Directors of the Bank are responsible for preparation of this report in accordance with the requirement of Corporate Governance Guidelines for Listed Companies, 2074. Our examination was limited to verification of the information provided in the report from the accounts and records maintained by the Bank. It is neither an audit nor an expression of opinion on the financial statements of the Bank.

In our opinion and to the best of our information and according to the explanations given to us, we certify that the aforesaid report fairly presents the information set out therein.

S.A.R. Associates, Kathmandu, Chartered Accountants

Date: Poush 06, 2079
Place: Kathmandu, Nepal

Ramesh Kumar Dhital
Partner

UDIN: 221227CA00577xhebT

T +977 1 4420807 / 08 / 10 F +977 1 4440528 E info@sar.com.np
Address 64 Bishal Basti "Ka", Bishal Nagar, GPO Box 4585, Kathmandu, Nepal

# संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन

(सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बमोजिम)

| | | |
|---|---|---|
| सूचीकृत सङ्गठित संस्थाको नाम | : | एन आई सी एशिया बैंक लि. |
| ठेगाना इमेल र वेवसाइट सहित | : | ट्रेड टावर नेपाल, थापाथली, काठमाण्डौं (इमेल : info@nicasiabank.com र वेभसाइट : www.nicasiabank.com) |
| फोन नं. | : | ०१-५१११७७/७८/८८ |
| प्रतिवेदन पेश गरिएको आ.व. | : | २०७८/७९ |

१. **सञ्चालक समिति सम्बन्धी विवरण :**

(क) सञ्चालक समितिको अध्यक्षको नाम तथा नियुक्ति मिति:
श्री तुलसीराम अग्रवाल, वि.सं. २०७८/१२/२०

(ख) संस्थाको शेयर संरचना सम्बन्धी विवरण (संस्थापक, सर्वसाधारण तथा अन्य:)

| शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी संरचना % |
|---|---|---|
| संस्थापक शेयरधनीहरु | ५८,९७६,३५६ | ५१.०० |
| सर्वसाधारण शेयरधनीहरु | ५६,६६३ ,६९८ | ४९.०० |
| **जम्मा शेयर** | **११५,६४०,०५४** | **१००.००** |

(ग) सञ्चालक समिति सम्बन्धी विवरण :

| क्र. सं. | सञ्चालकहरुको नाम तथा ठेगाना | प्रतिनिधित्व भएको समुह | शेयर संख्या | नियुक्ति भएको मिति | पद तथा गोपनियताको शपथ लिएको मिति | सञ्चालक नियुक्तिको तरीका (विधि) |
|---|---|---|---|---|---|---|
| १ | श्री तुलसीराम अग्रवाल विराटनगर,-९ मोरङ्ग | संस्थापक समुह | २,०६२,८११ | २०७८/१२/२० | २०७८/१२/२१ | साधारण सभाको माध्यमबाट |
| २ | श्री त्रिलोक चन्द अग्रवाल लाजिम्पाट-२, काठमाडौं | संस्थापक समूह | ६,१७०,३७६ | २०७८/१२/२० | २०७८/१२/२१ | साधारण सभाको माध्यमबाट |
| ३ | श्री रामचन्द्र संघई कमलपोखरी-२५, काठमाडौं | संस्थापक समुह | ५,१०२,७५१ | २०७८/१२/२० | २०७८/१२/२१ | साधारण सभाको माध्यमबाट |
| ४ | श्री निकुञ्ज अग्रवाल लाजिम्पाट-२, काठमाडौं | सर्वसाधारण समुह | २,०५७,३९५ | २०७८/१२/२० | २०७८/१२/२१ | साधारण सभाको माध्यमबाट |
| ५ | श्री आदित्य कुमार अग्रवाल कमलादी-२८, काठमाडौं | सर्वसाधारण समुह | १४३ | २०७८/१२/२० | २०७८/१२/२१ | साधारण सभाको माध्यमबाट |
| ६ | श्री गणेश मान श्रेष्ठ वाफल-१३, काठमाडौं | सर्वसाधारण समुह | ३७१ | २०७८/१२/२० | २०७८/१२/२१ | साधारण सभाको माध्यमबाट |
| ७ | श्रीमती विजया स्वार सानेपा-२, ललितपुर | स्वतन्त्र सञ्चालक | - | २०७८/०७/१० | २०७८/०७/१० | सञ्चालक समितिको निर्णयानुसार |

* नोट:
मिति २०७८/१२/२० मा सम्पन्न बैंकको २४औं वार्षिक साधारण सभाको निर्णयानुसार सर्वसाधारण शेयरधनी समुहबाट ४ वर्षको लागि निर्वाचित सञ्चालक श्री निकुञ्ज अग्रवालज्युले मिति २०७९ कार्तिक ०१ गते आफ्नो व्यक्तिगत कारण दर्शाउनु भई सञ्चालक पदबाट राजिनामा दिनुभएकोमा निजको राजिनामा मिति २०७९ कार्तिक ०२ मा सम्पन्न सञ्चालक समितिको ५७१ औं बैठकले स्वीकृत गरी सञ्चालक समितिको सोही बैठकले सञ्चालक श्री निकुञ्ज अग्रवालको पदावधिको बाँकी अवधिको लागि सर्वसाधारण शेयरधनी समुहबाट श्री केशवप्रसाद लम्सालज्यूलाई बैंकको सञ्चालक पदमा नियुक्त गरेको छ ।

(घ) सञ्चालक समितिको बैठक

- सञ्चालक समितिको बैठक सञ्चालन सम्बन्धी विवरण :

| क्र.स. | यस आ.व. मा बसेको सञ्चालक समितिको बैठकको मिति | उपस्थित संचालकको संख्या | बैठकको निर्णयमा भिन्न मत राखी हस्ताक्षर गर्ने संचालकको संख्या | गत आ.व. मा बसेको बैठकको मिति |
|---|---|---|---|---|
| १ | २०७८/०४/१३ | ७ | नभएको | २०७७/०४/०७ |
| २ | २०७८/०४/१४ | ७ | नभएको | २०७७/०४/०८ |
| ३ | २०७८/०४/१९ | ६ | नभएको | २०७७/०४/२८ |
| ४ | २०७८/०४/२७ | ७ | नभएको | २०७७/०४/२९ |
| ५ | २०७८/०४/२८ | ७ | नभएको | २०७७/०५/२८ |
| ६ | २०७८/०५/०९ | ७ | नभएको | २०७७/०६/२१ |
| ७ | २०७८/०५/१० | ७ | नभएको | २०७७/०६/२८ |
| ८ | २०७८/०५/११ | ७ | नभएको | २०७७/०७/०४ |
| ९ | २०७८/०५/२७ | ७ | नभएको | २०७७/०७/१६ |
| १० | २०७८/०५/२९ | ६ | नभएको | २०७७/०७/२६ |
| ११ | २०७८/०५/३० | ६ | नभएको | २०७७/०८/१० |
| १२ | २०७८/०६/०६ | ६ | नभएको | २०७७/०८/२६ |
| १३ | २०७८/०६/०७ | ६ | नभएको | २०७७/०९/०८ |
| १४ | २०७८/०६/२० | ६ | नभएको | २०७७/०९/२२ |
| १५ | २०७८/०६/२२ | ६ | नभएको | २०७७/१०/१४ |
| १६ | २०७८/०७/०८ | ६ | नभएको | २०७७/१०/१५ |
| १७ | २०७८/०७/१० | ७ | नभएको | २०७७/१०/२८ |
| १८ | २०७८/०७/११ | ७ | नभएको | २०७७/१०/२९ |
| १९ | २०७८/०७/१२ | ७ | नभएको | २०७७/११/१२ |
| २० | २०७८/०७/१७ | ७ | नभएको | २०७७/११/१३ |
| २१ | २०७८/०७/२५ | ७ | नभएको | २०७७/११/२६ |
| २२ | २०७८/०७/२६ | ७ | नभएको | २०७७/११/२७ |
| २३ | २०७८/०८/०८ | ७ | नभएको | २०७७/१२/११ |
| २४ | २०७८/०८/०९ | ७ | नभएको | २०७७/१२/२५ |
| २५ | २०७८/०८/१५ | ५ | नभएको | २०७७/१२/२६ |
| २६ | २०७८/०८/२२ | ५ | नभएको | २०७८/०१/०८ |
| २७ | २०७८/०८/२३ | ७ | नभएको | २०७८/०१/१० |
| २८ | २०७८/०९/१५ | ७ | नभएको | २०७८/०१/२२ |
| २९ | २०७८/०९/१६ | ६ | नभएको | २०७८/०१/२३ |
| ३० | २०७८/०९/२८ | ७ | नभएको | २०७८/०१/२७ |
| ३१ | २०७८/०९/२९ | ७ | नभएको | २०७८/०२/०५ |
| ३२ | २०७८/१०/१९ | ७ | नभएको | २०७८/०२/०६ |
| ३३ | २०७८/१०/२० | ७ | नभएको | २०७८/०२/१३ |
| ३४ | २०७८/१०/२७ | ५ | नभएको | २०७८/०२/१४ |
| ३५ | २०७८/१०/२८ | ५ | नभएको | २०७८/०२/१९ |
| ३६ | २०७८/११/११ | ६ | नभएको | २०७८/०२/२० |
| ३७ | २०७८/११/१२ | ६ | नभएको | २०७८/०२/३० |
| ३८ | २०७८/११/२५ | ७ | नभएको | २०७८/०२/३१ |
| ३९ | २०७८/११/२६ | ६ | नभएको | २०७८/०३/०१ |
| ४० | २०७८/१२/०९ | ५ | नभएको | २०७८/०३/२३ |
| ४१ | २०७८/१२/१० | ५ | नभएको | २०७८/०३/२४ |
| ४२ | २०७८/१२/२० | ७ | नभएको | २०७८/०३/३० |
| ४३ | २०७८/१२/२१ | ७ | नभएको | २०७८/०३/३१ |


बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

| क्र.स. | यस आ.व. मा बसेको सञ्चालक समितिको बैठकको मिति | उपस्थित संचालकको संख्या | बैठकको निर्णयमा भिन्न मत राखी हस्ताक्षर गर्ने संचालकको संख्या | गत आ.व. मा बसेको बैठकको मिति |
|---|---|---|---|---|
| ४४ | २०७८/१२/२२ | ७ | नभएको | |
| ४५ | २०७९/०१/०७ | ६ | नभएको | |
| ४६ | २०७९/०१/०८ | ६ | नभएको | |
| ४७ | २०७९/०१/०९ | ५ | नभएको | |
| ४८ | २०७९/०१/१९ | ६ | नभएको | |
| ४९ | २०७९/०१/२० | ६ | नभएको | |
| ५० | २०७९/०२/०८ | ६ | नभएको | |
| ५१ | २०७९/०२/०९ | ६ | नभएको | |
| ५२ | २०७९/०२/१९ | ७ | नभएको | |
| ५३ | २०७९/०२/२५ | ६ | नभएको | |
| ५४ | २०७९/०२/२६ | ६ | नभएको | |
| ५५ | २०७९/०२/२७ | ७ | नभएको | |
| ५६ | २०७९/०३/०८ | ६ | नभएको | |
| ५७ | २०७९/०३/०९ | ५ | नभएको | |
| ५८ | २०७९/०३/१० | ४ | नभएको | |
| ५९ | २०७९/०३/२२ | ५ | नभएको | |
| ६० | २०७९/०३/२३ | ५ | नभएको | |

- कुनै सञ्चालक समितिको बैठक आवश्यक गणपुरक संख्या नपुगी स्थगित भएको भए सोको विवरण: नभएको

- सञ्चालक समितिको बैठक सम्बन्धी अन्य विवरण :
  - सञ्चालक समितिको बैठकमा सञ्चालक वा वैकल्पिक सञ्चालक उपस्थित भए- नभएको (नभएको अवस्थामा बैठकको मिति सहित कारण खुलाउने:

| क्र.स. | यस आ.व. मा बसेको सञ्चालक समितिको बैठकको मिति | उपस्थित संचालकको संख्या | अनुपस्थित संचालकको नाम तथा कारण |
|---|---|---|---|
| १ | २०७८/०४/१९ | ६ | सञ्चालक श्री रामचन्द्र संघईज्यू विशेष कारणवश बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| २ | २०७८/०८/१५ | ५ | सञ्चालक श्री त्रिलोक चन्द अग्रवालज्यू देश बाहिर रहनुभएकोले तथा सञ्चालक श्री रामचन्द्र संघईज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| ३ | २०७८/०८/२२ | ५ | सञ्चालक श्री त्रिलोक चन्द अग्रवालज्यू र सञ्चालक श्री रामचन्द्र संघईज्यू विदेश भ्रमणमा रहनुभएकोले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| ४ | २०७८/०९/१६ | ६ | सञ्चालक श्री रामचन्द्र संघईज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| ५ | २०७८/१०/२७ | ५ | सञ्चालक श्री रामचन्द्र संघईज्यू विदेश भ्रमणमा रहनुभएकोले र सञ्चालक श्री राजेन्द्र प्रसाद अर्यालज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| ६ | २०७८/१०/२८ | ५ | सञ्चालक श्री रामचन्द्र संघईज्यू विदेश भ्रमणमा रहनुभएकोले र सञ्चालक श्री राजेन्द्र प्रसाद अर्यालज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| ७ | २०७८/११/११ | ६ | सञ्चालक श्री रामचन्द्र संघईज्यू विदेश भ्रमणमा रहनुभएकोले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |

| क्र.स. | यस आ.व. मा बसेको सञ्चालक समितिको बैठकको मिति | उपस्थित संचालकको संख्या | अनुपस्थित संचालकको नाम तथा कारण |
|---|---|---|---|
| ८ | २०७८/११/१२ | ६ | सञ्चालक श्री रामचन्द्र संघईज्यू विदेश भ्रमणमा रहनुभएकोले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| ९ | २०७८/११/२६ | ६ | सञ्चालक श्री रामचन्द्र संघईज्यू उपत्यका बाहिर भ्रमणमा र हनुभएकोले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| १० | २०७८/१२/०९ | ५ | सञ्चालक श्री राजेन्द्र प्रसाद अर्यालज्यू तथा सञ्चालक श्री बिनोद कुमार प्याकुरेलज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| ११ | २०७८/१२/१० | ५ | सञ्चालक श्री राजेन्द्र प्रसाद अर्यालज्यू तथा सञ्चालक श्री बिनोद कुमार प्याकुरेलज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| १२ | २०७९/०१/०७ | ६ | सञ्चालक श्री रामचन्द्र संघईज्यूको विदेश भ्रमण परेको कारणले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| १३ | २०७९/०१/०८ | ६ | सञ्चालक श्री रामचन्द्र संघईज्यूको विदेश भ्रमण परेको कारणले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| १४ | २०७९/०१/०९ | ५ | सञ्चालक श्री रामचन्द्र संघईज्यूको विदेश भ्रमण परेको कारणले तथा सञ्चालक श्री त्रिलोक चन्द अग्रवालज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| १५ | २०७९/०१/१९ | ६ | सञ्चालक श्री निकुञ्ज अग्रवालज्यूको विदेश भ्रमण गर्नु परेको कारणले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| १६ | २०७९/०१/२० | ६ | सञ्चालक श्री निकुञ्ज अग्रवालज्यूको विदेश भ्रमण गर्नु परेको कारणले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| १७ | २०७९/०२/०८ | ६ | सञ्चालक श्री रामचन्द्र संघईज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| १८ | २०७९/०२/०९ | ६ | सञ्चालक श्री रामचन्द्र संघईज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको |
| १९ | २०७९/०२/२५ | ६ | सञ्चालक श्री निकुञ्ज अग्रवालज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| २० | २०७९/०२/२६ | ६ | सञ्चालक श्री निकुञ्ज अग्रवालज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| २१ | २०७९/०३/०८ | ६ | सञ्चालक श्री त्रिलोक चन्द अग्रवालज्यू विदेश भ्रमणमा जानुभएकोले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| २२ | २०७९/०३/०९ | ५ | सञ्चालक श्री त्रिलोक चन्द अग्रवालज्यू विदेश भ्रमणमा जानुभएकोले तथा सञ्चालक श्री निकुञ्ज अग्रवालज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| २३ | २०७९/०३/१० | ४ | सञ्चालक श्री त्रिलोक चन्द अग्रवालज्यू विदेश भ्रमणमा जानुभएकोले, सञ्चालक श्री रामचन्द्र संघईज्यू उपत्यका बाहिर भ्रमणमा जानुभएकोले तथा सञ्चालक श्री निकुञ्ज अग्रवालज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |

| क्र.स. | यस आ.व. मा बसेको सञ्चालक समितिको बैठकको मिति | उपस्थित संचालकको संख्या | अनुपस्थित संचालकको नाम तथा कारण |
|---|---|---|---|
| २४ | २०७९/०३/२२ | ५ | सञ्चालक श्री रामचन्द्र संघईज्यू विदेश भ्रमणमा रहनुभएको तथा सञ्चालक श्री गणेश मान श्रेष्ठज्यू स्वास्थ सम्बन्धी समस्याले गर्दा संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| २५ | २०७९/०३/२३ | ५ | सञ्चालक श्री गणेश मान श्रेष्ठज्यू स्वास्थ सम्बन्धी समस्याले गर्दा तथा सञ्चालक श्री निकुञ्ज अग्रवालज्यू विदेश भ्रमणमा जानुपरेकोले सञ्चालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |

| | |
|---|---|
| सञ्चालक समितिको बैठकमा उपस्थित सञ्चालकहरू, छलफल भएको विषय र तत् सम्बन्धमा भएको निर्णयको विवरण (माईन्यूट) को छुट्टै अभिलेख राखे नराखेको: | राखेको |
| सञ्चालक समितिको दुई लगातार बसेको बैठकको अधिकतम अन्तर (दिनमा) | २१ दिन |
| सञ्चालक समितिको बैठक भत्ता निर्धारण सम्बन्धमा बसेको वार्षिक साधारण सभाको मिति | मिति २०७५/०९/०४ मा सम्पन्न बैंकको २१ औं वार्षिक साधारण सभा |
| सञ्चालक समितिको प्रति बैठक भत्ता रु | अध्यक्ष : रु २०,०००/-<br>संचालक : रु १६,०००/- |
| आ.व.को संचालक समितिको कुल बैठक खर्च | रु ६,२४०,०००/- |

## २. सञ्चालकको आचरण सम्बन्धी तथा अन्य विवरण

| | |
|---|---|
| सञ्चालकको आचरण सम्बन्धमा सम्बन्धित संस्थाको आचार संहिता भए/नभएको : | भएको |
| एकाघर परिवारको एक भन्दा बढी सञ्चालक भए सो सम्बन्धी विवरण : | नभएको |

सञ्चालकहरुको वार्षिक रुपमा सिकाई तथा पूनर्ताजगी कार्यक्रम सम्बन्धी विववरण :

| क्र.स. | विषय | मिति | सहभागी संचालकको संख्या | तालिम संचालन भएको स्थान |
|---|---|---|---|---|
| १ | Corporate Governance in Banking Sector | २०७८/०४/१४ | ७ | बैंकको रजिष्टर्ड कार्यालय, थापाथली काठमाडौं |
| २ | Board Oversight on issues related to AML/CFT | २०७८/०८/१५ | ५ | बैंकको रजिष्टर्ड कार्यालय, थापाथली काठमाडौं |

| | |
|---|---|
| प्रत्येक सञ्चालकले आफू सञ्चालकको पदमा नियुक्त वा मनोनयन भएको पन्ध्र दिनभित्र देहायका कुराको लिखित जानकारी गराएको/नगराएको र नगराए सोको विवरण:<br>• संस्थासँग निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको वा गर्न लागेको भए सो को विवरण,<br>• निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले संस्था वा सो संस्थाको मुख्य वा सहायक कम्पनीमा लिएको शेयर वा डिबेन्चरको विवरण,<br>• निज अन्य कुनै सङ्गठित संस्थाको आधारभूत शेयरधनी वा सञ्चालक रहेका भए त्यसको विवरण,<br>• निजको एकाघरको परिवारको कुनै सदस्य संस्थामा पदाधिकारी वा कर्मचारीको हैसियतमा काम गरिरहको भए सोको विवरण । | जानकारी गराएको |
| सञ्चालकले उस्तै प्रकृतिको उद्देश्य भएको सूचिकृत संस्थाको सञ्चालक, तलवी पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी भई कार्य गरेको भए सोको विवरण: | नगरेको |
| सञ्चालकहरुलाई नियमन निकाय तथा अन्य निकायहरुबाट कुनै कारवाही गरिएको भए सोको विवरण: | जानकारीमा नभएको |

## ३. संस्थाको जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीसम्बन्धी विवरण

(क) जोखिम व्यवस्थापनको लागि कुनै समिति गठन भए/नभएको गठन नभएको भए सोको कारण: गठन भएको

(ख) जोखिम व्यवस्थापन समिति सम्बन्धी जानकारी:

(अ) समितिको संरचना (संयोजक तथा सदस्यहरुको नाम तथा पद)

**समीक्षा अवधिको सुरुवात मिति २०७८/०४/०१ देखि मिति २०७८/०४/२७ सम्म**

| | |
|---|---|
| सञ्चालक, श्री विनोद कुमार प्याकुरेल | संयोजक |
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | सदस्य |
| सञ्चालक, श्री गणेश मान श्रेष्ठ | सदस्य |
| प्रमुख जोखिम अधिकृत, श्री कपिल ढकाल | सदस्य सचिव |

**समीक्षा अवधिको मिति २०७८/०४/२८ देखि मिति २०७८/०५/१० सम्म**

| | |
|---|---|
| सञ्चालक, श्री विनोद कुमार प्याकुरेल | संयोजक |
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | सदस्य |
| सञ्चालक, श्री गणेश मान श्रेष्ठ | सदस्य |
| प्रमुख एक्सपिरियन्स् एशुरेन्स् ईको सिस्टम, श्री दिपेन्द्र बहादुर राजभण्डारी | सदस्य |
| प्रमुख जोखिम अधिकृत, श्री कपिल ढकाल | सदस्य सचिव |

**समीक्षा अवधिको मिति २०७८/०५/११ देखि मिति २०७८/०५/२७ सम्म**

| | |
|---|---|
| सञ्चालक, श्री विनोद कुमार प्याकुरेल | संयोजक |
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | सदस्य |
| सञ्चालक, श्री गणेश मान श्रेष्ठ | सदस्य |
| सहायक प्र.का.अ - एक्सपिरियन्स् एशुरेन्स् ईको सिस्टम, श्री जयन्द्र रावल | सदस्य |
| प्रमुख जोखिम अधिकृत, श्री कपिल ढकाल | सदस्य सचिव |

**समीक्षा अवधिको मिति २०७८/०५/२८ देखि मिति २०७८/०७/११ सम्म**

| | |
|---|---|
| सञ्चालक, श्री विनोद कुमार प्याकुरेल | संयोजक |
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | सदस्य |
| सहायक प्र.का.अ - एक्सपिरियन्स् एशुरेन्स् ईको सिस्टम, श्री जयन्द्र रावल | सदस्य |
| प्रमुख जोखिम अधिकृत, श्री कपिल ढकाल | सदस्य सचिव |

**समीक्षा अवधिको मिति २०७८/०७/१२ देखि मिति २०७८/१२/२० सम्म**

| | |
|---|---|
| सञ्चालक, श्रीमती विजया स्वार | संयोजक |
| सञ्चालक, श्री विनोद कुमार प्याकुरेल | सदस्य |
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | सदस्य |
| सहायक प्र.का.अ - एक्सपिरियन्स् एशुरेन्स् ईको सिस्टम, श्री जयन्द्र रावल | सदस्य |
| प्रमुख जोखिम अधिकृत, श्री कपिल ढकाल | सदस्य सचिव |

**समीक्षा अवधिको मिति २०७८/१२/२२ देखि मिति २०७९/०३/३२ सम्म**

| | |
|---|---|
| सञ्चालक, श्रीमती विजया स्वार | संयोजक |
| सञ्चालक, श्री गणेश मान श्रेष्ठ | सदस्य |
| सहायक प्र.का.अ - एक्सपिरियन्स् एशुरेन्स् ईको सिस्टम, श्री जयन्द्र रावल | सदस्य |
| प्रमुख जोखिम अधिकृत, श्री कपिल ढकाल | सदस्य सचिव |

(आ) समितिको बैठक संख्या: २९

(इ) समितिको कार्य सम्बन्धी छोटो विवरण :

**यस समितिको निम्न बमोजिमका जिम्मेवारीहरु (Terms of Reference) रहेका छन् :**

- विद्यमान जोखिम पहिचान तथा व्यवस्थापन प्रणालीको पर्याप्तता र उपयुक्तता सम्बन्धमा सञ्चालक समितिलाई जानकारी गराउने र उपयुक्त प्रणालीको विकासका लागि सुझाव दिने ।
- व्यवसायिक गतिविधिमा निहित जोखिमको स्तर, जोखिम बहन क्षमता, जोखिम व्यवस्थापनको लागि विकास गरेको रणनीति, नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा सञ्चालक समितिमा सुझाव पेश गर्ने ।
- व्यवस्थापनबाट नियमित रुपमा जोखिम व्यवस्थापन प्रतिवेदन लिई जोखिमको आंकलन, मूल्यांकन, नियन्त्रण तथा अनुगमन के कसरी भइरहेको छ सो सम्बन्धमा छलफल गर्ने र सञ्चालक समितिमा आवश्यक सुझाव पेश गर्ने ।
- जोखिम सम्पत्ति अनुसार पूँजीको पर्याप्तता, आन्तरिक पूँजी विश्लेषण पद्धति (ICAAP), व्यवसायिक रणनीति अनुरुप नीतिगत व्यवस्थाको पर्याप्तता, संस्थाले लिन सक्ने अधिकतम जोखिम सम्बन्धमा नियमित रुपमा छलफल तथा विश्लेषण गरी सञ्चालक समितिलाई आवश्यक राय, सुझाव दिने ।
- जोखिम व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशन/मार्गनिर्देशन, संस्थाले निर्धारण गरेका आन्तरिक सीमा, उपयुक्त प्रचलन अनुरुप आवश्यक नीति एव्म संरचना विकास गर्नका लागि सञ्चालक समितिलाई सुझाव दिने ।
- नियमित रुपमा दवाव परीक्षण (स्ट्रेस टेष्टिङ्ग) गरी सोको परिणाम माथि छलफल गरी सोका आधारमा भविष्यमा अपनाउनु पर्ने आवश्यक नीति निर्माण वा निर्णय प्रक्रियाका लागि सञ्चालक समितिमा सुझाव पेश गर्ने ।
- सञ्चालक समितिबाट भएको अख्तियार प्रत्यायोजनको सीमा तथा औचित्यता विश्लेषण गरी सञ्चालक समितिमा आवश्यक सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।
- इजाजतपत्र प्राप्त संस्थाको सम्पत्ति संरचना, ती सम्पत्तिहरु परिचालनको अवस्था, त्यसबाट प्राप्त गर्न सकिने आय, सम्पत्तिहरुको गुणस्तरमा हुने वृद्धि/ह्रास र सम्पत्ति दायित्व समिति (ALCO) बाट भएका कार्यहरुको सम्बन्धमा त्रैमासिक रुपमा विश्लेषण/समिक्षा गरी सञ्चालक समितिमा प्रतिवेदन पेश गर्ने ।
- अर्थतन्त्रको कुनै क्षेत्रमा उत्पन्न हुने समस्या वा परिवर्तनले संस्थाको वित्तीय अवस्थामा पार्न सक्ने असरको सम्बन्धमा अध्ययन गरी सोको निराकरणको लागि के कस्तो नीति अवलम्बन गर्नु पर्ने हो आवश्यक सुझाव सहित सञ्चालक समितिमा प्रतिवेदन पेश गर्ने ।

(ग) आन्तरिक नियन्त्रण कार्यविधि भए/नभएको: भएको

(घ) आन्तरिक नियन्त्रण प्रणालीको लागि कुनै समिति गठन भए/नभएको गठन नभएको भए सोको कारण:
बैंकको आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनका लागि प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुको लागि जारी भएको निर्देशन बमोजिम विभिन्न समितिहरु गठन गरिएको छ ।

(ङ) आन्तरिक नियन्त्रण प्रणाली समिति सम्बन्धी विवरण: बैंकले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनका लागि सञ्चालक स्तरिय देहाय बमोजिमका समितिहरु गठन गरिएको छ :

१. जोखिम व्यवस्थापन समिति : बुंदा नं. ३.ख मा उल्लेख भए बमोजिम
२. लेखापरीक्षण समिति : बुंदा नं. ६.ख मा उल्लेख भए बमोजिम
३. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति

(अ) समितिको संरचना (संयोजक तथा सदस्यहरुको नाम तथा पद)

१. जोखिम व्यवस्थापन समितिको संरचना : बुंदा नं. ३.ख(अ) मा उल्लेख भए बमोजिम

२. लेखापरीक्षण समितिको संरचना : बुंदा नं. ६.ख मा उल्लेख भए बमोजिम

३. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति

**समीक्षा अवधिको सुरुवात मिति २०७८/०४/०१ देखि मिति २०७८/०७/११ सम्म**

| | |
|---|---|
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | संयोजक |
| सञ्चालक, श्री विनोद कुमार प्याकुरेल | सदस्य |
| श्री कपिल ढकाल, प्रमुख जोखिम अधिकृत | सदस्य |
| श्री राजु प्रसाद अधिकारी, सम्पत्ति शुद्धीकरण निवारण कार्यान्वयन अधिकृत | सदस्य सचिव |

**मिति २०७८/०७/१२ देखि मिति २०७८/०८/०८**

| | |
|---|---|
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | संयोजक |
| सञ्चालक, श्रीमती विजया स्वार | सदस्य |
| श्री कपिल ढकाल, प्रमुख जोखिम अधिकृत | सदस्य |
| श्री राजु प्रसाद अधिकारी, सम्पत्ति शुद्धीकरण निवारण कार्यान्वयन अधिकृत | सदस्य सचिव |

**मिति २०७८/०८/०९ देखि मिति २०७८/१२/२०**

| | |
|---|---|
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | संयोजक |
| सञ्चालक, श्रीमती विजया स्वार | सदस्य |
| श्री कपिल ढकाल, प्रमुख जोखिम अधिकृत | सदस्य |
| श्री दिपक ढकाल, सम्पत्ति शुद्धीकरण निवारण कार्यान्वयन अधिकृत | सदस्य सचिव |

**मिति २०७८/१२/२२ देखि मिति २०७९/०३/३२ सम्म**

| | |
|---|---|
| सञ्चालक, श्री आदित्य कुमार अग्रवाल | संयोजक |
| सञ्चालक, श्री गणेश मान श्रेष्ठ | सदस्य |
| श्री कपिल ढकाल, प्रमुख जोखिम अधिकृत | सदस्य |
| श्री दिपक ढकाल, सम्पत्ति शुद्धीकरण निवारण कार्यान्वयन अधिकृत | सदस्य सचिव |

(आ) समितिको बैठक संख्या :

१. जोखिम व्यवस्थापन समितिको बैठक संख्या : २९

२. लेखापरीक्षण समितिको बैठक संख्या : ५८

३. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति : २०

(ङ) समितिको कार्य सम्बन्धी छोटो विवरण

१. जोखिम व्यवस्थापन समितिको कार्य : बुंदा नं. ३.ख(इ) मा उल्लेख भए बमोजिम

२. लेखापरीक्षण समितिको कार्य : अनुसूची १ मा उल्लेख भए बमोजिम

३. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति (अनुसूची २ मा उल्लेख भए बमोजिम)

(च) आर्थिक प्रशासन विनियमावली भए/नभएको : भएको

## ४. सुचना तथा जानकारी प्रवाह सम्बन्धी विवरण

(क) संस्थाले सार्वजनिक गरेको सूचना तथा जानकारी प्रवाहको : विवरण

| विषय | माध्यम | सार्वजनिक गरेको मिति |
|---|---|---|
| वार्षिक साधारण सभाको सूचना | राष्ट्रिय स्तरको पत्रिका | २०७९/०९/०७ |
| विशेष साधारण सभाको सूचना | - | - |
| वार्षिक प्रतिवेदन | वेवसाइट | |
| त्रैमासिक प्रतिवेदन | राष्ट्रिय स्तरको पत्रिका र वेवसाइट | २०७८/०७/१५, २०७८/१०/०७, २०७९/०१/०७, २०७९/०४/०५ |
| धितोपत्रको मूल्यमा प्रभाव पार्ने मूल्य संवेदनशील सूचना (आ.व. २०७८ र ७९ को लाभांश वितरण सम्वन्धि सूचना) | प्रेष विज्ञप्ती तथा सम्बन्धित नियमनकारी निकायहरुमा पत्र मार्फत | २०७९/०९/०६ |
| अन्य | - | - |

*नोट : बैंकले आ.व २०७८/७९ मा विशेष साधारण सभा नगरेको*

(ख) सुचना सार्वजनिक नगरेको वा अन्य कारणले धितोपत्र बोर्ड तथा अन्य निकायबाट कारवाहिमा परेको भए सो सम्बन्धी जानकारी : नपरेको

(ग) पछिल्लो वार्षिक तथा विशेष साधारण सभा सम्पन्न भएको मिति : पछिल्लो वार्षिक साधारण सभा मिति २०७८/१२/२० गते सम्पन्न भएको तथा बैंकले आ.व २०७८/७९ मा विशेष साधारण सभा नगरेको

## ५. संस्थागत संरचना र कर्मचारी सम्बन्धी विवरण

(क) कर्मचारीहरुको संरचना, पदपूर्ति, वृत्ति विकास, तालिम, तलव, भत्ता तथा अन्य सुविधा, हाजिर र विदा, आचारसंहिता लगायतका कुराहरु समेटिएको कर्मचारी सेवा शर्त विनियमावली/व्यवस्था भए नभएको : भएको

(ख) सांगठानीक संरचना संलग्न गर्ने : अनुसूची ३ मा उल्लेख भए बमोजिम

(ग) उच्च व्यवस्थापन तहका कर्मचारीहरुको नाम, शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी विवरण : अनुसूची ४ मा उल्लेख भए बमोजिम

(घ) कर्मचारी सम्बन्धी अन्य विवरण

| | |
|---|---|
| संरचना अनुसार कर्मचारी पदपूर्ती गर्ने गरे/नगरेको : | गरेको |
| नयाँ कर्मचारीहरुको पदपूर्ति गर्दा अपनाएको प्रकृया : | नयाँ कर्मचारीहरुको पदपूर्ति गर्दा यस बैंकको कर्मचारी सेवा विनियमावलीमा तोकिएका तपसिल बमोजिमका प्रकृया अनुसार गर्ने गरिएको :<br>१. खुल्ला प्रतिस्पर्धा अन्तर्गत पत्रिकामा विज्ञापन प्रकाशित गरी प्राप्त आवेदकको योग्यता अनुसार प्रारम्भिक छनोट गरी लिखित परीक्षा, सामुहिक छलफल र अन्तरवार्ताको आधारमा नियुक्ति,<br>२. उत्कृष्ट छनोट प्रकार अन्तर्गत एक्जुक्युटिभ सर्च, हेड हन्ट माध्यमबाट प्राप्त आवेदनमा प्रारम्भिक छनोट गरी अन्तरवार्ताको आधारमा नियुक्ति । |
| व्यवस्थापन स्तरका कर्मचारीको संख्या: | १०९ |
| कुल कर्मचारीको संख्या: | ४,३८५ |
| कर्मचारीहरुको सक्सेसन प्लान भए/नभएको : | भएको |
| आ. व. कर्मचारीहरुलाई दिइएको तालिम संख्या तथा सम्मिलित कर्मचारीको संख्या: | १,३७७ तालिम द्वारा ५३,५३६ सम्मिलित कर्मचारीहरूलाई तालिम दिईएको (एक कर्मचारीलाई एक भन्दा बढी तालिम दिईएको) |
| आ. व. को कर्मचारी तालिम खर्च रु : | रु.११८,६०२, ९४९ |
| कुल खर्चमा कर्मचारी खर्चको प्रतिशत : | ६४.४२ प्रतिशत |
| कुल कर्मचारी खर्चमा कर्मचारी तालीम खर्चको प्रतिशत : | २.६५ प्रतिशत |

## ६. संस्थाको लेखा तथा लेखापरीक्षण सम्बन्धी विवरण

(क) लेखासम्बन्धी विवरण

| | |
|---|---|
| संस्थाको पछिल्लो आ. व. को वित्तिय विवरण NFRS अनुसार तयार गरे/ नगरेको, नगरेको भए सोको कारण : | गरेको |
| संचालक समितिबाट पछिल्लो वित्तीय विवरण स्वीकृत भएको मिति: | २०७८/११/२६ |
| त्रैमासिक वित्तीय विवरण प्रकाशन गरेको मिति : | २०७८/०७/१५,<br>२०७८/१०/०७,<br>२०७९/०१/०७,<br>२०७९/०४/०५ |
| अन्तिम लेखापरिक्षण सम्पन्न भएको मिति : | २०७९/०९/०५ |
| साधारण सभाबाट वित्तीय विवरण स्वीकृत भएको मिति : | |
| संस्थाको आन्तरिक लेखा परीक्षण सम्बन्धी विवरण : | |
| (अ) आन्तरिक रुपमा लेखा परीक्षण गर्ने गरिएको वा वाह्य विज्ञ नियुक्त गर्ने गरिएको | (अ) आन्तरिक रुपमा लेखा परीक्षण गर्ने गरिएको |
| (आ) वाह्य विज्ञ नियुक्त गरिएको भए सोको विवरण | (आ) गरिएको छैन |

| | |
  वित्तीय सम्पत्ति नाफा वा हानिको माध्यमबाट fair value को रूपमा वर्गीकृत गरिन्छ यदि तिनीहरू व्यापारको लागि राखिएको छ (Held for Trading) वा नाफा वा नोक्सानको माध्यमबाट fair value मा निर्दिष्ट गरिएको छ । प्रारम्भिक पहिचान र लेखाङ्कनमा कारोबार लागत अधिग्रहण लागत हो भने नाफा वा नोक्सानको माध्यमबाट गरिन्छ । त्यस्ता, सम्पत्ति पछि fair value मा नापिन्छन् र fair value मा परिवर्तनहरू नाफा वा नोक्सानको विवरणमा पहिचान र लेखाङ्कन गरिन्छ ।

- **अन्य विस्तृत आम्दानी मार्फत fair value मा मापन गरिने वित्तीय सम्पत्ति**

  प्रारम्भिक रुपमा व्यापारको लागि नराखिएको र लेखाङ्कन गरिएको ईक्विटी उपकरणमा गरिएको लगानी बैंकले उपकरणको fair value मा भएको परिवर्तनलाई अन्य विस्तृत आयमा लेखाङ्कन गर्ने गरी अपरिवर्तनीय छनौट गर्छ भने अन्य विस्तृत आम्दानी मार्फत fair value मा मापन गरिने वित्तीय सम्पत्तिको रूपमा वर्गीकृत गरिनुपर्छ । त्यस्ता सम्पत्ति पछि fair value मा मापन हुन्छन् र fair value मा परिवर्तनहरू अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिन्छ ।

  नेपाल लेखामान बोर्डको मिति २०७७/०७/०४ को निर्णय अनुसार यस किसिमको ईक्विटी उपकरणको निसर्ग भएमा पछिल्लो वर्षको fair value movement लाई अन्य विस्तृत आम्दानी र समीक्षा वर्षको नाफालाई नाफा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ ।

**आ) वित्तीय दायित्व**

वित्तीय जमानत र ऋण प्रतिबद्धता बाहेक अन्य वित्तीय दायित्वहरुलाई बैंकले यसरी वर्गीकरण गरेको छ :

- **नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिने वित्तीय दायित्वहरु**

  यदि व्यापारको लागि राखिएको हो भने वा नाफा वा नोक्सानको माध्यमबाट fair valueमा निर्दिष्ट गरिएको छ भने वित्तीय दायित्व मुनाफा वा नोक्सान मार्फत fair value मा मापन गरिने वित्तीय दायित्वहरुको रूपमा वर्गीकृत गरिएको छ । प्रारम्भिक पहिचान र लेखाङ्कनमा कारोबार लागतहरू अधिग्रहणसँग प्रत्यक्ष रुपले सम्बन्धित भए नाफा वा नोक्सान खातामा लेखाङ्कन गरिन्छ । तोकिएको विशेष दायित्वहरू बाहेक, दायित्वको कर्जा जोखिममा भएको परिवर्तनको कारण fair value मा भएको परिवर्तनलाई अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिएको छ ।

- **परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्वहरु**

  नाफा वा नोक्सानको माध्यमबाट fair value मा मापन गरिएको वित्तीय दायित्वहरुलाई बाहेक अन्य वित्तीय दायित्वलाई परिशोधित लागतमा प्रभावकारी व्याजदर विधि प्रयोग गरेर मापन गरी परिशोधित लागतमा वर्गीकरण गरिन्छ ।

**ग) मापन**

**अ) प्रारम्भिक मापन (Initial Measurement)**

नाफा वा नोक्सानको माध्यमबाट मापन गरिएको बाहेकको वित्तीय सम्पत्ति वा वित्तीय दायित्व सुरुको fair value मा कारोबार रकम जोडेर वा घटाएर मापन गरिन्छ । नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिने वित्तीय सम्पत्ति र वित्तीय दायित्वको सम्बन्धमा कारोबार लागत नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ ।

आ) **पछिको मापन (Subsequent Measurement)**

वित्तीय सम्पत्ति वा वित्तीय दायित्व पछि वर्गीकरणको आधारमा fair value मा वा परिशोधित लागतमा मापन गरिन्छ । परिशोधित लागतमा मापन गरिएको वर्गीकृत सम्पत्ति वा दायित्व पछि प्रभावकारी व्याजदर विधि प्रयोग गरेर परिशोधित लागतमा मापन गरिएको छ ।

वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको परिशोधित लागत भनेको त्यस्तो रकम हो जसमा वित्तीय सम्पत्ति वा वित्तीय दायित्व प्रारम्भिक लेखाङ्कन गरिएको रकममा साँवाको पुर्ण भुक्तानी, प्रभावकारी व्याज विधिद्वारा मापन गरिएको संचित परिशोधन (प्रारम्भिक रकम र परिसोधित रकमको भिन्नता) र क्षति वा असंकलनको कारण हुने कमीलाई घटाई परिणामस्वरुप आएको रकमलाई बुझिन्छ ।

Fair value मा वर्गीकरण गरिएका वित्तीय सम्पत्ति पछि fair value मा मापन गरिन्छ । वित्तीय सम्पत्तिको fair value मा नाफा वा नोक्सानको माध्यमबाट पछि हुने fair value परिवर्तनलाई नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ जबकी अन्य विस्तृत आयमार्फत fair value मापन गरिने वित्तीय सम्पत्तिलाई अन्य विस्तृत आयमा पहिचान र लेखाङ्कन गरिन्छ ।

### ३.४.१ अपलेखाङ्कन (De-Recognition)

**वित्तीय सम्पत्तिको अपलेखाङ्कन**

जब बैंकको वित्तीय सम्पत्तिबाट नगद प्रवाहको अनुबन्धित अधिकार (Contractual Right) समाप्त हुन्छ वा जब बैंकले कारोबारमा अनुबन्धित नगद प्रवाह प्राप्त गर्ने अधिकार हस्तान्तरण गर्छ जसमा वित्तीय सम्पत्तिको सबै जोखिम र प्रतिफल हस्तान्तरण हुन्छ वा जसमा बैंकले न त प्रतिफल हस्तान्तरण गर्छ न त जोखिम हस्तान्तरण गर्छ तर वित्तीय सम्पत्तिको नियन्त्रण राख्दैन त्यसबेला बैंकले वित्तीय सम्पत्तिलाई अपलेखाङ्कन गर्छ ।

हस्तान्तरण गरिएको वित्तीय सम्पत्तिमा कुनै पनि स्वार्थ जुन बैंकद्वारा बनाइएको वा कायम राखिएको छ भने यसलाई छुट्टै सम्पत्ति वा दायित्वका रूपमा लेखाङ्कन गरिन्छ । वित्तीय सम्पत्तिको अपलेखाङ्कनमा सम्पत्तिको (वा हस्तान्तरण सम्पत्तिको अंश विनियोजन गरिएको रकम) र प्राप्त प्रतिफल (जसमा कुनै नयाँ सम्पत्ति समावेश गरी नयाँ दायित्व घटाइ) को भिन्नता नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ ।

**वित्तीय दायित्वको अपलेखाङ्कन**

दायित्व भर्पाई गरियो वा रद्द गरियो वा म्याद समाप्त भयो भने वित्तीय दायित्व अपलेखाङ्कन गरिन्छ । जहाँ विद्यमान वित्तीय दायित्व एकै ऋणदाताबाट अरु बिभिन्न शर्तहरू वा विद्यमान दायित्वका सर्तहरूमा पर्याप्त संशोधन गरिएको हुन्छ र नया दायित्वले साटासाट गरिन्छ, त्यस्तो साटासाट वा संशोधन भएको खण्डमा मूल दायित्वको अपलेखाङ्कन र नयाँ दायित्वको लेखाङ्कन गरिन्छ । मूल वित्तीय दायित्वको किताबी मूल्य र भुक्तान गरिएको प्रतिफल बीचको भिन्नता नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ ।

### ३.४.२ Fair Value को निर्धारण

Fair value भनेको त्यो मूल्य हो जुन मापन मितिमा बजार सहभागीहरूबीच व्यवस्थित कारोबार भएको अवस्थामा सम्पत्ति बेच्दा पाईने वा दायित्व हस्तान्तरण गर्दा तिरिने रकम हो । दायित्वको Fair value ले यसको कार्यान्वयन जोखिम प्रतिबिम्बित गर्दछ ।

NAS १७ अन्तर्गत पट्टाहरूको सन्दर्भमा, Fair value भने को जानकार, इच्छुक पक्षबीच मापन मितिमा arms length transaction मा सम्पत्ति विनिमय गर्न वा दायित्व चुक्ता गर्न सकिने मूल्य हो ।

**निम्न तह अनुसार fair value निर्धारण गरिन्छ** :

**तह १** : Fair value मापन भन्नाले सोही किसिमको सम्पति या दायित्वको सक्रिय बजारमा अवस्थित असमायोजित सूचिकृत (Unadjusted quoted) मूल्य जनाउँछ ।

**तह २** : तह २ मूल्याङ्कनहरु भन्नाले उस्तै उपकरणहरुको सक्रिय या निष्क्रिय बजारमा रहेको उदृत मूल्यलाई आधार मानी एउटा मोडल अनुसार मापन गरिन्छ । मोडल तयार गर्दा सम्पूर्ण आगतहरु (Input) प्रष्ट रुपमा व्याख्या हुने गरी तयार गर्नु पर्छ ।

**तह ३** : ती वित्तीय उपकरण जहाँ एक वा एक भन्दा बढी अवलोकन गर्न नसकिने (unobservable) आधारहरु प्रयोग भई मापन हुन्छन् ।

बैंकले वित्तीय उपकरणको fair value त्यो उपकरणको सक्रिय बजारमा सूचीकृत मूल्यहरू प्रयोग उपलब्धताको आधारमा मापन गर्दछ । यदि सूचीकृत मूल्यहरू सजिलैसँग र नियमित रूपमा उपलब्ध छन् भने बजारलाई सक्रिय मानिन्छ र arm's length को आधारमा वास्तविक र नियमित रूपमा हुने बजार कारोबार प्रतिनिधित्व गर्दछ । यदि एक वित्तीय उपकरणको लागि बजार सक्रिय छैन भने बैंकले मूल्याङ्कन विधि प्रयोग गरी fair value स्थापना गर्दछ । मूल्य निर्धारण विधिमा जानकार, इच्छुक पार्टीहरू (यदि उपलब्ध छ) बीचका arm's length कारोबार समावेश हुन्छ ।

प्रारम्भिक लेखाङ्कन गर्दा वित्तीय उपकरणको fair value को


बैंक पनि साथी पनि राम्रो पनि हाम्रो पनि

उत्तम प्रमाण भनेको कारोबार मूल्य हो (अर्थात दिइएको वा प्राप्त गरिएको प्रतिफलको fair value) । यद्यपि प्रारम्भिक पहिचान र लेखाङ्कनमा वित्तीय उपकरणको fair value यसको कारोबार मूल्यमा भिन्न हुन सक्छ । यदि त्यस्ता fair value उही उपकरणमा हालको अन्य प्रत्यक्ष बजार कारोबारको साथ तुलना गरेर प्रमाणित गरिएको छ (संशोधन बिना) वा मूल्याङ्कन विधि प्रयोग गरी Variable मा केवल प्रत्यक्ष बजार बाट आंकडा समावेश गरिएको छ भने तब भिन्नता शुरुवाती पहिचान र लेखाङ्कनमा नाफा वा नोक्सानमा पहिचान र लेखाङ्कन गरिन्छ । अन्य परिस्थितिमा भिन्नता नाफा वा नोक्सानमा तुरुन्त लेखाङ्कन हुँदैन तर उपयुक्त आधारमा वा उपकरणको आयु भरिमा लेखाङ्कन हुन्छ वा जब उपकरण साटिन्छ बेचिन्छ वा हस्तान्तरण हुन्छ ।

सबै सूचिकृत नभएका स्वपूँजी लगानी लागतमा लेखाङ्कन गरिएको छ वासलातको मितिसम्म प्रवर्द्धक शेयरको गैरव्यापारलाई ध्यानमा राखी यस्तो शेयरको बजार मूल्य किटानका साथ निश्चित गर्न सकिदैन । तसर्थ, यस्ता लगानीहरु परल मूल्यमा नोक्सानी घटाई लेखाङ्कन गरिन्छ ।

३.४.३ **हानी** (Impairment)

प्रत्येक रिपोर्टिङ मितिमा बैंकले सम्पत्तिमा हानी भएको वा नभएको कुनै संकेत छ कि छैन भनी मूल्याङ्कन गर्छ । यदि कुनै संकेत छ भने पुर्नप्राप्ति योग्य रकम निर्धारण गरिन्छ । वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिको समूहमा हानी नोक्सानी लेखाङ्कन गरिन्छ यदि सम्पत्तिको प्रारम्भिक लेखाङ्कनपछि हुने एक वा बढी घटनाहरूको परिणामको रूपमा हानीको वस्तुगत प्रमाण छ (नोक्सान घटना) र त्यो नोक्सान घटना (वा घटनाहरू) का कारण वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्ति समूहको अनुमानित भविष्य नगदी प्रवाहमा कुनै प्रभाव छ कि छैन भनी विश्वसनीय अनुमान गर्न सकिन्छ ।

हानीको वस्तुगत मूल्याङ्कनको लागि बैंकले निम्नानुसारको बुँदालाई ध्यान दिन्छ :

- ऋणीले व्याज वा साँवाको भुक्तानी नतिरेको भए
- जब ऋणीले टाट पल्टिएको घोषणा गर्ने प्रक्रिया अघि बढाउँछ तब उसको दायित्व भर्पाईमा ढिलाई वा मुक्त हुन्छ ।
- जहाँ बैंकले ऋणीको कर्जा दायित्वको सन्दर्भमा पुनर्प्राप्तीको कानुनी सहारा सुरु गर्छ ।
- जहाँ बैंकले ऋणको भौतिक माफी वा तोकिएको भुक्तानीहरूको स्थगनको कारण प्रदर्शन गर्छ र आर्थिक दायित्व कम हुने गरी दायित्वको पुनर्संरचनाको लागि सहमति जनाउँछ ।
- तथ्याङ्कले वित्तीय सम्पत्ति समूहको भविष्यको अनुमानित नगद प्रवाहमा मापनयोग्य कमी छ भन्ने सूचित गरे पनि यद्यपी अझै पृथक वित्तीय सम्पत्तिको कमी लेखाङ्कन गर्न सक्दैन ।

बैंकले कर्जा सापटीको र भुक्तानी मितिसम्म धारण गरिएको लगानी धितोहरूको हानीको प्रमाण पृथक सम्पत्ति र सामूहिकस्तर दुवैमा तहमा विचार गर्दछ । सबै पृथक रूपमा महत्वपूर्ण सापटीहरु र परिशोधित लागतमा मापन गरिएका लगानी धितोहरु विशेष हानीको लागि मूल्याङ्कन गरिन्छ । विशेष हानी लेखाङ्कन नभएका कर्जा सापटीहरुको हकमा सामुहिक रुपमा हानी नोक्सानी मूल्याङ्कन गरिन्छ ।

परिशोधित लागतमा मापन गरिएका एकल रुपमा महत्वपूर्ण नभएका कर्जा सापटी तथा परिशोधित लागतमा मापन गरिएका लगानी सुरक्षणपत्रहरुलाई परिसोधित लागतमा मापन गरिएका उस्तै खाले जोखिम चरित्र भएका कर्जा सापटी र परिसोधित लागतमा मापन गरिएका लगानी सुरक्षणपत्रहरु सँगै राखेर सामूहिक रुपमा मूल्याङ्कन गरिन्छ । अन्य वित्तीय सम्पत्तिको क्षति परीक्षण आन्तरिक र बाह्य सूचकांक निरीक्षण गरी वार्षिक रुपमा गरिन्छ ।

सामूहिक क्षतिको आंकलन गर्दा बैंकले ऋण नतिर्ने सम्भावना (Probability of Default) पुर्नस्थापनाको समय र नोक्सान रकमको ऐतिहासिक प्रवृत्तिहरूको (Historical Trend) तथ्यांकीय मोडल प्रयोग गर्दछ । नोक्सान दरहरू र भविष्यको पुनर्प्राप्तीको अपेक्षित समय नियमित रूपमा वास्तविक परिणामहरूको विरूद्ध बेन्चमार्क हुन्छन् ।

**क) परिशोधित लगातमा मापन गरिएको सम्पत्तिमा हानी नोक्सान**

परिशोधित लागतमा लेखाङ्कन गरिएको वित्तीय सम्पत्तिहरू जस्तै बैंकबाट बाँकी रकम ग्राहकलाइ दिइएको कर्जा सापटी र भुक्तानी अवधिसम्म धारण गरिएको लगानीको प्रारम्भिक लेखाङ्कनपछि एक वा एक भन्दा बढी घटनाको कारण क्षति भएको हो भन्ने ठोस प्रमाण भए हानी नोक्सान लेखाङ्कन गरिन्छ । हानीको रकम सम्पत्तिको किताबी रकम र ऋणबाट पुनर्प्राप्ती गर्न सकिने रकमको भिन्नताबाट निकालिन्छ ।

ठूलो रकम कर्जा सापटीको रुपमा दिइएको ग्राहक (ठूला ५० ऋणी र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार खराब भनी लेखाङ्कन गरिएका ऋणी) एकल हानी परीक्षणको क्रममा मूल्याङ्कन गरिन्छन् । ऋणीसँग बैंकको पुराना अनुभव र धितोबाट प्राप्त गर्न सकिने मूल्यको आधारमा ऋणको पुन: प्राप्ती मूल्य अनुमान गरिन्छ । जसलाई एकल रुपमा मूल्याङ्कन गरिएको छ र जसको हानी छैन तिनलाई उस्तै प्रकृतिको कर्जा जोखिम विशेषता भएका वित्तीय सम्पत्तिको समुहमा राखिन्छ र हानीको लागि सामूहिक रुपमा मूल्याङ्कन गरिन्छ । व्यवस्थापनको पुराना अनुभवको आधारमा हरेक समूहमा वर्गीकरण गरिएको कर्जा सापटीको कर्जा जोखिमको

तथ्यांक निर्धारण गरिन्छ । हानीको सामूहिक मूल्याङ्कन गर्ने उद्देश्यले बैंकले सम्पत्तिलाई ६ बृहत् Products को रुपमा बाँडेको छ :

१) आवधिक (टर्म) लोन
२) सवारी कर्जा
३) घर कर्जा
४) व्यक्तिगत कर्जा
५) चालू पूँजी कर्जा
६) अन्य

**नेपाल राष्ट्र बैंकको कर्जा नोक्सानी व्यवस्था**

बैंकको निर्देशनमा उल्लेख गरिएको न्यूनतम कर्जा नोक्सान व्यवस्थाको अधीनमा रही बैंकको कर्जा नोक्सान व्यवस्था कर्जा क्षतिको सघनताको आधारमा व्यवस्थापनले गरेको मूल्याङ्कनमा आधारित छ । राष्ट्र बैंकको निर्देशन अनुसार कर्जा तथा सापटीको वर्गीकरणको आधारमा १.३ प्रतिशत देखि १०० प्रतिशत सम्भावित नोक्सानीको व्यवस्था गरिएको हुन्छ ।

**अंगीकार गरिएको नीति (Policies Adopted)**

ICAN ले जारी गरेको Carve out सूचना अनुसार बैंकले कर्जा र सापटीहरुमा हानी मापन गरेको हुन्छ र हानी व्यवस्थाका लागि नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड र NFRS ९ मा निर्धारिण गरिए बमोजिम जुन बढी हुन्छ त्यसै अनुसार गरिन्छ ।

ख) **अन्य विस्तृत आम्दानीमार्फत** fair value **मा वर्गीकरण गरिएको वित्तीय सम्पत्तिको क्षति**

ईक्विटी उपकरणमा लगानी बाहेक FVTOCI मा मापन गरिएको वित्तीय सम्पत्तिको लागि हानीको आधारभूत प्रमाण भेटिन्छ छ भने सञ्चित नोक्सान (परिशोधित लागत र हालका fair value को बीचको भिन्नताका) रूपमा मापन गरिन्छ । प्रारम्भिकरुपमा नाफा वा नोक्सानको विवरणमा समावेश गरिएको हानी नोक्सानलाई ईक्विटीबाट पुनर्वर्गीकरण गर्दै नाफा वा नोक्सानमा राखिन्छ । कुनै ईक्विटी उपकरणको fair value अर्थपूर्ण वा लामो समयसम्म त्यसको लागत भन्दा तल गएमा त्यसलाई ईक्विटी सुरक्षणपत्रको हानी भनी मानिन्छ ।

### ३.५ व्यापारिक सम्पत्ति

व्यापारिक सम्पत्ति र दायित्वहरु ती सम्पत्ति र दायित्वहरु हुन् जसलाई बैंकले निकट भविष्यमा बिक्री गर्ने वा पुनर्खरिद गर्ने उद्देश्यसहित लिएको हुन्छ वा छोटो अवधिको लाभ लिनको लागि बैंकले राखेको हुन्छ ।

व्यापारिक सम्पत्ति र दायित्वहरुलाई प्रारम्भिक रुपमा fair value मा लेखाङ्कन गरिन्छ र त्यसपछि वित्तीय अवस्थाको विवरणमा fair value मा मापन गरिन्छ भने कारोबार खर्चलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ । fair value मा भएको सबै परिवतर्नलाई नाफा वा नोक्सान खातामा fair value मानिए जसरी नै खुद व्यापारिक आम्दानीको रुपमा लेखाङ्कन गरिन्छ ।

### ३.६ व्यूत्पन्न सम्पत्ति र दायित्वहरु

जोखिम व्यवस्थापन उद्देश्यका लागि राखिएको व्यूत्पन्नमा ती सबै व्युत्पन्न सम्पत्तिहरू र दायित्वहरू समावेश हुन्छन् जुन कारोबार सम्पत्ति वा दायित्वका रूपमा वर्गीकृत गरिएका हुन्नन् । जोखिम व्यवस्थापन उद्देश्यका लागि राखिएका व्यूत्पन्नहरु वित्तीय स्थितिको विवरणमा fair value मा मापन गरिन्छ ।

लागत लाभहरूलाई ध्यानमा राख्दै बैंकले जोखिम व्यवस्थापनको लागि राखिएका केही व्यूत्पन्नहरुका लागि हेज लेखा अपनाएको छैन ।

### ३.७ सम्पत्ति र उपकरण

**क) लेखाङ्कन र मापन**

**सम्पत्ति र उपकरणको लागत** Asset **को रूपमा लेखाङ्कन गरिन्छ यदि :**

- उपकरणसँग सम्बन्धित भविष्यका आर्थिक लाभहरू संस्थामा प्रवाहित हुने सम्भावना रहन्छ र,
- सम्पत्ति र उपकरणको लागत विश्वसनीय रुपमा मापन गर्न सकिन्छ ।

लागतले कुनै खरिद मूल्यमा र व्यापार छूट घटाएपछिको कुनै पनि गैरफिर्तीयोग्य करहरू र व्यवस्थापनले चाहेको स्थानमा ल्याउँदाको खर्च र चाहेको शर्तमा सञ्चालन गर्दा हुने यस्ता अन्य लागतहरू पनि समेट्छ ।

**स्वनिर्माण सम्पत्तिका खर्चहरु निम्नानुसार छन् :**

- निर्माण सामग्री र प्रत्यक्ष श्रम खर्च
- प्रत्यक्ष रूपमा प्रयोजनको लागि काम गर्ने अवस्थामा सम्पत्तिहरू ल्याउनको लागि आवश्यक पर्ने कुनै पनि लागतहरु,
- सम्पत्ति योग्यताको लागि हुने borrowing costs

सबै वर्गको सम्पत्ति र उपकरणहरूको लागि बैंकले लागत मोडेल अंगीकार गर्छ । न त सम्पत्ति र उपकरणको वर्ग पुनर्मूल्याङ्कन मोडेलमा मापन गरिन्छ न त उनीहरूको fair value रिपोर्टिङ मितिमा मापन गरिएको हुन्छ । सम्पत्ति

र उपकरणहरु cost less accumulated depreciation and any accumulated impairment losses मा मापन गरिन्छ ।

सम्बन्धित उपकरणहरूको कार्यक्षमतासँग अभिन्न हुने सफ्टवेयर, उपकरणको अंशको रूपमा पूँजीकृत हुन्छ । खर्च गरेको भएर भविष्यका आर्थिक लाभहरू बैंकमा प्रवाहित हुन्छ भने खरिदपछिको खर्चको पूँजीकरण गरिन्छ । सम्पत्तिलाई चलायमान राख्नको लागि गरिने मर्मत सम्भार उत्पन्न खर्च हुन् । सम्पत्ति र उपकरण नष्ट गर्दा कुनै लाभ वा नोक्सानको अन्य आयमा लेखाङ्कन गरिन्छ ।

रु. १०,००० भन्दा कमको सम्पत्तिलाई उनीहरुको जतिसुकै आयू भएपनि खरिद गरिएको वर्षमा खर्च लेखाङ्कन (Charged off to Revenue) गरिन्छ ।

**ख) पूँजीगत कार्य प्रगति**

निर्माणाधीन स्थिर सम्पत्ति र प्रयोगको लागि तयार नभएका सम्पत्तिहरुको लागत पूँजीगत कार्य प्रगतिमा देखाइन्छ ।

**ग) ह्रासकट्टी व्यवस्था**

अन्य सम्पत्तिमा ह्रासकट्टी व्यवस्थापन अनुसार समदर विधि प्रयोग गरेर अनुमानित उपयोगी आयुका लागि खर्चको बाँकी अंश विनियोजनको रूपमा गणना गरिन्छ । जुन यस प्रकार छ :

| समूह | उपयोगीता अवधि (वर्षमा) |
|---|---|
| कम्प्युटर | ५ |
| फलामे फर्निचर | १० |
| कार्यालय उपकरण | १० |
| सवारी साधन | १० |
| काठको फर्निचर | ५ |
| भवन | ५० |
| लिजहोल्ड | १५ वर्ष वा पट्टा अवधि मध्येको कम |

ह्रासकट्टीको प्रयोजनका लागि उल्लेख मिति महिनाको १४ औं दिनसम्म खरिद गरिएको सामानको लागि १ गते र त्यसपछि खरिद गरिएको सामानको लागि अर्को महिनाको १ गते मानिन्छ ।

**घ) अपलेखाङ्कन**

सम्पत्ति र उपकरणहरूको किताबी रकम सम्पत्ति र उपकरणहरु निसर्ग गर्दा वा भविष्यमा कुनै आर्थिक लाभको आशा नहुने हुँदा अपलेखाङ्कन गरिन्छ । सम्पत्ति र उपकरणको अपलेखनबाट उत्पन्न हुने लाभ वा नोक्सान नाफा वा नोक्सान खातामा समावेश हुनेछ । लाभलाई आम्दानीको रूपमा वर्गीकृत गरिएको हुँदैन ।

ह्रासकट्टी उपयोगी आयु र अवशिष्ट मूल्य छ भने प्रत्येक रिपोर्टिङ मितिमा समीक्षा र समायोजन गरिन्छ ।

## ३.८ अमूर्त सम्पत्ति/ख्याती

**ख्याती**

व्यापार एकीकरणमा अधिग्रहण योग्य खुद सम्पत्तिको fair value खरिद मूल्य भन्दा अधिक भएमा अधिक भएको रकमलाई ख्यातीको रुपमा लेखाङ्कन गरिन्छ । प्रारम्भिक लेखाङ्कनपछि, साख कुनै सञ्चित क्षति नोक्सानलाई घटाई मापन गरिन्छ ।

ख्यातीको क्षतिको वार्षिक रुपमा समीक्षा गरिन्छ र यदि घटना वा परिस्थितिमा आएको परिवर्तनले भारित मूल्यमा क्षति पुगेको संकेत भएमा त्यो भन्दा कम समयमा पनि समीक्षा गरिन्छ ।

**अधिग्रहण गरिएको अमूर्त सम्पत्ति**

अमूर्त सम्पत्तिहरु प्रारम्भिक रुपमा fair value मा मापन गरिन्छ र अपेक्षित उपयोगी आयुको आधारमा परिशोधित मूल्यमा मापन गरिन्छ ।

**कम्प्युटर सफ्टवेयर**

खरिद गरिएको कम्प्युटर सफ्टवेयर लाइसेन्सहरुको खरिद गर्न र प्रयोग गर्न सकिने अवस्थामा ल्याउनको निम्ति लागेको लागतलाई पूँजिकृत गरिन्छ । भविष्यमा सफ्टवेयरले लागत भन्दा लाभ बढी भई आर्थिक फाइदा हुने सम्भावना भएमा सफ्टवेयरको विकाससँग सम्बन्धित खर्चलाई पूँजिकृत गरिन्छ । कम्प्युटर सफ्टवेयर लागत अपेक्षित उपयोगी आयुको आधारमा परिशोधित हुन्छन् । सफ्टवेयर कायम गर्न सम्बन्धित लागतहरू खर्चको रूपमा पहिचान र लेखाङ्कन गरिन्छ ।

सफ्टवेयर प्रयोगको लागि उपलब्ध भएको मितिदेखि यसको अनुमानित उपयोगी आयुमा सिधारेखा शैलीमा नाफा वा नोक्सानमा परिशोधित गरिन्छ । हालको र तुलनात्मक अवधिको लागि सफ्टवेयरको अनुमानित उपयोगी आयु ५ वर्ष हो । १० हजार रुपैयाँ भन्दा कम लागतको राजस्व खर्चको रुपमा लेखिन्छ ।

परिशोधन विधिहरू, उपयोगी आयुहरू र अवशिष्ट मानहरू प्रत्येक रिपोर्टिङ मितिमा समीक्षा गरिन्छ र उपयुक्त छ भने

समायोजन गरिन्छ ।

### ३.९ बिक्रीका लागि राखिएका गैर चालु सम्पत्ति र लगानी सम्पत्ति

**लगानी सम्पत्ति**

भाडामा लगाउन वा मूल्य वृद्धि हुने अपेक्षा सहित साधारणतया बिक्रीको लागि र आफ्नो स्वप्रयोगको लागि नराखिएको जग्गा वा भवन वा दुबै लगानी सम्पत्ति हुन् । लगानी सम्पत्तिलाई लागत मूल्यमा मापन गरिएको छ । कर्जाको सुरक्षण सकार गरि प्राप्त सम्पत्तिको पञ्चकृत मूल्यलाई सम्पत्तिको लागत मूल्यको रूपमा लिइन्छ । लगानी सम्पत्तिहरूलाई निसर्ग गरेमा वा भविष्यमा आर्थिक लाभहरू अपेक्षित नभएमा अपलेखाङ्कन गरिन्छ । लगानी सम्पत्तिको अपलेखनबाट उत्पन्न हुने नाफा नोक्सानलाई नाफा-नोक्सान विवरणमा पहिचान गरिन्छ । जब लगानी सम्पत्तिको प्रयोग परिवर्तन भई सम्पत्ति र उपकरणको रूपमा पुन:वर्गीकृत हुन्छ, पुन:वर्गीकरणको मितिमा यसको उचित मोललाई सम्पत्ति र उपकरणको लागत मूल्यको रुपमा लिइन्छ ।

**बिक्रीका लागि राखिएको गैरचालु सम्पत्ति**

गैरचालू सम्पत्ति (जमीन र भवन) र निकासा समूहहरु (Disposal groups) (निकासा समूहको सम्पत्ति र दायित्व दुवै लाई बिक्रीको लागि राखिएको भनी वर्गीकरण गरिन्छ र बिक्रीको लागि तिनको किताबी र fair value मध्यको कममा मापन गरिन्छ यदि:

अ) प्राथमिक रुपमा तिनको किताबी रकम बिक्रीबाट प्राप्त गरिन्छ,

आ) तिनीहरु वर्तमान अवस्थामै बिक्रीको लागि उपलब्ध हुन्छन्,

इ) तिनको बिक्री सम्भावना उच्च छ ।

बिक्रीको लागि राखिएको भनी प्रारम्भिक वर्गीकरण गर्नु अघि सम्पत्तिहरू (वा सम्पत्ति र दायित्वहरू एक निकासा समूहमा) माथिको वर्णन गरिएको लेखा नीतिका अनुसार मापन गरिन्छ ।

### ३.१० आयकर

कर व्ययले वर्तमान र स्थगन कर खर्च समावेश गर्दछ । प्रत्यक्ष ईक्विटीमा वा अन्य विस्तृत आयमा लेखाङ्कन नगरिएको हदसम्म भने चालू कर र स्थगन करलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ ।

**क) चालू कर**

चालू कर उक्त वर्षको करयोग्य आम्दानी वा नोक्सानमा अघिल्लो वर्षको कर तिर्नुपर्ने दरमा भएको कुनै समायोजन र रिपोर्टिङ मितिमा कार्यान्वयनमा रहेको वा व्यवहारिक रुपमा कार्यान्वयन भएको कर दरहरु प्रयोग गरी अनुमान गर्न सकिने तिर्नु पर्ने वा पाउनु पर्ने कर हो ।

**ख) स्थगन कर**

स्थगन कर वित्तीय रिपोर्टिङ उद्देश्यको लागि सम्पत्ति र दायित्वहरूको किताबी रकम र कर प्रयोजनका लागि प्रयोग गरिएको रकमबीच अस्थायी भिन्नताको सन्दर्भमा लेखाङ्कन गरिन्छ ।

स्थगन आयकर बैंकमा लागू हुने कर दरको प्रयोग गरी निर्धारण गरिन्छ जुन सम्बन्धित स्थगन आयकर सम्पत्ति साकार भएपछि वा स्थगन आयकर दायित्व चुक्ता हुँदा रिपोर्टिङ मितिमा लागू हुने अपेक्षा गरिएको हुन्छ । भविष्यमा करयोग्य मुनाफा उपलब्ध हुने सम्भावना भए स्थगन कर सम्पत्तिहरू लेखाङ्कन गरिन्छ जसको लागि अस्थायी भिन्नताहरू प्रयोग गर्न सकिन्छ ।

### ३.११ निक्षेप, जारी गरिएका ऋण सुरक्षणपत्र र सुरक्षण नराखिएको सहायक आवधिक ऋण

**क) निक्षेप**

बैंकले आफ्ना ग्राहकहरुबाट चालू आवधिक बचत र मार्जिन खाताहरु अन्तर्गत बचत स्वीकार गर्दछ । यी कारोबारहरु बैंकको किताबमा रेकर्ड गरिएको हुन्छ र परिणामस्वरूप यो बैंकको दायित्व हुन्छ र बैंकले निक्षेपकर्तालाई तिर्नुपर्ने रकमको रुपमा राखिएको हुन्छ ।

**ख) जारी गरिएको ऋण सुरक्षणपत्र**

यसमा डिवेञ्चर, बन्ड वा बैंकद्वारा जारी अन्य सुरक्षणपत्रहरू छन् । निक्षेप र जारी सुरक्षणपत्र सुरुमा fair value मा वृद्धिशील (Incremental) प्रत्यक्ष कारोबार लागत घटाएर मापन गरिन्छ, र पछि प्रभावकारी व्याजदर विधि प्रयोग गरी मापन गरिन्छ, त्योबाहेक समूहले नाफा वा नोक्सानमार्फत fair value मा दायित्व निर्धारण गर्छ ।

तर, बैंकले जारी गरेको डिवेञ्चरहरु ग्राहक निक्षेप भन्दा अधिनस्थ हुन्छ ।

**ग) सुरक्षण नराखिएको सहायक आवधिक ऋण**

सहायक दायित्वहरु ती दायित्वहरू हुन् जुन winding up हुँदा निक्षेपकर्ताको दाबीमा सहायक हुन्छन् । बैंकसँग त्यस्तो कुनै सहायक दायित्व छैन ।

### ३.१२ व्यवस्थाहरु

विगतको घटनाको परिणामस्वरूप बैंकको वर्तमान सिर्जित वा कानुनी दायित्व छ जुन विश्वसनीय तरिकाले नाप्न

सकिन्छ र दायित्व पूरा गर्न आर्थिक लाभको बहिर्गमन हुन्छ भने त्यसलाई बैंकले व्यवस्थाको रुपमा लेखाङ्कन गर्छ। विगतको घटनाको परिणामस्वरूप सिर्जना भएको कुनै सम्भावित वा वर्तमान दायित्वको कारण सम्भवत: संसाधनहरूको बहिर्गमनको आवश्यकता पर्दैन तब सम्भावित दायित्वको प्रकटीकरण गरिन्छ । जब सम्भावित वा वर्तमान दायित्व छ र जसको कारणले स्रोतको बहिर्गमनको सम्भावना कम छ त्यस्तो अवस्थामा कुनै व्यवस्था वा प्रकटीकरण (Disclosure) गरिन्न ।

जब एउटा सम्झौताबाट बैंकले लिने अपेक्षित लाभहरू सम्झौता अन्तर्गत आफ्नो दायित्व पूरा गर्नको लागि व्यहोर्नुपर्ने अपरिहार्य लागतभन्दा कम हुन्छ तव अत्याधिक सम्झौता (onerous Contract) को व्यवस्था लेखाङ्कन गरिन्छ ।

व्यवस्थाहरू प्रत्येक रिर्पोटिङ्ग मितिमा समीक्षा गरिन्छ र वर्तमानको उत्तम अनुमानलाई प्रतिबिम्बित गर्न समायोजित गरिन्छ । दायित्व चुक्ता गर्नको लागि स्रोतहरुको बर्हिगमन आवश्यक पर्ने दीर्घकालिन सम्भावना छैन भने व्यवस्था फिर्ता हुन्छ । रकम प्राप्त गर्ने सम्भावना छैन भने सम्भावित सम्पत्तिलाई वित्तीय विवरणमा उल्लेख गरिन्न । यदि सम्भावना छ भने सम्भावित सम्पत्तिको खुलासा गरिन्छ। तर सम्भावित सम्पत्तिलाई निरन्तर मूल्याङ्कन गरिन्छ र आर्थिक लाभ प्राप्त हुने निश्चित छ भने उक्त सम्पत्ति र सम्बन्धित आयलाई परिवर्तन आउने अवधिमा लेखाङ्कन गरिन्छ ।

### ३.१३ राजस्व लेखाङ्कन

राजस्व भनेको इकाईको साधारण गतिविधिहरूको क्रममा उत्पन्न हुने आर्थिक लाभहरूको प्रवाह हो जुन लाभहरुले ईक्विटी सहभागीहरुको योगदानको कारणले बाहेक ईक्विटीको वृद्धि हुन्छ। आर्थिक लाभहरु बैंकमा प्रभावित हुने र भरपर्दो रुपमा मापन गर्न सकिने कारोवारलाई राजस्वमा लेखाङ्कन गरिन्छ । जुन आयको प्राप्ती सम्भव छैन तिनलाई आय अवधिमा लेखाङ्कन गरिएको छैन। बैंकको आयमा व्याज आय, शुल्क र कमिशन, विदेशी विनिमय आय, कार्डहरूको आम्दानी, रेमिट्यान्स आय, बैंकईन्स्योरेन्स कमिशन आदि समावेश छ र आय लेखाङ्कनको आधारहरू निम्नानुसार छन् :

**क) व्याज आम्दानी**

परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्ति र बिक्रीको लागि उपलब्ध सम्पत्तिबाट हुने व्याज आम्दानीलाई बैंकको साविकको व्याजदरमा लेखाङ्कन गरिन्छ जुन प्रभावकारी व्याजदरसँग लगभग समान हुन्छ ।

ग्राहकबाट हुने कर्जा तथा सापटीको प्रारम्भिक शुल्कलाई कर्जा अवधिमा परिशोधन गरिदैन । तर बैंकले जारी डिवेञ्चरमा भने प्रभावकारी व्याज विधि अपनाएको छ ।

बैंकले कर्जा सापटीमा भएको व्याज आम्दानीलाई व्याज आम्दानी लेखाङ्कन निर्देशिका, २०१९ अनुसार लेखाङ्कन गरेको छ। सोही बमोजिम बैंकले रु ६,२६२,१७० बराबरको व्याज आम्दानी लेखाङ्कन गरेको छ ।

**कर्जा सापटी**

नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिएको वित्तीय उपकरणहरूको fair value मा आएको परिवर्तनबाट उत्पन्न लाभ र नोक्सान यिनीहरु उत्पन्न हुने अवधिमा नाफा वा नोक्सानको विवरणमा समावेश गरिन्छ । नाफा वा नोक्सानमार्फत fair value मा मापन गरिएको वित्तीय उपकरणमा सम्झौता अनुसारको व्याज आय र व्याज खर्चलाई खुद व्याज आय भित्र लेखाङ्कन गरिएको छ ।

**ख) शुल्क र कमिशन**

कुनै सेवा दिंदा वा महत्वपूर्ण काम गर्दा निर्धारण गरिएको मूल्य भन्दा लाभ बढी भएको अवस्थामा शुल्क र कमिशनहरु accrual आधारमा लेखाङ्कन गरिन्छ । जब accrual आधारमा लेखाङ्कन गरिएको शुल्क र कमिशनको लागत लाभ भन्दा बढी हुन्छ, त्यस्तो अवस्थामा कमिशन र शुल्कलाई सोही वर्ष खर्च लेखाङ्कन गरिन्छ ।

**ग) लाभांश आम्दानी**

लाभांश प्राप्त गर्न अधिकार स्थापित भएको अवस्थामा लाभांश आय लेखाङ्कन गरिन्छ ।

**घ) खुद कारोवार आम्दानी**

खुद कारोवार आम्दानी अर्न्तगत व्यापार सम्पत्ति र दायित्वहरूसँग सम्बन्धित नाफा र नोक्सानको भिन्नता fair value मा आएको परिवर्तन, व्याज, लाभांश र विदेशी विनिमय भिन्नता समेत समावेश हुन्छ ।

**ङ) नाफा वा नोक्सानमार्फत fair value मा मापन गरिएका अन्य वित्तीय उपकरणबाट हुने खुद आम्दानी**

नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिएका अन्य वित्तीय उपकरणबाट हुने खुद आम्दानी र जोखिम व्यवस्थापनका लागि प्रयोग हुने नाफा वा नोक्सान त्यस शीर्षक अर्न्तगत लेखाङ्कन गरिएको छ । यस अर्न्तगत सबै fair value मा आएको परिवर्तनहरू, व्याज, लाभांश र विदेशी विनिमय भिन्नताहरु समावेश गरिएको छ ।

### ३.१४ ब्याज खर्च

निक्षेप लगायत सबै वित्तीय दायित्वहरूमा ब्याज खर्च प्रभावकारी ब्याज दर विधि प्रयोग गरेर नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ । सबै व्यापार दायित्वमा ब्याज व्यय बैंकको व्यापार सञ्चालनको लागि नियमित खर्च मानिन्छ र खुद सम्पत्ति आय र व्यापारिक सम्पत्ति र दायित्वहरूको fair value मा अन्य सबै परिवर्तनको साथ प्रस्तुत गरिन्छ ।

### ३.१५ कर्मचारी लाभ

**क) अल्पकालिन कर्मचारी लाभ**

छोटो अवधिको कर्मचारी लाभ दायित्वहरू Discount नगरी मापन गरिन्छ र सम्बन्धित सेवा प्रदान गरिएको आधारमा खर्च गरिन्छ । बोनस ऐन, २०३० ले तोकेको बोनस अन्तर्गत पनि तिर्नु पर्ने दायित्व रकमलाई कर्मचारीद्वारा प्रदान गरिएको विगतको सेवाको परिणामको आधारमा हुन आउने दायित्व लेखाङ्कन गरिन्छ ।

अल्पकालिन कर्मचारी सुविधामा निम्न लिखिति कुरा समावेश हुन्छन (यदि रिपोर्टिङ अवधिको अन्त्यपछि १२ महिनाभित्र भुक्तानयोग्य भएमा) :

- ज्याला, तलब र सामाजिक सुरक्षा योगदान
- तलबी वार्षिक बिदा र बिरामी बिदा
- नाफा बाँडफाँड र लाभांश
- गैरनगद लाभ

**ख) सेवा पछिको लाभ**

सेवा पछिको लाभमा निम्नलिखित विषयहरु समावेश हुन्छन् :

**अ) परिभाषित योगदान योजना**

परिभाषित योगदान योजना सेवापछिको लाभ योजना हो । यस अन्तर्गत बैंकले छुट्टै योगदानलाई छुट्टै संस्थामा भुक्तान गर्दछ र थप रकम तिर्न कुनै कानुनी वा रचनात्मक दायित्व हुँदैन । परिभाषित योगदान योजनाको दायित्वहरू सम्बन्धित सेवाहरू प्रदान गरिएको समयमा कर्मचारी खर्चको रूपमा पहिचान र लेखाङ्कन गरिन्छ ।

परिभाषित योगदान योजनामा हुनुपर्ने योगदान जुन कर्मचारीले दिएको सेवाको रिपोर्टिङ अवधिको १२ महिनापछि सम्म भुक्तानी भएको हुँदैन त्यसलाई Discount गरेर वर्तमान मूल्यमा लेखाङ्कन गरिन्छ ।

बैंकका सबै कर्मचारीले कर्मचारी सञ्चय कोषबाट लाभ प्राप्त गर्छन् जुन परिभाषित योगदान योजना अन्तर्गत पर्छ । बैंक र कर्मचारीले दुवै पूर्वनिर्धारित दर अनुसार मासिक रुपमा आफ्नो तलबको १० प्रतिशत रकम योगदान गर्छन् जसलाई यस शीर्षकमा लेखाङ्कन गरिन्छ । बैंकले आफ्नो वार्षिक योगदानबाहेक सञ्चय कोषको लागि अन्य दायित्व मान्दैन ।

**आ) परिभाषित लाभ योजना**

परिभाषित लाभ योजना परिभाषित योगदान योजना बाहेकको सेवा पछिको लाभ योजना हो । परिभाषित लाभ योजनाहरूको सन्दर्भमा बैंकको खुद दायित्वहरू प्रत्येक योजनाको लागि भविष्यको लाभको मात्राको अनुमान लगाएर छुट्टै गणना गरिन्छ । यस अन्तर्गत वर्तमान र अघिल्लो समयमा कर्मचारीहरूले उनीहरूको सेवाको बदलामा गरेको कमाईलाई वर्तमान मूल्य निर्धारण गर्न Discount गरिन्छ । यसको लेखाङ्कन गर्दा विगत सेवा लागतहरू र योजना सम्पत्तिहरूको fair value दायित्वमा घटाइन्छ ।

बैंकले अन्य विस्तृत आयमा तुरुन्त परिभाषित लाभ योजनाबाट उत्पन्न हुने स्थगन करको सबै विमाङ्कित लाभ र खुद नोक्सान र कर्मचारी वा नाफा खर्चमा कर्मचारी लाभ व्ययको परिभाषित लाभ योजनामा सम्बन्धित सबै खर्चलाई लेखाङ्कन गर्छ । परिभाषित लाभ योजना चुक्ता भएको अवस्थामा बैंकले त्यसको नाफा अथवा नोक्सान लेखाङ्कन गर्छ ।

**इ) रद्द लाभ** (Termination Benefits)

बैंकले सेवानिवृत्ति मितिअघि रोजगार समाप्त गर्ने औपचारिक विस्तृत योजनाको लागि वा स्वेच्छिक Redundancy हरूलाई प्रोत्साहन गर्ने प्रस्तावको परिणामस्वरूप समाप्ति लाभ प्रदान गर्ने औपचारिक विस्तृत योजना अनुसार रद्द लाभलाई खर्चको रुपमा लेखाङ्कन गरिन्छ । अनावश्यक स्वैच्छिक Redundancy हरूको लागि रद्द लाभलाई व्ययको रूपमा पहिचान र लेखाङ्कन गरिन्छ, यसको लागि बैंकले स्वैच्छिक Redundancy को प्रस्ताव गरेको र यो प्रस्ताव स्वीकार गरिने सम्भावना रहेको छ र स्वीकृतिहरूको संख्याको भरपर्दो अनुमान गर्न सकिने अवस्था हुनु पर्छ । यदि सुविधाहरू रिपोर्टिङ्ग मिति पछि १२ महिना भन्दा बढी भुक्तान योग्य भए हालको मूल्यमा Discount गरिन्छ ।

### ३.१६ पट्टा

सञ्चालन पट्टा अन्तर्गत पट्टा भुक्तानी पट्टा अवधिमा समदर प्रणालीको आधारमा खर्चको रूपमा लेखाङ्कन गरिन्छ ।

### ३.१७ विदेशी मुद्रा कारोबार

वित्तीय विवरणहरु नेपाली रुपैयाँ (नेरु) मा उल्लेख गरिन्छ ।

विदेशी मुद्रामा भएका कारोबारहरु प्रारम्भिक रुपमा कारोबार भएको मितिमा प्रचलित सटही दरमा कार्यात्मक मुद्रामा लेखाङ्कन गरिन्छ । विदेशी मुद्रामा लेखाङ्कन गरिएका मौद्रिक सम्पत्ति र दायित्वहरु वित्तीय विवरणको मितिको कार्यात्मक मुद्रा सटही दरमा पुनर्रुपान्तरण गरिन्छ । यस्तो लेनदेनको बन्दोबस्तको परिणामस्वरूप विदेशी विनिमय बाट हने लाभ र नोक्सान पहिचान र लेखाङ्कन गरिन्छ । गैरमौद्रिक सम्पत्ति र दायित्वहरु ऐतिहासिक मूल्यमा राखिएको छ ।

### ३.१८ वित्तीय जमानत र कर्जा प्रतिबद्धता

वित्तीय जमानत भनेको निर्दिष्ट ऋण उपकरणको सर्तहरू बमोजिम भुक्तानी गर्न असफल हुँदा बैंकले क्षतिपूर्ति वापत निश्चित भुक्तानी दिन आवश्यक पर्ने एक सम्झौता हो । कर्जा प्रतिबद्धताहरु भनेका पूर्वनिर्धारित सर्त बमोजिम कर्जा दिनुपर्ने स्थिर प्रतिबद्धता हो । कर्जा प्रतिबद्धता भनेको त्यस्तो प्रतिबद्धता हो जहाँ बैंकले ग्राहकलाई कर्जा दिने उद्देश्य निश्चिन्त गरेको हुन्छ वा ग्राहकको तर्फबाट बैंकले कर्जा, ओभरड्राफ्ट, भविष्यको जमानत दिन प्रतिबद्धता जनाएको हुन्छ तर रिपोर्टिङ मितिमा बैंकले भुक्तानी दिएको हुन्न । त्यस्ता उपकरणहरु वित्तीय विवरणमा प्रतिबद्धताको रुपमा उल्लेख गरिन्छ ।

### ३.२० शेयर पूँजी र जगेडा कोष

उपकरणमा भएको सम्झौता अनुसार बैंकले पूँजी उपकरणलाई वित्तीय दायित्व वा ईक्विटी उपकरणको रुपमा वर्गीकरण गर्ने गरिएको छ । सबै दायित्वहरु कटाएपछि बाँकी रहने बैंकको कूल सम्पत्तिमा बाँकी स्वार्थको रुपमा ईक्विटीलाई परिभाषित गरिएको छ । साधारण शेयरलाई बैंकको ईक्विटीको रुपमा वर्गीकरण गरिएको छ र त्यसको वितरणलाई विवरणमा ईक्विटी परिवर्तनको विवरणको रुपमा उल्लेख गर्ने गरिएको छ ।

ईक्विटीको रुपमा वर्गीकरण गरिएको साधारण शेयरको लाभांशलाई ईक्विटीमा लेखाङ्कन गरिएको छ । जुन अवधिमा त्यो घोषणा भएको हुन्छ । निष्कासनमा प्रत्यक्ष रुपमा सम्बन्धित वृद्धिशिलको लागतलाई ईक्विटी उपकरणको प्रारम्भिक मापनबाट त्यसबाट हुने कर लाभलाई समायोजन गरी घटाउने गरिएको छ । सञ्चित मुनाफा र अन्य वैधानिक जगेडा कोषहरु जस्तै सामान्य जगेडा कोष, पूँजी चुक्ता कोष, विदेशी मुद्रा सटही सन्तुलन जगेडा कोष, नियमनकारी जगेडा कोष, लगानी समायोजन जगेडा कोष, कर्मचारी तालिम तथा विकास कोष, सामाजिक उत्तरदायित्व जगेडा कोष ईत्यादी समावेश गरिएको छ ।

### ३.२१ प्रति शेयर आम्दानी

बैंकले आफ्नो साधारण शेयरको लागि आधारभूत र Diluted प्रति शेयर आम्दानी (EPS) तथ्यांकलाई प्रस्तुत गरेको छ । आधार भूत EPS साधारण शेयरधनीहरुको लागि हुने नाफा अथवा नोक्सानलाई सो अवधिको अन्त्यमा रहेका भारित औसत शेयरधनीको संख्याले विभाजन गरी गणना गरिएको छ ।

Diluted EPS साधारण शेयरधनीहरुका लागि रहेको नाफा वा नोक्सान र भारित औसत शेयरधनीको संख्यामा Dilutive सम्भावित साधारण शेयरलाई समायोजन गरी निर्धारण गरिएको छ ।

यदि हकप्रद शेयर, बोनस शेयर जारीको कारणले पूँजीकरणको परिणाम स्वरूप साधारण वा सम्भावित साधारण शेयरहरूको संख्या वृद्धि भएमा त्यस्तो सबै अवधिको लागि प्रतिशेयर आधारभूत र Diluted प्रति शेयर आम्दानीको गणना समायोजित रुपमा गर्ने गरिएको छ ।

### ३.२२ ईकाई रिपोर्टिङ

उपभोक्ता बैंकिङ्ग, कर्पोरेट बैंकिङ्ग, एसएमई बैंकिङ्ग, बिपन्न क्षेत्र बैंकिङ्ग, कारोबार बैंकिङ्ग र अन्य बैंकिङ्ग जस्ता व्यवसायिक ईकाइहरु व्यवस्थापन र रिपोर्टिङ्ग उद्देश्यको लागि व्यवस्थित गरिएको छ । रिपोर्टमा समावेश गरिएका व्यवसायिक ईकाई नतिजाहरु प्रत्यक्ष रुपमा व्यवसायिक ईकाईमा प्रभाव पार्ने वस्तुहरु हुन् साथै तिनलाई उपयुक्त परिभाषाको आधारमा पनि छुट्याउन सकिन्छ । नछुट्टिएका विवरणमा विशेषगरी साधारण सम्पत्ति, केन्द्रीय कार्यालयका खर्च, कर सम्पत्ति र दायित्वहरु समावेश हुन्छन् ।

### ४.१ नगद र नगद समान

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| नगद | ८,२६६,९७४,५२४ | ६,५४९,९४४,१५४ | ७,७३५,९३९,६४७ | ६,५२३,४२९,६४० |
| वित्तीय संस्थासँग रहेको रकम | ५,४३४,७२७,५४३ | ९,५३३,२६१,१५५ | २,१५८,३००,९७७ | ६,५०२,३७५,७०६ |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ६४०,२६९,४३५ | १,६०६,९६८,१०८ | - | ३००,०४६,८४९ |
| अन्य | १७,९१९,०७८,५३९ | १०,५७६,८१०,५८९ | १७,९१९,०७८,५३९ | १०,५७६,८१०,५८९ |
| | **३२,२६१,०५०,०४०** | **२८,२६६,९८४,००६** | **२७,८१३,३१९,१६३** | **२३,९०२,६६२,७८४** |

नगद र नगद समानको Fair Value यसको किताबी मूल्य हो । भल्टमा राखिएको नगदको भौतिक तथा वित्तीय जोखिम न्यूनीकरणको लागि वीमा गरिएको छ । तरलता र व्यावसायीक आवश्यकताका आधारमा भल्टमा रकमको व्यवस्थापन गरिएको छ । विदेशी मुद्रामा रहेको नगदमा विदेशी विनिमय दरको परिवर्तनबाट हुने जोखिमलाई नियमित रुपमा निरिक्षण गरिएको छ र पहिचान भएको खण्डमा तुरुन्त व्यवस्थापन गरिएको छ । नगद र नगद समान अन्तर्गत “अन्य” मा अन्तरबैंक Placement र ३ महिना भन्दा कमको ट्रेजरी बिलसमेत रहेको छ ।

### ४.२ नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| नेपाल राष्ट्र बेंकमा रहेको वैधानिक मौज्दात | १२,३०९,७१७,१७४ | ८,९३७,६४६,४५२ | १२,३०९,७१७,१७४ | ८,९३७,६४६,४५२ |
| पुन:बिक्रीको सम्झौता अनुसार खरिद गरिएको सुरक्षणपत्र | - | - | - | - |
| नेपाल राष्ट्र बैंकबाट प्राप्त हुन सक्ने र अन्य निक्षेप | ३४४,७६९,४५५ | १३५,२५१,२१९ | ३४४,७६९,४५५ | १३५,२५१,२१९ |
| | **१२,६५४,४८६,६२९** | **९,०७२,८९७,६७१** | **१२,६५४,४८६,६२९** | **९,०७२,८९७,६७१** |

नेपाल राष्ट्र बैंकमा रहेको मौज्दातको fair value यसको किताबी रकम हो । एकीकृत निर्देशिका नं. १३ (१) बमोजिम नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात मुख्यत: अनिवार्य मौज्दात सम्बन्धि व्यवस्था अनुरुप राखिएको हो । नेपाल राष्ट्र बैंकबाट प्राप्त हुन सक्ने र अन्य निक्षेप अन्तर्गत नागरिक बचतपत्र पर्छ जुन बैंकले बजार निर्माताको उद्देश्यले धारण गरेको छ र व्याजदरमा सहुलियत प्रदान गरेको कारण हुने प्राप्त रकम रहेको छ ।

### ४.३ बेंक तथा वित्तीय संस्थामा रहेको मौज्दात

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| स्वदेशी बैंक तथा वित्तीय संस्थासँगको Placement | - | - | - | - |
| विदेशी बैंक तथा वित्तीय संस्थासँगको Placement | - | - | - | - |
| Less: Allowances for Impairment | - | - | - | - |

अधिग्रहण मितिबाट तिन महिना भन्दा बढीको परिपक्वता मिति भएका स्वदेशी र विदेशी बैंक तथा वित्तीय संस्थासँगको Placement लाई माथि प्रस्तुत गरिएको छ ।

#### ४.४ व्युत्पन्न वित्तीय उपकरण

रकम रु.

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| **ब्यापारका लागि राखिएको** | | | | |
| व्याजदर स्वाप | - | - | - | - |
| मुद्रा स्वाप | - | - | - | - |
| अग्रिम विनिमय सम्झौता | - | - | - | - |
| अन्य | - | - | - | - |
| **जोखिम व्यवस्थापनका लागि राखिएको** | | | | |
| व्याजदर स्वाप | - | - | - | - |
| मुद्रा स्वाप | - | - | - | - |
| अग्रिम विनिमय सम्झौता | - | ५,३५९,३८०,४८० | - | ५,३५९,३८०,४८० |
| अन्य | - | - | - | - |
| | - | **५,३५९,३८०,४८०** | - | **५,३५९,३८०,४८०** |

व्युत्पन्न उपकरणको एउटा महत्वपुर्ण अंश संस्थागत ग्राहकहरुलाई जोखिम व्यवस्थापन सम्बन्धी सेवा दिन राखिएको छ । यी उपकरणहरु बैंकले आफ्नो ट्रेजरी सम्बन्धी कार्यको लागि प्रयोग गर्दछ । जोखिम व्यवस्थापनको दृष्टिकोणबाट, व्युत्पन्न सम्पत्तिहरूको जम्मा रकम र व्युत्पन्न दायित्वहरूको जम्मा रकमलाई मिलाएर विश्लेषण गर्नुपर्छ, जुन् वित्तीय अवस्थाको विवरणमा छुट्टै प्रस्तुत गरिन्छ ।

#### ४.५ अन्य व्यापारिक सम्पत्तिहरु

रकम रु.

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| ट्रेजरी बिल | - | - | - | - |
| सरकारी बोण्ड | - | - | - | - |
| नेपाल राष्ट्र बैंक बोण्ड | - | - | - | - |
| स्वदेशी इ.प्र. प्राप्त संस्थाको बोण्ड | - | - | - | - |
| ईक्विटी | - | - | - | - |
| अन्य | १६३,८३०,४९२ | १२,८१५,०७४ | १६२,८२२,००० | ११,८००,००० |
| **जम्मा** | **१६३,८३०,४९२** | **१२,८१५,०७४** | **१६२,८२२,०००** | **११,८००,०००** |
| धितो राखिएको | - | - | - | - |
| धितो नराखिएको | - | - | - | - |

बैंकले निकट भविष्यमा बेच्ने उद्देश्यको लागि र छोटो अवधिमा लाभ कमाउन गरेको लगानीलाई व्यापारिक सम्पत्तिमा वर्गीकरण गरिएको छ । अन्य व्यापारिक सम्पत्तिमा भल्टमा राखिएको सुन चाँदी रहेको छ ।

#### ४.६ वित्तीय संस्थालाई कर्जा सापटी

रकम रु.

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| **स्वदेशी वित्तीय संस्था** | | | | |
| लघुवित्त वित्तीय संस्थालाई ऋण | ११,०३५,१५१,४०३ | १०,२४२,१६५,९४० | १४,२८५,१५१,४०३ | १४,४७७,६६५,९४० |
| अन्य | - | - | - | - |
| Less: हानी नोक्सानी व्यवस्था | १८५,७०६,९६८ | १८८,२०९,०४८ | १८५,७०६,९६८ | १८८,२०९,०४८ |
| **जम्मा** | **१०,८४९,४४४,४३५** | **१०,०५३,९५६,८९२** | **१४,०९९,४४४,४३५** | **१४,२८९,४५६,८९२** |

वित्तीय संस्थालाई कर्जा सापटमा हानी नोक्सानी व्यवस्था नेपाल राष्ट्र बैंकको निर्देशिका अनुसार गरिएको छ ।

### ४.६.१ हानी नोक्सानीको लागि विशेष व्यवस्था (Specific Allowance)

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| साउन १ मा रहेको मौज्दात | १८८,२०९,०४८ | १२८,३६४,४२३ | १८८,२०९,०४८ | १२८,३६४,४२३ |
| आर्थिक वर्षको हानी नोक्सानी | - | - | - | - |
| आर्थिक वर्षको हानी | (२,५०२,०८०) | ५९,८४४,६२५ | (२,५०२,०८०) | ५९,८४४,६२५ |
| असुल उपर गरिएको रकम | - | - | - | - |
| अपलेखन गरिएको रकम | - | - | - | - |
| **असार मसान्तामा रहेको मौज्दात** | **१८५,७०६,९६८** | **१८८,२०९,०४८** | **१८५,७०६,९६८** | **१८८,२०९,०४८** |

लघुवित्त वित्तीय संस्थालाई प्रदान गरिएको एकल कर्जामा कुनै यस्तो शर्त तथा नियमहरु हुँदैनन् जसले बैंकको समग्र नगद प्रवाहको रकम, समय वा निश्चिततामा ठुलो असर पार्छ । यी सम्पत्तिहरु परिशोधित लागतमा मापन गरिएको छ । यी सम्पतिहरुसँग सम्बन्धित जोखिमहरु नियमित रुपमा मूल्यांङ्कन गरिन्छ । यी व्याज आउने किसिमका कर्जा सापटीहरु हुन् र यस्ता सम्पतिबाट हुने आम्दानीलाई नाफानोक्सान हिसाब खाता अन्तर्गत रहेको व्याज आम्दानीमा देखाइन्छ ।

### ४.७ ग्राहकलाई कर्जा सापटी

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| परिशोधित लागतमा मापन गरिएको ग्राहकलाई कर्जा सापटी | २७९,८८३,६९३,१६७ | २६९,७००,३४२,९२८ | २५७,३४६,७८४,५५२ | २५२,८००,८९२,८९५ |
| Less: हानी नोक्सानी व्यवस्था (Allowance) | - | - | - | - |
| सामुहिक हानी नोक्सानी (Collective Allowance) | ४,२५३,३३८,२८४ | ३,८१९,९६४,३०७ | ३,६५१,७९८,९३८ | ३,३५३,६६४,४४६ |
| एकल हानी नोक्सानी (Specific Allowance) | १,३३४,५२०,७२८ | ८०७,८३०,६८१ | १,२४६,५०२,३६४ | ६७६,८७४,३७२ |
| **खुद रकम** | **२७४,२९५,८३४,१५५** | **२६५,०७२,५४७,९४०** | **२५२,४४८,४८३,२५०** | **२४८,७७०,३५४,०७७** |
| FVTPL मा मापन गरिएको कर्जा सापटी | - | - | - | - |
| **जम्मा** | **२७४,२९५,८३४,१५५** | **२६५,०७२,५४७,९४०** | **२५२,४४८,४८३,२५०** | **२४८,७७०,३५४,०७७** |

ICAN ले जारी गरेको वैकल्पिक व्यवस्थाको सुचना अनुसार बैंकले कर्जा तथा सापटीमा हुने हानी नोक्सानीको मापन गरेको छ र कर्जा नोक्सानी व्यवस्थाका लागि नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड र NFRS ९ को Carve Out को अनुच्छेद ५ बमोजिम निर्धारण गरिएको रकम मध्ये जुन बढी छ त्यसैलाई लेखाङ्कन गरिएको छ । नेपाल राष्ट्र बैंकको मापडण्ड अनुसार हानी नोक्सानी रुपैया ५,०९४,२०३,३७६ रहेको छ, जुन NFRS ९ को कुल हानी नोक्सानी भन्दा बढी हो ।

### ग्राहक र वित्तीय संस्थालाई प्रदान गरिएको कुल कर्जा रकम

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| ग्राहकलाई कर्जा सापटी | २८७,५२३,०६७,४०५ | २७७,५०३,४७२,६६६ | २६८,२३६,१५८,७९० | २६४,८३९,५२२,६३३ |
| कर्मचारीलाई कर्जा सापटी | १,६६०,२६४,२१५ | १,५९९,२९६,७१२ | १,६६०,२६४,२१५ | १,५९९,२९६,७१२ |
| आर्जित व्याज | १,७३५,५१२,९५० | ८३९,७३९,४८९ | १,७३५,५१२,९५० | ८३९,७३९,४८९ |
| **जम्मा** | **२९०,९१८,८४४,५७०** | **२७९,९४२,५०८,८६७** | **२७१,६३१,९३५,९५५** | **२६७,२७८,५५८,८३४** |
| **हानि नोक्सानी** | | | | |
| ने.रा.ब.को निर्देशिका २ बमोजिम | ५,७७३,५६५,९८० | ४,८१६,००४,०३६ | ५,०८४,००८,२७० | ४,२१८,७४७,८६६ |
| वैकल्पिक व्यवस्था बमोजिम | २,०४५,७१५,३९४ | १,७८०,३१२,२१० | १,८१०,३६७,६०५ | १,७८०,३१२,२१० |

### ४.७.१ Product को आधारमा कर्जा सापटीको विश्लेषण

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| **Product** | | | | |
| आवधिक कर्जा | १०३,४८५,१६१,९३५ | २४,२८०,६१८,०८० | ८०,९४८,२५३,३२० | २४,०६१,२४९,२७८ |
| अधिविकर्ष कर्जा | ४०,५८०,३७७,११८ | ८३,०६४,३४२,०७७ | ४०,५८०,३७७,११८ | ८२,३१४,०३८,५२५ |
| टि.आर. कर्जा/आयात कर्जा | ९०,१२३,९३० | २२१,३५८,४०० | ९०,१२३,९३० | २१९,३५८,९१४ |
| चालू पूँजी कर्जा | ४४,०४२,११०,४५२ | ४३,५२१,०६७,९६३ | ४४,०४२,११०,४५२ | ४३,१२७,९५०,८८० |
| व्यक्तिगत आवासीय कर्जा | ४५,८०२,५९७,८५४ | ३४,०७५,४२८,०५६ | ४५,८०२,५९७,८५४ | ३३,७६७,६३१,५४५ |
| रियल स्टेट कर्जा | १९,३५२,९१७,७५३ | १६,५७०,७९८,८३० | १९,३५२,९१७,७५३ | १६,४२१,११८,१२६ |
| मार्जिन प्रकृतिको कर्जा | १,९१९,२४०,५९६ | ५,०७६,५५४,४५२ | १,९१९,२४०,५९६ | ५,०३०,६९८,९५३ |
| हायर पर्चेज कर्जा | ८,०६०,७९५,६२९ | १०,३६२,०३९,४४१ | ८,०६०,७९५,६२९ | १०,२६८,४४१,२१६ |
| विपन्न वर्ग कर्जा | ५,६७३,५९६,१६५ | ११,९९५,८९६,७५४ | ५,६७३,५९६,१६५ | ५,०५९,०८३,४८१ |
| बिल खरिद | - | - | - | - |
| कर्मचारी कर्जा | १,६६०,२६४,२१५ | १,५९९,२९६,७१२ | १,६६०,२६४,२१५ | १,५९९,२९६,७१२ |
| अन्य | ७,४८०,९९४,५७० | ३८,०९३,२४९,५२० | ७,४८०,९९४,५७० | ३०,०९२,२८५,७७७ |
| **जम्मा** | **२७८,१४८,१८०,२१७** | **२६८,८६०,६५०,२८५** | **२५५,६११,२७१,६०१** | **२५१,९६१,१५३,४०५** |
| असुल उपर गर्न बाँकी व्याज | १,७३५,५१२,९५० | ८३९,६९२,६४३ | १,७३५,५१२,९५० | ८३९,७३९,४८९ |
| **जम्मा** | **२७९,८८३,६९३,१६७** | **२६९,७००,३४२,९२८** | **२५७,३४६,७८४,५५२** | **२५२,८००,८९२,८९५** |

नेपाल राष्ट्र बैंकले जारी गरेको व्याज आय मान्यता निर्देशिका अनुसार रु ३४,८४२,६०७ असुल उपर गर्न बाँकी व्याजलाई अपलेखाङ्कन (De-Recognize) गरिएको छ ।

### ४.७.२ मुद्राको आधारमा कर्जा सापटीको विश्लेषण

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| नेपाली रुपैंया | २७९,८८३,६९३,१६७ | २६९,६९३,२८१,१४५ | २५७,३४६,७८४,५५२ | २५२,७९३,८३१,११२ |
| भारतिय रुपीया | - | - | - | - |
| अमेरिकी डलर | - | ७,०६१,७८२ | - | ७,०६१,७८२ |
| पाउण्ड स्टर्लिङ | - | - | - | - |
| युरो | - | - | - | - |
| जापानी येन | - | - | - | - |
| चाइनिज युआन | - | - | - | - |
| अन्य | - | - | - | - |
| **जम्मा** | **२७९,८८३,६९३,१६७** | **२६९,७००,३४२,९२८** | **२५७,३४६,७८४,५५२** | **२५२,८००,८९२,८९५** |

### ४.७.३ धितोको आधारमा कर्जा सापटीको विश्लेषण

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| चल/अचल सम्पत्ति | २६१,००९,७१८,११६ | २५८,५५६,६०३,२१९ | २४५,२१९,२७१,४६० | २४२,३६३,७१९,४४२ |
| सुन/चाँदी | २३,९२९,८८७ | ६०,१७९,३७४ | २३,९२९,८८७ | ५६,४१०,४७१ |
| स्वदेशी बैंक तथा वित्तीय संस्थाको जमानत | - | - | - | - |
| सरकारी धितो | ९८२,६४०,५०१ | २३१,०००,८५५ | ९८२,६४०,५०१ | २१६,५३३,७७५ |
| अन्तर्राष्ट्रिय मान्यताप्राप्त बैंकको धितो | - | - | - | - |
| निर्यात कागजात | - | - | - | - |
| मुद्दती निक्षेपको रसिद | ८२९,०७२,४३४ | ७७४,७४८,७१२ | ८२९,०७२,४३४ | ७२६,२२७,८८८ |
| सरकारी सुरक्षणपत्र | - | - | - | - |
| Counter Guarantee | - | - | - | - |
| व्यक्तिगत जमानत | - | - | - | - |
| अन्य | १७,०३८,३३२,२२९ | १०,०७७,८१०,७६७ | १०,२९१,८७०,२६९ | ९,४३८,००१,३२० |
| **जम्मा** | **२७९,८८३,६९३,१६७** | **२६९,७००,३४२,९२८** | **२५७,३४६,७८४,५५२** | **२५२,८००,८९२,८९५** |
| सुरक्षण नभएका | - | - | - | - |
| **जम्मा** | **२७९,८८३,६९३,१६७** | **२६९,७००,३४२,९२८** | **२५७,३४६,७८४,५५२** | **२५२,८००,८९२,८९५** |

### ४.७.४ हानी/नोक्सानीको व्यवस्था (Allowance for Impairment)

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| **हानी/नोक्सानीको विशेष व्यवस्था** | | | | |
| साउन १ गतेको मौज्दात | ८०७,८३०,६८१ | ९०८,०९४,७०३ | ६७६,८७४,३७२ | ८४२,८०१,८५७ |
| आर्थिक वर्षको हानी | | | | |
| यस वर्षको हानी | ५२६,६९०,०४७ | (१००,२६४,०२२) | ५६९,६२७,९९२ | (१६५,९२७,४८५) |
| असुल उपर गरेको रकम | - | - | - | - |
| अपलेखन | - | - | - | - |
| विदेशी मुद्राको विनिमय दरमा आएको भिन्नता | - | - | - | - |
| अन्य | - | - | - | - |
| **असार मसान्तासम्मको रकम** | **१,३३४,५२०,७२८** | **८०७,८३०,६८१** | **१,२४६,५०२,३६४** | **६७६,८७४,३७२** |
| **हानी/नोक्सानीको सामुहीक व्यवस्था** | | | | |
| साउन १ गतको मौज्दात | ३,८१९,९६४,३०७ | २,०८६,९७४,८३१ | ३,३५३,६६४,४४६ | २,०२१,९५७,५३९ |
| यस वर्षको हानी | ४३३,३७३,९७८ | १,७३२,९८९,४७६ | २९८,१३४,४९२ | १,३३१,७०६,९०७ |
| यस वर्षको असुली/नोक्सानी व्यवस्थाबाट फिर्ता | - | - | - | - |
| विदेशी मुद्राको विनिमय दरमा आएको भिन्नता | - | - | - | - |
| अन्य | - | - | - | - |
| **असार मसान्तासम्मको रकम** | **४,२५३,३३८,२८४** | **३,८१९,९६४,३०७** | **३,६५१,७९८,९३८** | **३,३५३,६६४,४४६** |
| **हानी/नोक्सानीको कुल व्यवस्था** | **५,५८७,८५९,०१२** | **४,६२७,७९४,९८८** | **४,८९८,३०१,३०२** | **४,०३०,५३८,८१८** |


बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

### ४.८ लगानी सुरक्षणपत्र

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| परिशोधित लागतमा मापन गरिएको लगानी सुरक्षण पत्र | ३६,६९८,७०५,८०३ | २९,७७८,९२७,९९२ | ३६,२६०,४५१,०२४ | २९,३४५,०७३,६८३ |
| FVTOCI मा मापन गरिएको ईक्विटीमा लगानी | २,७८९,२०५,७९६ | ३,९६०,१५१,४७८ | २,७८७,७०५,७९६ | ३,९४८,६५१,४७८ |
| अन्य | - | - | - | - |
| **जम्मा** | **३९,४८७,९११,५९९** | **३३,७३९,०७९,४७०** | **३९,०४८,१५६,८२०** | **३३,२९३,७२५,१६२** |

बैंकले यस शीर्षक अन्तर्गत गरेको वित्तीय उपकरणमा गरेको लगानीलाई दुई वर्गमा प्रस्तुत गरिएको छ : परिशोधित लागतमा मापन गरिएको लगानी सुरक्षण पत्र र FVTOCI मा मापन गरिएको ईक्विटीमा लगानी परिधि लागत मापन गरिएको लगानी । लगानीको मूल्य निर्धारण लगानीको लागत नबढाई शेयरको संख्या वृद्धि गरिन्छ । ३ महिना सम्म परिपक्वता मिति भएको ट्रेजरी बिललाई नगद र नगद समान अन्तर्गत वर्गीकृत गरिएको छ ।

### ४.८.१ परिशोधित लागतमा मापन गरिएको सुरक्षण पत्र

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| ऋण सुरक्षणपत्र | ६४०,४५६,००० | - | ६३५,२२७,००० | - |
| सरकारी बोन्ड | २५,११७,४१७,९४० | २४,७१०,३८५,३१५ | २५,११७,४१७,९४० | २४,७१०,३८५,३१५ |
| सरकारी ट्रेजरी बिल | १०,५०७,८०६,०८४ | ४,६३४,६८८,३६९ | १०,५०७,८०६,०८४ | ४,६३४,६८८,३६९ |
| नेपाल राष्ट्र बैंकको सुरक्षणपत्र | - | - | - | - |
| नेपाल राष्ट्र बैंकको निक्षेप उपकरण | - | - | - | - |
| अन्य | ४२३,०२५,७७९ | ४३३,८५४,३०८ | - | - |
| घटाउने : हानी नोक्सानीको विशेष व्यवस्था | - | - | - | - |
| **जम्मा** | **३६,६८८,७०५,८०३** | **२९,७७८,९२७,९९२** | **३६,२६०,४५१,०२४** | **२९,३४५,०७३,६८३** |

### ४.८.२ अन्य विस्तृत आम्दानीबाट मापन गरिएको लगानी सुरक्षणपत्र

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| ईक्विटी सुरक्षणपत्रहरु | - | - | - | - |
| सुचिकृत ईक्विटी सुरक्षणपत्रहरु | २,५८६,३०७,७५६ | २,९८९,८४३,२३८ | २,५८४,८०७,७५६ | २,९७९,८४३,२३८ |
| सुचिकृत नभएका ईक्विटी सुरक्षणपत्रहरु | २०२,८९८,०४० | ९७०,३०८,२४० | २०२,८९८,०४० | ९६८,८०८,२४० |
| **जम्मा** | **२,७८९,२०५,७९६** | **३,९६०,१५१,४७८** | **२,७८७,७०५,७९६** | **३,९४८,६५१,४७८** |

४.८.३ **ईक्विटीमा भएको लगानीसँग सम्बन्धित जानकारी**

अन्य विस्तृत आयमार्फत Fair Value मा तोकिएको लगानी सुरक्षणपत्र

*रकम रु.*

| विवरण | समूह | | | | बैंक | | | |
|---|---|---|---|---|---|---|---|---|
| | यस वर्ष | | गत वर्ष | | यस वर्ष | | गत वर्ष | |
| | लागत | Fair Value | लागत | Fair Value | लागत | Fair Value | लागत | Fair Value |
| **सुचीकृत स्वपूँजीमा लगानी** | | | | | | | | |
| **एसियन लाइफ इन्स्योरेन्स कम्पनी**<br>१०० रुपैयाँको ० कित्ता शेयर | - | - | ३७,११३,४७२ | ६६,४२९,४४० | - | - | ३७,११३,४७२ | ६६,४२९,४४० |
| **सिटिजन इनभेष्टमेन्ट ट्रस्ट**<br>१०० रुपैयाँको ३३१,९०२.८ कित्ता शेयर | २३१,३१०,४२६ | २९२,१५७,४०० | २६६,१५६,५४० | ४६६,६२७,८८१ | २३१,३१०,४२६ | २९२,१५७,४०० | २६६,१५६,५४० | ४६६,६२७,८८१ |
| **जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड**<br>१०० रुपैयाँको २२०,९३२ कित्ता शेयर | २२,८००,००० | २०८,७०३,४१४ | २२,८००,००० | २२,८००,००० | २२,८००,००० | २०८,७०३,४१४ | २२,८००,००० | २२,८००,००० |
| **ज्योती लाइफ इन्स्योरेन्स लिमिटेड**<br>१०० रुपैयाँको १,६५०,००० कित्ता शेयर | १५०,०००,००० | १६५,०००,००० | १५०,०००,००० | ३९१,१२५,००० | १५०,०००,००० | १६५,०००,००० | १५०,०००,००० | ३९१,१२५,००० |
| **माहुली सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड**<br>१०० रुपैयाँको १९,८६३ कित्ता शेयर | ४०१,४४० | ८,०२९,६१८ | ३,५००,००० | ५६,०३४,७२० | ४०१,४४० | ८,०२९,६१८ | ३,५००,००० | ५६,०३४,७२० |
| **मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड**<br>१०० रुपैयाँको १०२,०३६ कित्ता शेयर | ४,४९७,११० | ३०,२४८,५७२ | ८,८९५,५१७ | ९१,००७,०६८ | ४,४९७,११० | ३०,२४८,५७२ | ८,८९५,५१७ | ९१,००७,०६८ |
| **नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**<br>१०० रुपैयाँको ० कित्ता शेयर | - | - | २०,६५४,६३४ | २३,८३५,४५० | - | - | २०,६५४,६३४ | २३,८३५,४५० |
| **नेपाल इनफ्रास्ट्रक्चर बैंक लिमिटेड**<br>१०० रुपैयाँको १०,८००,००० कित्ता शेयर | १,०१०,०००,००० | १,०८०,०००,००० | १,०१०,०००,००० | १,०१०,०००,००० | १,०००,०००,००० | १,०८०,०००,००० | १,०००,०००,००० | १,०००,०००,००० |
| **एनआईसी ब्यालेन्स फन्ड**<br>१० रुपैयाँको १७,५००,००० कित्ता शेयर | १७५,०००,००० | २०९,८२५,००० | १७५,०००,००० | ३०२,७५०,००० | १७५,०००,००० | २०९,८२५,००० | १७५,०००,००० | ३०२,७५०,००० |
| **एनआईसी एशिया डाईनामिक डेब्ट फन्ड**<br>१०० रुपैयाँको ७,५००,००० कित्ता शेयर | ७५,०००,००० | ७९,८००,००० | ७५,०००,००० | ७५,०००,००० | ७५,०००,००० | ७९,८००,००० | ७५,०००,००० | ७५,०००,००० |
| **एनआईसी एशिया ग्रोथ फन्ड**<br>१० रुपैयाँको १५,०००,००० कित्ता शेयर | १५०,०००,००० | १८८,७००,००० | १५०,०००,००० | २८१,२५०,००० | १५०,०००,००० | १८८,७००,००० | १५०,०००,००० | २८१,२५०,००० |

*बाँकी अर्को पृष्ठमा...*

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

...अघिल्लो पृष्ठबाट निरन्तर

४.८.३ **ईक्विटीमा भएको लगानीसँग सम्बन्धित जानकारी**

अन्य विस्तृत आयमार्फत Fair Value मा तोकिएको लगानी सुरक्षणपत्र

रकम रु.

| विवरण | समूह | | | | बैंक | | | |
|---|---|---|---|---|---|---|---|---|
| | यस वर्ष | | गत वर्ष | | यस वर्ष | | गत वर्ष | |
| | लागत | Fair Value | लागत | Fair Value | लागत | Fair Value | लागत | Fair Value |
| **एनआईसी एशिया सेलेक्ट ३० (Index Fund)**<br>१० रुपैयाँको १८,७५०,००० कित्ता शेयर | १८७,५००,००० | १८४,१२५,००० | १८७,५००,००० | १८७,५००,००० | १८७,५००,००० | १८४,१२५,००० | १८७,५००,००० | १८७,५००,००० |
| **रुरल माइक्रोफाइनान्स डेभलपमेन्ट सेन्टर लिमिटेड**<br>१०० रुपैयाँको ३६२,८१९.२ कित्ता शेयर | १५,२०१,९२३ | १०६,४१४,८७१ | २५,२३१,००० | २४१,१४७,२७० | १५,२०१,९२३ | १०६,४१४,८७१ | २५,२३१,००० | २४१,१४७,२७० |
| **सूर्या लाइफ इन्स्योरेन्स**<br>१०० रुपैयाँको १६,२९० कित्ता शेयर | २,३४७,०६३ | २,२०६,४८१ | ४,०३४,५६६ | ८,६०६,४०९ | २,३४७,०६३ | २,२०६,४८१ | ४,०३४,५६६ | ८,६०६,४०९ |
| **सुर्योदया वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड**<br>१०० रुपैयाँको १०८,००० कित्ता शेयर | ९,०००,००० | २९,५९७,४०० | ९,०००,००० | ५१,०३०,००० | ९,०००,००० | २९,५९७,४०० | ९,०००,००० | ५१,०३०,००० |
| **कुल (ए)** | **२,०३३,०५८,०४२** | **२,५८४,८०७,७५६** | **२,१४४,८८५,७३०** | **३,२७५,१४३,२३८** | **२,०२३,०५८,०४२** | **२,५८४,८०७,७५६** | **२,१३४,८८५,७३०** | **३,२६५,१४३,२३८** |
| **सूचीकृत नभएको स्वपूँजीमा लगानी** | | | | | | | | |
| **बैंकिङ्ग फाइनान्स एन्ड इन्स्योरेन्स इन्स्टिच्यूट अफ नेपाल**<br>१०० रुपैयाँको ३३,००० कित्ता शेयर | ४,५००,००० | ४,५००,००० | ४,५००,००० | ४,५००,००० | ३,०००,००० | ३,०००,००० | ३,०००,००० | ३,०००,००० |
| **कर्जा सूचना केन्द्र लिमिटेड**<br>१०० रुपैयाँको १७७,२४२ कित्ता शेयर | १,६११,५०० | १,६११,५०० | १,६११,५०० | १,६११,५०० | १,६११,५०० | १,६११,५०० | १,६११,५०० | १,६११,५०० |
पछिल्लो समय युक्रेन र रुस बीच भइरहेको द्वन्द्वको कारण पेट्रोलियम पदार्थमा आएको मूल्य बृद्धिको कारण आयात गर्ने बस्तुको बजार मुल्य बृद्धि हुन पुगेको छ । फलस्वरुप मुद्रास्फीतिदर बृद्धि हुन पुगेको छ। आर्थिक वर्ष २०७८/०७९ मा नेपाली अर्थव्यवस्था जम्मा ४.१ प्रतिशतले बृद्धि भएको छ । कोरोना महामारीको कारणले आर्थिक क्रियाकलापहरु ठप्प रहेको हुनाले आर्थिक बृद्धिदरमा कमी आएको देखिन्छ। दुई अंकको आर्थिक बृद्धिदर कायम गर्नको लागि कोरोना महामारीको अन्त्य सँगै नेपाल सरकारले आर्थिक नीतिमा समसामयिक सुधार गर्दै लैजानु पर्ने देखिन्छ । आयातलाई निरुत्साहित गरि निर्यातलाई प्रोत्साहन गर्ने नीति कार्यन्वयन गर्दै लैजानु पर्ने देखिन्छ। वैदेशिक लगानीलाई आकर्षित

गर्नको लागि आवश्यक नीति/नियम तर्जुमा गरि गर्नुपर्ने सम्पुर्ण प्रकियाहरुलाई एकद्धार प्रणाली मार्फत गर्न मिल्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ । हाम्रो अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान बढी भएको हुँदा यस क्षेत्रमा संलग्न व्यक्ति तथा संस्थाहरुलाई आवश्यक पर्ने कृषि जन्य सामग्री, मल, बीउ, तालिम, सिंचाई तथा आवश्यक अनुदान आदिको व्यवस्था गरेको अवस्थामा मात्र देशको उच्च आर्थिक बृद्धि हुनेमा थप टेवा पुग्ने देखिन्छ ।




*Ref: World Bank*

## २. पूँजी बजार

**(क) प्राथमिक बजारः**

नेपाल धितोपत्र बोर्डले आर्थिक वर्ष २०७८/०७९ मा जम्मा २८ वटा कम्पनीको रु. ७.२ अर्व बराबरको प्राथमिक शेयरको सार्वजनिक निष्काशन गर्न अनुमति प्रदान गरेको छ। उक्त सबै कम्पनीहरुले नै सर्वसाधारणमा शेयर निष्काशन गरी रु. ७.२ अर्व बराबरको रकम संकलन गरिसकेका छन् । यो रकम गत आ.व. २०७७/०७८ को तुलनामा ५२.५४ प्रतिशतले कमी हो। साथै उक्त अवधिमा रु.४.७९ अर्व बराबरको हकप्रद शेयर निष्काशनको लागि ११ वटा कम्पनीलाई अनुमति प्रदान गरेको छ। त्यस्तै उक्त अवधिमा १० वटा बैंक तथा वित्तीय संस्थाले रु. १२.४८ अर्व डिबेन्चर निष्काशनको अनुमति प्रदान गरेको छ । जसको विस्तृत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

*रकम रु अर्वमा*

| विवरण | २०७४/७५ | | २०७५/७६ | | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| प्राथमिक सार्वजनिक निष्काशन | २१ | ८.३० | २८ | ७.३५ | ९ | ३.९९ | २२ | १५.१७ | २८ | ७.२ |
| हकप्रद शेयर निष्काशन | ५५ | २५.७० | १९ | ५.८८ | ११ | ४.४१ | ७ | १४.०४ | ११ | ४.७९ |
| थप सार्वजनिक निष्काशन | ६ | ११.५१ | - | - | - | - | - | - | - | - |
| सामूहिक लगानी कोष निष्काशन | ४ | ४.८० | ६ | ६.५५ | २ | १.८ | ९ | ९.४ | ७ | ६.९ |
| ऋणपत्र तथा डिबेन्चर नष्काशन | १ | ३.०० | ११ | ९.०२ | १२ | २३.४५ | २३ | २३.०४ | १० | १२.४८ |
| **जम्मा** | ८७ | ५०.३१ | ६४ | २८.८० | ३४ | ३३.६५ | ६१ | ६१.६५ | ५६ | ३१.३७ |


बैंक पनि साथी पनि राम्रो पनि हाम्रो पनि

**(ख) दोश्रो बजार :**

समग्रमा आर्थिक वर्ष २०७८/७९ मा नेप्से परिसूचक घट्दोक्रममा रहेको थियो। आर्थिक वर्षको सुरुवातमा २८८३.३८ अंकमा रहेको नेप्से परिसूचक १८४८.२८ को न्यून बिन्दुमा पुगी आषाढ मसान्त, २०७९ मा २००९.४६ कायम रहेको थियो । समग्रमा नेप्से परिसूचक ३०.३१ प्रतिशतको ठुलो गिरावट आएको छ। जुन नेप्सेको इतिहासमा सबैभन्दा ठुलो गिरावट आएको वर्ष हो ।

समीक्षा अवधिमा नेप्सेमा सूचिकृत हुने शेयरहरुको संख्यामा बृद्धि भई सूचिकृत हुने कम्पनीको संख्या २३४ पुगेको छ । नेपाल स्टक एक्सचेन्जले ल्याएको अनलाईन प्रणालीको प्रभावकारिता बढ्दै जानु, प्राथमिक निष्कासन भएको शेयरहरुमा माग भन्दा अत्यधिक मात्रमा आवेदन पर्नु, नयाँ लगानीकर्ताहरु बजार प्रति आकर्षित हुँदै जानु तथा कारोवार भएको शेयर तथा रकमको सहज रुपमा राफसाफको व्यवस्था गरिएको जस्ता सुविधाले आगामी दिनहरुमा नयाँ लगानीकर्ताहरुमा शेयर बजार प्रति आकर्षण बढ्न देखिन्छ। समीक्षा अवधिमा पूँजी बजारको प्रतिकुल वातावरणको उदयका कारण शेयर वजारमा चुनौतीपूर्ण यात्राको अनुभव गरिरहेको छ। कोभिडको पून मारमा परेको विश्व अर्थतन्त्र युक्रेन र रुस बीच चलेको डरलाग्दो युद्धले विश्वभर तेल, ग्यास लगायत खाद्यन्न आपुर्ति नराम्रो संग प्रभावित भएको छ । बढ्दो मुद्रस्फीतिको दबावको सामना गर्न विश्वभरका केन्द्रीय बैंकहरु आक्रमक रुपमा ब्याजदर बृद्धि गर्दै गइरहेको छन् । जसले गर्दा विश्व शेयर बजार नै प्रभावित भएको छ भने नेपालमा समेत बढ्दो मुद्रास्फीति तथा उच्च आयातको कारण बजारमा उच्च तरलता अभाव भई बैंक तथा वित्तीय संस्थाहरुले निक्षेपको ब्याजदर दोहोरो अंकमा पुऱ्याउदा सोको सिधा असर नेप्सेमा परेको देखिन्छ ।

आर्थिक वर्ष २०७८/०७९ मा वास्तविक क्षेत्रका कम्पनीहरुले बुक बिल्डिङ्ग विधिबाट आई पि यो निष्काशन प्रक्रियामा पहल गरेका थिए । यदि वास्ताविक क्षेत्रका कम्पनीहरुलाई सहजै रुपमा बुक विल्डिङ्ग विधि मार्फत सर्वसाधारणमा शेयर जारी गर्ने व्यवस्था मिलाउन सके आगामी दिनमा धितोपत्र बजार थप विस्तार हुने देखिन्छ ।

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| सूचिकृत कम्पनीहरुको संख्या | १९६ | २१३ | २१२ | २१९ | २३४ |
| सूचिकृत कम्पनीहरुको चुक्ता पूँजी | ३५२.०९ | ४१८.८७ | ४७३.३९ | ५७२.९३ | ६६७.७५ |
| कुल कारोवार दिन | २३३ | २४६ | १८२ | २२३ | २३९ |
| बजार पूँजीकरण (रु.अर्बमा) | १,४३५.१४ | १,५६७.५० | १,७९२.७६ | ४,०१०.७४ | २,८६९.३४ |
| नेप्से सूचकाङ्क | १,२१२.३६ | १,२५९.०१ | १,३६२.३५ | २,८८३.३८ | २,००९.४६ |
| नेप्से फ्लोट सूचकाङ्क | ८७.१५ | ९२.४३ | ९५.४७ | १७८.७८ | १३९.३७ |
| नेप्से सेन्सेटिभ सूचकाङ्क | २५५.२ | २७१.२५ | २८८.२५ | ५४१.३१ | ३८५.९१ |



(ग) नेपालको शेयर बजारको स्थिति :

समीक्षा अवधिमा शेयर बजारमा ठुलो गिरावट आएको छ । समीक्षा अवधिमा नेप्से परिसूचक ३० प्रतिशत भन्दा बढिको गिरावट आई समग्र बजार १८०६ को न्यून विन्दुसम्म आई आषाढ मसान्त, २०७९ मा २००९.४६ विन्दुमा बन्द भएको थियो । नेप्सेको इतिहासमा सबैभन्दा उच्च विन्दु ३२२७ अंक रहेको छ । नेपाल राष्ट्र बैंकले मैद्रिक नीतिमा शेयर बजारलाई प्रत्यक्ष प्रभाव पर्ने नीतिगत व्यवस्था गरेको कारणले समेत नेप्से परिसूचक घट्न थप दवाव परेको देखिन्छ । समीक्षा आवधिमा आर्थिक गतिविधिमा आएको कमी, बजारमा लगानी योग्य रकमको अभाव तथा बैंक तथा वित्तीय संस्थाहरुले बचत तथा मुद्धतिमा बढाएको ब्याजदरको कारणले गर्दा कारोवर रकममा समेत कमी आएको छ । समीक्षा अवधिमा सरकारले विभिन्न नीतिहरुको माध्यमबाट समग्र आर्थिक अवस्था सुधार गर्ने प्रयास गरे पनि त्यसको प्रभाव शेयर बजारमा त्यती परेको देखिएन । यस बाहेक, अनलाइन ट्रेडिङ्ग प्रणालिमा आवद्ध लगानीकर्ताहरुको सहभागीता बढ्दै जानु, शेयर कारोवारको रकम भुक्तानी अनलाइन मार्फत गर्न व्यवस्था मिलाउनु, धितोपत्र दलाल मार्फत मार्जिन ट्रेडिङ्ग सुविधा प्रदान गर्नु जस्ता कारणले धितोपत्र बजार विस्तार हुँदै गएको देखिन्छ ।

यसका साथै सरकारले निकट भविष्यमा गैरआवसीय नेपालीलाई पूँजीबजारमा लगानी गर्नको लागि खुल्ला गर्ने, बैंकहरुलाई ब्रोकरको ईजाजतपत्र, नयाँ म्युचुअल फण्डहरुको बजार प्रवेश, धितोपत्र डिलरको रुपमा कार्य गर्न थप कम्पनीहरु संचालनमा आउने प्रकृयामा रहनु, मार्केट मेकरको लागि सरकारी तहबाटै आवश्यक पहल हुनु, बुक बिल्डीङ्ग विधि मार्फत प्राथामिक शेयर निष्काशन गर्न सुरु हुँन तथा शेयर कारोवारीको संख्या दिन प्रतिदिन बढ्दै जानु जस्ता कारणले गर्दा आगामी दिनमा शेयर बजार सकारात्मक बाटोमा जाने अनुमान गर्न सकिन्छ ।

३. **मर्चेण्ट बैंकिङ्ग उद्योग तथा कम्पनीलाई प्रभाव पार्ने तत्वहरु :**

यस प्रतिवेदन तयारी गर्दा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २३४ कम्पनी सूचीकृत छन् । जुन गत वर्ष २१९ रहेको थियो । समीक्षा अवधिमा नेपाल स्टक एक्सचेन्जमा सूचिकृत हुने कम्पनीहरुको संख्या बृद्धि भएको छ । नेपाल सरकारले रु.५० करोड वा सो भन्दा बढी पूँजी भएका तथा वार्षिक रु. १ अर्व भन्दा बढी करोवार गर्ने कम्पनीहरुलाई समेत सर्वसाधरणमा शेयर जारी गर्नको लागि प्रोत्साहन गर्ने योजना तर्जुमा गर्दै जानु, विकास बैंक तथा फइनान्स कम्पनी र लघुवित्त कम्पनीहरुले डिबेन्चर निष्काशन गर्न सक्ने नीतिगत व्यवस्था हुनु, जनताको जलविद्युत कार्यक्रम अन्तर्गतका जलविद्युत कम्पनीहरुको साधारण शेयर निष्काशन गर्ने कम्पनीहरु बाँकी रहनु, धितोपत्र बोर्डले बुक बिल्डीङ्ग विधिबाट समेत सर्वसाधारणमा शेयर जारी गर्ने प्रक्रिया सुरु हुनु तथा विभिन्न सेवा मुलक र उत्पादन मुलक कम्पनीहरुले सर्वसाधारणमा शेयर जारी गर्नको लागि अग्रसर हुँदा आउने दिनमा समग्र क्यापिटलको व्यवसाय बढ्ने देखिन्छ ।

४. **एन आई सी एशिया क्यापिटलको प्रबिधि :**

आजको युगमा सूचना तथा प्रविधि प्रतिस्पर्धात्मक फाइदा थप्ने कारक भएको देखिन्छ । हामीले यस कारकलाई स्वीकार गरी हाम्रो प्रतिस्पर्धात्मक लाभलाई अझ मजबुत बनाउन र काम गर्ने लागत र समय घटाउन सूचना प्रविधि एकिकृत गर्न सम्भावित सबै तरिकाहरूको विश्लेषण गरेका छौं । हामीले मौलिक विश्लेषण र प्राविधिक विश्लेषण दुबै मौलिक रूपमा सबै भन्दा राम्रो स्क्रिप्ट, संकेत, शेयर मूल्य पहिचान गर्न सिस्टम एक्स (System X) सफ्टवेयर जडान गरेका छौं । कोरोना महामारीबाट क्यापिटलको व्यवसायलाई निरन्तरता दिन बन्दाबन्दीको समयदेखि नै क्यापिटलबाट प्रदान गरिने सेवालाई अनलाईन तथा विद्युतिय मध्यमबाट उपलब्ध गराउने व्यवस्था मिलाएको छ । अनलाईन मार्फत डिम्याट तथा मेरो शेयर खाता खोल्न सकिने र अनलाईन मार्फत नै लगानी व्यवस्थापन तथा खुलामुखी योजनाको इकाई खरिद गर्न सकिने व्यवस्था मिलाएको छ । क्यापिटलको दैनिक प्रशासनिक कार्य विद्युतिय माध्यमबाट गराउन ईआरपी (ERP) कार्यान्वयन गरिसकेका छौं । ईआरपी (ERP) कार्यान्वयनको माध्यमबाट हामी मजबुत, अत्याधिक कुशल र कागजतबिहीन काम गर्ने लक्ष्य लिएका छौं । जसले गर्दा आगामी दिनमा कोरोना लगायत अन्य यस्तै किसिमका महामारीको समयमा घरबाट समेत काम गर्न सजिलो हुने गरी आवश्यक प्रविधिको विकास गरेका छौं । क्यापिटलले प्रदान गर्ने सम्पूर्ण सेवाहरुको जानकारी क्यापिटलको वेभसाईट मार्फत जानकारी गराउने तथा ग्राहकहरुको गुनासा समधानको लागि AI based CHATBOT प्रणालिको विकास गर्ने व्यवस्था मिलाईने छ । साथै आगामी दिनमा क्यापिटलबाट प्रदान गरिने सम्पूर्ण सेवाहरुलाई पूर्ण रुपमा डिजिटलाईज गर्दै जाने रणनीति लिएका छौं ।

# कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा ४ अनुसारको विवरण

१. **आर्थिक वर्ष २०७८/०७९ मा कम्पनीको कार्यसम्पादनको सिंहावलोकन :**

यस कम्पनी प्रचलित कम्पनी ऐन, बमोजिम मिति २०७३ साल जेष्ठ २ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ अनुसार मिति २०७३ साल फागुन ८ गते मर्चेण्ट बैंकिङ्ग व्यवसाय सम्बन्धी कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०७३ साल फागुन २२ गतेदेखि विधिवत रुपमा मर्चेण्ट बैंकिङ्ग सम्बन्धी कारोवार प्रारम्भ गरेको हो ।

**क्यापिटलको स्थिति :**

समीक्षा अवधिमा एन आई सी एशिया क्यापिटल लिमिटेडको समग्र व्यवसायको आधारमा निम्न स्थान हासिल गर्न सफल भएको छ ।

| क्र. सं. | विवरण | समग्रमा स्थिति |
|---|---|---|
| १ | निक्षेप सदस्य सेवा तर्फ | पहिलो स्थान |
| २ | म्युचुअल फण्ड सेवा तर्फ | पहिलो स्थान |
| ३ | शेयर रजिष्ट्रार सेवा तर्फ | आठौं स्थान |
| ४ | लगानी व्यवस्थापन (पि.एम.एस) सेवा तर्फ | तेश्रो स्थान |
| ५ | निष्काशन तथा बिक्री प्रवन्धक सेवा तर्फ | आठौं स्थान |

**आर्थिक बर्ष २०७८/०७९ को अन्त्यसम्म यस कम्पनीले शेयर रजिष्ट्रेशन सम्बन्धी कार्य गरेका कम्पनीहरुको विवरण :**

समीक्षा अवधिमा क्यापिटलले सामूहिक लगानी कोष सहित १३ वटा कम्पनीहरुको शेयर रजिष्ट्रारको सेवा प्रदान गर्दै आइरहेको छ। जुन समकालीन मर्चेन्ट बैकरहरुको तुलनामा उक्त संख्या उत्साहजनक मान्न सकिन्छ ।

| सि.नं. | कम्पनीको नाम |
|---|---|
| १ | श्री एन आई सी एशिया बैंक लिमिटेड |
| २ | श्री एन आई सी एशिया लघुबित्त वित्तीय संस्था लिमिटेड |
| ३ | श्री एन आई सी एशिया ग्रोथ फण्ड |
| ४ | श्री एन आई सी एशिया ब्यालेन्सड् फण्ड |
| ५ | श्री सूर्या लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड |
| ६ | श्री एन आई सी एशिया फेलेक्सी क्याप फण्ड |
| ७ | श्री तारागाँउ रिजेन्सी होटल्स लिमिटेड |
| ८ | श्री ज्योति लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड |
| ९ | श्री एन आई सी एशिया डाइनामिक डेप्ट फण्ड |
| १० | श्री एन आई सी एशिया सेलेक्ट-३० इन्डेक्स फण्ड |
| ११ | श्री इमर्जिङ्ग नेपाल लिमिटेड |
| १२ | श्री सारा नेपाल लिमिटेड |
| १३ | श्री चाटर्ड क्यापिटल लिमिटेड |

**आर्थिक बर्ष २०७८/०७९ को अन्त्यसम्म यस कम्पनीले निष्काशन तथा बिक्री प्रबन्धक सेवा सम्बन्धी कार्य गरेका कम्पनीहरुको विवरण :**

| क्र.सं. | कम्पनीको नाम | कैफियत |
|---|---|---|
| १ | श्री एन आई सी एशिया बैंक लिमिटेड | नविकेको हकप्रद बोलकबोल द्धारा बिक्री गर्न |
| २ | श्री प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड | हकप्रद शेयर निष्काशन |
| ३ | श्री सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | हकप्रद शेयर निष्काशन |
| ४ | श्री प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड | नविकेको हकप्रद बोलकबोल द्धारा बिक्री गर्न |
| ५ | श्री सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | नविकेको हकप्रद बोलकबोल द्धारा बिक्री गर्न |
| ६ | श्री आरम्भ माइक्रोफाइनान्स वित्तीय संस्था लि. | सार्वजनिक निष्काशन |
| ७ | श्री स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेड | हकप्रद शेयर निष्काशन |
| ८ | श्री स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेड | नविकेको हकप्रद बोलकबोल द्धारा बिक्री गर्न |
| ९ | श्री एन आई सी एशिया ग्रोथ फण्ड | सार्वजनिक निष्काशन |
| १० | श्री एन आई सी एशिया ब्यालेन्सड् फण्ड | सार्वजनिक निष्काशन |
| ११ | श्री सानिमा जनरल इन्स्योन्स लिमिटेड | सार्वजनिक निष्काशन |
| १२ | श्री एन आई सी एशिया डाइनामिक डेप्ट फण्ड | सार्वजनिक निष्काशन |
| १३ | श्री सानिमा बैंक डिवेन्चर, २०८७ | सार्वजनिक निष्काशन |
| १४ | श्री एन आई सी एशिया सेलेक्ट-३० इन्डेक्स फण्ड | सार्वजनिक निष्काशन |

| क्र.सं. | कम्पनीको नाम | कैफियत |
|---|---|---|
| १५ | श्री एन आई सी एशिया बैंक लिमिटेड | एन आई सी एशिया बैंक लिमिटेडको स्वामित्वमा रहेको एशिया लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड, महुली सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड, नेशनल लाईफ इन्सयोरेन्स कम्पनी लिमिटेड, सूर्या लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड, सिटिजन्स इन्भेष्टमेण्ट ट्रष्ट, मेरोमाईक्रो फाइन्नास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर बोलकबोल प्रकृयाबाट बिक्री गरिएको। |
| १६ | श्री इमर्जिङ्ग नेपाल लिमिटेड | सार्वजनिक निष्काशन |
| १७ | श्री एन आई सी एशिया फेलेक्सी क्याप फण्ड | सार्वजनिक निष्काशन |
| १८ | श्री श्याम बहादुर पाण्डे | श्री श्याम बहादुर पाण्डेको स्वामित्वमा रहेको प्रिमियम इन्स्योरन्स कम्पनी लिमिटेड संस्थापक समूहको शेयर बोलकबोल प्रकृयाबाट बिक्री गरिएको । |
| १९ | श्री प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड | प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेडको स्वामित्वमा रहेको प्रभु बैंक लिमिटेड, प्राईम कमर्शियल बैंक लिमिटेड, नेशनल लाईफ इन्स्योरेस कम्पनी लिमिटेडको संस्थापक समूहको शेयर बोलकबोल प्रकृयाबाट बिक्री गरिएको । |
| २० | श्री गणेश प्रपोटिज एण्ड इन्भेष्टमेण्ट कम्पनी प्रा.लि. | श्री गणेश प्रपोटिज एण्ड इन्भेष्टमेण्ट कम्पनी प्रा.लि.को स्वामित्वमा रहेको गुराश लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड, नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड, आई सी एफ सी फाइनान्स लिमिटेड र नेपाल ग्रामिण लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक समूहको शेयर बोलकबोल प्रकृयाबाट बिक्री गरिएको । |
| २१ | श्री विनय रेग्मी | श्री विनय रेग्मीको स्वामित्वमा रहेको नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड र नेपाल ग्रामिण लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक समूहको शेयर बोलकबोल मार्फत बिक्री गरिएको । |

**निष्काशनको प्रकृयामा रहेका कम्पनीहरुको विवरण :**

| क्र.सं. | कम्पनीको नाम | कैफियत |
|---|---|---|
| १ | श्री बैंकिङ्ग फाइनान्स एण्ड इन्स्योरेन्स इन्स्टिच्यूट अफ नेपाल लि. | सार्वजनिक निष्काशनको लागि नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको । |
| २ | श्री एन आई सी एशिया ग्रोथ फण्ड २ | |
| ३ | श्री भूगोल इनर्जि डेभलपमेण्ट कम्पनी लिमिटेड | |
| ४ | श्री मेन्छियाम हाइड्रोपावर लिमिटेड | सर्वसाधारण शेयर निष्काशन गर्ने सम्बन्धी |
| ५ | श्री हिमस्टार हाइड्रोपावर कम्पनी लिमिटेड | |
| ६ | श्री अपर लोहोरे खोला हाइड्रोपावर लिमिटेड | |
| ७ | डोल्ती हाइड्रोपावर कम्पनी लिमिटेड | |
| ८ | लुप नेटवर्क्स लिमिटेड | संस्थागत परामर्श सेवा सहित साधारण शेयर निष्काशन । |
| ९ | बुद्ध नगर एग्रो फम | |
| १० | सारा नेपाल लिमिटेड | |
| ११ | मिड सोलु हाइड्रोपावर लिमिटेड | |
| १२ | पशुपति इन्भाईरोमेन्टल पावर कम्पनी तथा पशुपति इन्भाईरोमेन्टल इन्जिनियरिङ्ग पावर कम्पनी | संस्थागत परामर्श सेवा सहित साधारण शेयर निष्काशन । |
| १३ | श्री सन्दीप अग्रवाल | श्री सन्दीप अग्रवालको स्वामित्वमा रहेको ग्लोवल आई एम ई बैंक लिमिटेडको संस्थापक समूहको शेयर बोलकबोल मार्फत बिक्री गर्ने सम्बन्धी । |
| १४ | श्री प्रतिमा अर्याल | श्री प्रतिमा अर्यालको स्वामित्वमा रहेको शाईन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको संस्थापक समुहको शेयर बोलकबोल मार्फत बिक्री गर्ने सम्बन्धी । |

**प्रत्याभूति सेवा अन्तर्गत :**

**आर्थिक वर्ष २०७८/०७९ को अन्त्यसम्म यस कम्पनीले प्रत्याभूति सेवा अन्तर्गत निम्न कम्पनीहरुको शेयर प्रत्याभूति सेवा उपलब्ध गराएको थियो ।**

| क्र.सं. | कम्पनीको नाम | प्रत्यभूति गरिएको शेयर कित्ता | प्रत्यभूति गरिएको रकम (रु.मा) |
|---|---|---|---|
| १ | मोलुङ हाईड्रोपावर कम्पनी लिमिटेड | १,७६५,५०० | १७६,५५०,०००.०० |
| २ | रावा इनर्जि डेभलपमेण्ट लिमिटेड | ८४०,००० | ८४,०००,०००.०० |
| ४ | भगवती हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड | ८२९,४९४ | ८२,९४९,३९६.०० |
| | **जम्मा** | ३,४३४,९९४ | ३४३,४९९,३९६.०० |

समीक्षा अवधिमा लगानी व्यवस्थापन सेवा अन्तर्गत "मेरो लगानी, मेरो भविष्य" भन्ने मूल नाराका साथ ग्राहकमुखी नवीनतम् योजनाहरु संचालन गरी आ.व. २०७८/०७९ को अन्त्यसम्ममा ५७३ जना ग्राहकहरुबाट रु.१ अर्ब ६७ करोड भन्दा बढी रकम संकलन गरी लगानी व्यवस्थापन सेवा उपलब्ध गराइरहेको छ । जुन गत वर्षको सोही अवधिको तुलनामा ४८.२१ प्रतिशतले बृद्धि हो । क्यापिटलले लगानी व्यवस्थापन सेवा अन्तर्गत Income Guaranteed Fund, Priority Services, "९९% प्रोफिट योजना" जस्ता विशेष योजनाहरु संचालन गरिरहेको छ । जुन सेवा अनलाईन मार्फत समेत लिन सकिने व्यवस्था मिलाइएको छ ।

**डिम्याट खाता :**

क्यापिटलले निक्षेप सदस्य सेवा अन्तर्गत देशको सम्पूर्ण भू-भागमा बसोबास गर्ने आम जनता माँझ डिम्याट खाताको पहुँच सहज, सर्वसुलभ तरिकाबाट पुऱ्याउने मुख्य उद्देश्यका साथ विगतका वर्ष देखि नै "एक नेपाली, एक डिम्याट खाता" अभियान संचालन गरिरहेको छ । क्यापिटलले "एक नेपाली, एक डिम्याट खाता" अभियानलाई सहज र सर्वसुलभ रुपमा आम जनता माँझ पुऱ्याउन एन आई सी एशिया बैंक लिमिटेडको देशभर छरिएर रहेका सम्पूर्ण शाखा कार्यालयहरू तथा विस्तारित काउण्टरबाट समेत डिम्याट खाता खोल्ने, शेयरको अभौतिकीकरण गर्ने लगायतका निक्षेप सदस्य अन्तर्गत प्रदान गरिने सम्पूर्ण सेवाहरु सहजै रुपमा उपलब्ध गराउने व्यवस्था मिलाएको छ । डिम्याट खाता खोल्दा लामो समय लाग्ने र उपत्यका बाहिरबाट डिम्याट खाता खोल्न निकै असहज भईरहेको भन्ने गुनासो सम्बोधन गर्न नेपालको जुनसुकै भू-भागबाट समेत अनलाईन मार्फत डिम्याट खाता खोल्न सकिने व्यवस्था मिलाएको छ । क्यापिटलले २०७९ आषाढ मसान्तसम्म ५ लाख ९९ हजार भन्दा बढी डिम्याट खाता खोली डिम्याट खाता संख्याको आधारमा नम्बर १ कम्पनी बन्न सफल भएको छ ।

क्यापिटलले समग्र बजारको ११.३६ प्रतिशत हिस्सा ओगटन सफल भएको छ । हाल क्यापिटलले "एक नेपाली, एक डिम्याट खाता" अभियानको साथै, ४ वर्षको नविकरण शुल्क भुक्तानी गर्दा ५ वर्षसम्म डिम्याट खाता नविकरण हुने, रु.२,५०० एकमुष्ट भुक्तानी गर्दा लाईफटाईम डिम्याट खाता नविकरण हुने, एन आई सी एशिया विद्यार्थी डिम्याट खाता योजना अन्तर्गत नि:शुल्क डिम्याट तथा मेरो शेयर खाता, अनलाईन मार्फत डिम्याट खाता खोल्दा १ घण्टा भित्र नि:शुल्क डिम्याट खाता उपलब्ध गराउने लगायतका योजनाहरु संचालन गरिरहेको छ । डिम्याट खाता खोल्ने सेवाग्राहीहरुको संख्या बढेसंगै ग्राहकहरुको आवश्यकता अनुरुपको जानकारी उपलब्ध गराउने मुख्य उद्देश्यका साथ छुट्टै Customer Care Unit खडा गरी सेवा प्रदान गर्दै आइरहेको छ ।

**एन आई सी एशिया म्युचुअल फण्ड :**

आ.व. २०७८/०७९ अन्त्यसम्म क्यापिटलले एन आई सी एशिया बैंक म्युचुअल फण्ड अन्तर्गत पाँच वटा योजनाहरु संचालन गरिरहेको छ । जस अन्तर्गत चारवटा बन्दमुखी योजनाहरु "एन आई सी एशिया ग्रोथ फण्ड", "एन आई सी एशिया ब्यालेन्सड् फण्ड", "एन आई सी एशिया सेलेक्ट-३० (इन्डेक्स फण्ड)" र "एन आई सी एशिया फ्लेक्सी क्याप फण्ड" तथा एउटा खुलामुखी योजना "एन आई सी एशिया डाईनामिक डेप्ट फण्ड" संचालन गरिएको छ । छैठौं रु.२ अर्ब बराबरको बन्दमुखी योजना "एन आई सी एशिया ग्रोथ फण्ड-२" संचालन गर्नको लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिसकेको छ । "एन आई सी एशिया ग्रोथ फण्ड" तथा "एन आई सी एशिया ब्यालेन्सड् फण्ड" संचालनमा आएको पहिलो वर्ष देखि नै नगद लाभांश वितरण गर्न सफल भएको छ । ग्रोथ फण्डले पहिलो वर्ष १० प्रतिशत, दोश्रो वर्ष १२ प्रतिशत र तेश्रो वर्ष ३० प्रतिशत गरी हालसम्म ५२ प्रतिशत लाभांश वितरण गरिसकेको छ भने ब्यालेन्सड् फण्डले संचालनमा आएको पहिलो वर्ष ८ प्रतिशत र दोश्रो वर्ष ३० प्रतिशत गरी हालसम्म ३८ प्रतिशत नगद लाभांश वितरण गर्न सफल भएको छ । पहिलो खुलामुखी योजना "एन आई सी एशिया डाईनामिक डेप्ट फण्ड" संचालनमा आएको पहिलो वर्षमा नै १० प्रतिशत नगद लाभांश वितरण गर्न सफल भएको थियो । उक्त लाभांश वितरण पश्चात् तथा धितोपत्रको दोश्रो बजार घटेर तल्लो बिन्दुमा आउँदा समेत आषाढ मसान्त, २०७९ मा "एन आई सी एशिया ग्रोथ फण्ड" को खुद सम्पत्ति मूल्य (NAV) रु.१२.८१, "एन आई सी एशिया ब्यालेन्सड् फण्ड" को खुद सम्पत्ति मूल्य (NAV) रु. १२.१७ तथा पहिलो खुलामुखी योजना "एन आई सी एशिया डाईनामिक डेप्ट फण्ड" को खुद सम्पत्ति मूल्य (NAV) रु. १०.७२ कायम गर्न सफल भएको छ । तेश्रो बन्दमुखी योजना एन आई सी एशिया सेलेक्ट ३० इन्डेक्स फण्डको खुद सम्पत्ति मूल्य (NAV) रु. ९.८१ कायम रहेको छ । चौथो बन्दमुखी योजनाको एन आई सी एशिया "फ्लेक्सी क्याप फण्ड" मिति २०७९ साल जेठ महिना ३१ गतेदेखि संचालमा आएको थियो र उक्त योजनाको आषाढ मसान्त २०७९ मा खुद सम्पत्ति मुल्य (NAV) रु. ९.९७ रहेका छ ।

**विशिष्टिकृत लगानी कोष :**

क्यापिटलले नेपाल धितोपत्र बोर्डबाट विशिष्टीकृत लगानी कोष संचालन गर्नको लागि आसय पत्र प्राप्त गरिसकेको र निकट भविष्यमा विशिष्टीकृत लागनी कोष अन्तर्गत Private Equity/Venture Capital (PE/VC) सेवा प्रदान गर्नको लागि आवश्यक व्यवस्था गरिसकेको छ ।

**अर्थिक वर्ष २०७८/०७९ मा क्यापिटलले हासिल गरेको वित्तीय उपलब्धिहरु**

**वित्तीय उपलब्धिहरु :**
समीक्षा वर्षमा मर्चेण्ट बैंकिङ्ग क्षेत्रमा तिब्र प्रतिष्पर्धात्मक चुनौतीको बावजुद पनि उत्साहजन वित्तीय नतिजा हासिल गर्न क्यापिटल सफल भएको छ ।

उक्त अवधिमा क्यापिटलले कूल आम्दानी रु. २८,५२,५५,६०९/-, कर अघिको नाफा रु. १७,२५,७१,४५९/- तथा खुद नाफा रु.१२,०७,८४,६७१/- गर्न सफल भएको छ ।

समीक्षा बर्षमा क्यापिटलको प्रतिशेयर आम्दानी रु. ६०.३९ रहेको छ । साथै, क्यापिटलले हासिल गरेको व्यवसाय बृद्धि तथा अवलम्बन गरेको विविधिकरण व्यावसायिक रणनीतिले क्यापिटललाई दीर्घकालिन रुपमा व्यवसाय बृद्धि गर्नका लागि मजबुत आधारशिला निर्माण भएको हामीले विश्वास लिएका छौं ।

**संस्थागत सुशासन, जोखिम व्यवस्थापन र अनुपालना**
हामी स्तरीय संस्थागत सुशासन कायम गर्ने दिशामा सदा क्रियाशिल रहेका छौं । यसका लागि हामीले केही आन्तरिक नीति नियमहरु तर्जुमा गरी सकेका छौं भने संस्थागत सुशासन नीति लगायत अन्य आवश्यक नीतिहरु समेत तर्जुमा गरी सोको कार्यान्वयन गर्दै आइरहेका छौं । संस्थागत सुशासनमा 'शून्य सहनशीलता अंगीकार गर्दै हामीले संस्थागत सुशासन्को प्रभावकारी व्यवस्थापनको लागि आवश्यक पर्ने साधन समेत व्यवस्थापनमा ध्यान दिएका छौं । संस्थागत सुशासनका निम्ति इमान्दारीता, पारदर्शीता, उत्तरदायित्व र जिम्मेवारीपनलाई हामीले सदैव आत्मसात गरेका छौं । यसबाट क्यापिटलको दिगो बृद्धिको बलियो आधार सृजना भएको हाम्रो विश्वास छ ।

**मानव संसाधनको विकास र व्यवस्थापन**
सेवाग्राहीले क्यापिटलबाट प्राप्त गर्ने सेवाको गुणस्तर कर्मचारीको सीप, क्षमता र दक्षतामा निर्भर रहन्छ भन्ने तथ्यलाई हामीले आत्मासाथ गरी मानव संसाधन नै सहि अर्थमा क्यापिटलको वास्तविक सम्पति हुन् भन्ने यथार्थलाई स्वीकार गरी हामीले कर्मचारीको क्षमता र सीप अभिबृद्धि गर्नको लागि हरेक कर्मचारीहरुलाई एक आ.व.मा कम्तीमा ४० घण्टाको तालिम प्रदान गर्ने नीति लिएका छौं ।

**अबको बाटो**
स्थापना कालदेखि नै क्यापिटलले ग्राहकहरुको सेवा सुविधा, आवश्यकता तथा सन्तुष्टिलाई मध्यनजर गर्दै आफ्ना कर्मचारीहरुको निरन्तर लगन र परिश्रमको माध्यमबाट नियामक निकायले निर्देशन गरेका नीति निर्देशनलाई पूर्ण रुपमा परिपालना गर्दै प्रत्येक वर्ष उच्च व्यवसायिक बृद्धि हासिल गर्ने तर्फ हामी सदा अग्रसर छौं र रहिरहने छौं । क्यापिटलको सेवा विस्तारमा ग्राहकहरुको चाहनाले निर्क्यौल गर्छ, भन्ने हाम्रो मान्यता हो । यही मान्यतालाई मूर्त रुप दिन हामीले ग्राहकमुखी भई योजना तयार गर्ने, आन्तरिक कार्यविधि तथा नीतिगत संयन्त्रलाई समसामयिक परिमार्जन गरी सोलाई थप ग्राहकमैत्री बनाएका छौं ।

कोरोना लगायत सोही प्रकृतिका अन्य महामारीको अवस्थामा क्यापिटलबाट प्रवाह हुने सेवालाई नियमित रुपमा संचालन गरी ग्राहकहरुलाई नीजहरुको आवश्यकता र चाहना अनुसार को सेवा उपलब्ध गराउनको लागि क्यापिटलबाट प्रदान गरिने सम्पूर्ण सेवालाई डिजिटलाईज गरी अनलाईन मार्फत सहज र सर्वसुलभ रुपमा सेवा प्रवाह गर्न मिल्ने व्यवस्था मिलाएको छ । सोही अनुरुप क्यापिटलले डिम्याट खाता र मेरो शेयर खाता खोल्न, नविकरण गर्ने, खुलामुखी योजनाको इकाईको खरिद पूनखरिद तथा लगानी व्यवस्थापन सेवा समेत अनलाईन मार्फत गर्न सकिने व्यवस्था मिलाएको छ । साथै आगामी दिनमा लगानी व्यवस्थापन सेवा, संस्थागत परामर्श सेवा, खुलामुखी योजनाको इकाईको खरिद बिक्री लगायतका क्यापिटलबाट प्रदान गरिने सम्पूर्ण सेवाहरुलाई डिजिटलाईज रुपमा उपत्यका बाहिरबाट समेत अनलाईन मार्फत गर्दै जाने रणनीति लिएका छौं । साथै आगामी दिनमा क्यापिटलबाट प्रदान गरिने सेवाहरुलाई AI Based CHATBOT मार्फत गर्ने रणनीति लिएका छौं ।

२. **कम्पनीमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाहरुको प्रभाव :**
अन्तराष्ट्रिय मुद्रा कोष (IMF) ले सन्२०२२ मा विश्व अर्थतन्त्रमा ३.२ प्रतिशतले बृद्धि हुनेप्रक्षेपण गरेको थियो । जुन २०२१ मा अपेक्षित ६.१ प्रतिशतको बृद्धिदर भन्दा निकै कम हो । अन्तराष्ट्रिय मुद्रा कोष (IMF) ले विश्व अर्थतन्त्र २०२१ मा ६.१ प्रतिशतले बृद्धि हुने अनुमान गरेको थियो । आर्थिक कृयाकलापहरु सुस्त हुँदा समग्र आर्थिक बृद्धिदरमा दवाव परेको देखिन्छ । पछिल्लो समय रुस र युक्रेन बीचको द्वन्दको कारणले झन विश्व बजारमा कच्चा तेलमा भएको मूल्य बृद्धिले समग्र उपभोग्य वस्तुको मूल्य बृद्धि भएको छ ।

नेपालको आर्थिक बृद्विदर समीक्षा अवधीमा ३.२ प्रतिशतमा सिमित भएको छ । पूर्वानुमान गर्दा आर्थिक वर्ष २०७८/७९ उक्त बृद्धिदर ६.१ प्रतिशत रहेको थियो । आर्थिक कृयाकलापहरु सुस्त हुँदा समग्र आर्थिक बृद्धिदरमा दवाव परेको देखिन्छ । पछिल्लो समय रुस र युक्रेन बीचको द्वन्दको कारणले झन विश्व बजारमा कच्चा तेलमा भएको मूल्य बृद्धिले समग्र उपभोग्य वस्तुको मूल्य बृद्धि भएको छ । जसले

गर्दा मुद्रास्फीतिमा दवाव पर्न गएको छ । समीक्षा आर्थिक बर्षमा बैंक तथा वित्तीय संस्थाहरुमा लगानी योग्य रकमको अभाव हुँदा बचत तथा मुद्धतिको ब्याजदर दोहोरो अंकमा पुग्दा त्यसको सोझो असर धितोपत्रको दोश्रो बजारमा परेको देखिन्छ । शेयर कारोवार प्रविधिमैत्री हुँदा धितोपत्रको दोश्रो बजार लगानीकर्ताहरुको आकर्षण बढ्दै गइरहेको देखिन्छ । फलस्वरुप डिम्याट खाता खोल्नेलगानीकर्ता दिन प्रति दिन बढ्दै गईरहेको देखिन्छ । स्थानीय निकायको गठन संगै बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो शाखा विस्तारलाई तिब्रता दिदैं गएको पाइएको छ । जसले गर्दा उक्त क्षेत्रमा बसोवास गर्ने स्थानीय बासिन्दाहरुलाई वित्तीय कारोवार गर्न सहज हुनुको साथै वित्तीय संस्थाहरुको कारोवारमा विस्तारमा समेत महत्वपूर्ण भुमिका प्रदान गरिरहेको छ । देशको अधिकांश भुभागमा बैंक तथा वित्तीय संस्थाको पहुँच विस्तार भएको छ । साथै, अधिकांश बाणिज्य बैंकहरुले निक्षेप सदस्यको रुपमा समेत सेवा प्रदान गदौ आइरहेको हुँदा त्यस क्षेत्रका बासिन्दाहरुले स्थानीय/सर्वसाधारणको लागि निष्कशन भएको प्राथमिक शेयरमा आवेदन पर्ने क्रम बढिरहेको देखिन्छ । साथै शेयर कारोबार गर्नको लागि अनलाईन कारोबार प्रणलीको प्रभावकारिता बढ्दो क्रममा रहेको छ । जसले गर्दा आगामी दिनमा धितोपत्रको दोश्रो बजारको विस्तार समेत तिब्र रुपमा बढ्दै जाने देखिन्छ ।

नेपाल राष्ट्र बैंक तथा बीमा समितिले समेत भविष्यमा यस क्षेत्रका कम्पनीहरुलाई मर्जरमा जान प्रोत्साहन गर्ने नीति लिएको हुँदा यस क्षेत्रका कम्पनीहरुबाट भविष्यमा थप हकप्रद शेयर निष्काशनको सम्भावना कम देखिन्छ । साथै नेपाल राष्ट्र बैंकले लघुवित्त कम्पनीहरुले समेत हकप्रद शेयर निष्काशनमा रोक लगाई मर्जरमा जानको लागि दबाव दिईरहेकोले आगामी दिनमा समेत शेयर रजिष्ट्रार को व्यवसायमा संकुचन आउने देखिन्छ । समीक्षा अवधिमा पूँजीबजार मापक सूचक ठुलो अंकले घटेको छ । समग्रमा समीक्षा अवधिमा नेप्से परिसूचक १८०६ अंकले घटेको छ । अनलाईन कारोबार प्रणाली प्रति लगानीकर्ताको आकर्षण बढ्दै जानु, शेयर खरिद बिक्री भएका शेयर तथा कारोबार रकमको राफसाफ विद्युतीय माध्यमबाट हुने व्यवस्था हुँदा नेप्से परिसूचक घट्दो क्रममा रहे पनि धितोपत्र बजार बिस्तार हुँदै गइरहेको छ । आगामी दिनमा शेयर बजार विस्तारको लागि नियमनकारी निकायहरुबाट थप पहल भएको खण्डमा धितोपत्र बजार विस्तार हुन थप टेवा पुग्ने देखिन्छ ।

३. **चालु आर्थिक वर्षका लक्ष्यहरु :**

चालु आर्थिक वर्षको लागि क्यापिटलले मुख्यतया देहाय बमोजिमको लक्ष्यहरु निर्धारण गरेको छ :

१) निक्षेप सदस्य अन्तर्गत एक नेपाली, एक डिम्याट खाता अभियान लाई थप तिब्रता दिइने छ ।
२) शेयर रजिष्ट्रारको सेवा प्रदान गर्ने कम्पनीहरुमा संख्यात्मक र गुणात्मक बृद्धि गर्ने ।
३) सार्वजनिक निष्काशन सम्बन्धी कार्यहरु थप प्रभावकारी बनाई गुणस्तरीय सेवा प्रदान गर्ने ।
४) लगानी व्यवस्थापनमा थप ग्राहकहरुको खोजी गरी रकम तथा ग्राहकहरुको संख्यामा दिनानुदिन तीब्र बृद्धि गर्ने ।
५) व्यवसायिक परामर्शदाताको उत्कृष्ट सेवा प्रदान गर्ने ।
६) नयाँ बन्दमुखी तथा खुलामुखी सामूहिक लगानी कोष संचालनको निमित्त सर्वजनिक निष्काशनको लागि नेपाल धितोपत्र बोर्डमा दर्ता गराउने ।
७) ग्राहकमुखी नयाँ व्यवसायिक योजनाहरु तर्जुमा गरी कार्यन्वयनमा ल्याउने तथा श्रोत साधनको अधिकतम उपयोग गर्ने कार्यलाई थप व्यापक र प्रभावकारी बनाउने ।
८) दिर्घकालीन रणनीतिमा निर्दिष्ट गरेका लक्ष्यहरु हासिल गर्ने ।
९) कम्पनीको ब्राण्डलाई बजारमा प्रभावकारी ढंगले सदा प्रस्तुत गरिराख्ने ।
१०) डिजिटल प्रविधिहरुमा जोड दिई क्यापिटलको बजार प्रबर्धन गर्ने ।
११) खुलामुखी योजना अन्तर्गत थप सेवाहरु विस्तार गर्ने ।
१२) विशिष्टीकृत लगानी कोष संचालन गर्ने ।

उल्लेखित लक्ष्यहरु प्राप्ति संगै हामी यस क्षेत्रमा अग्रणी भुमिका खेल्दै ग्राहकको रोजाईमा पहिलो मर्चेन्ट बैंकर हुनेमा पुर्ण विश्वस्त रहेका छौं ।

४. **संचालक समितिमा भएको हेरफेर र सोको कारण :**

समीक्षा अवधिमा बैंकका प्रतिनिधि संचालक श्री विशाल सिग्देलको स्थानमा श्री कपिल ढकाल तथा श्री निश्चित मित्तलको स्थानमा श्री रुपेश लुइटेललाई संचालकको रुपमा नियुक्ती गरिएको छ ।

५. **लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर संचालक समितिको प्रतिक्रिया :**

नियमित कारोबारमा देखिएका साधारण किसिमका कैफियत बाहेक लेखापरीक्षण प्रतिवेदनमा अरु कैफियत उल्लेख भएको छैन ।

६. **लाभाँश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**
संचालक समितिको बैठकले आर्थिक वर्ष २०७८/०७९ को नाफाबाट ५५ प्रतिशत (कर सहित) को दरले हुन आउने रु. ११,००,००,०००/- (अक्षरेपी एघार करोड मात्र) नगद लाभांश वितरण गर्ने निर्णय गरेको छ ।

७. **शेयर जफत भएको भए जफत भएको शेयर संख्या :**
समीक्षा वर्षमा कुनै पनि शेयर जफत गरिएको छैन ।

८. **विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थितिको पुनरावलोकन :**
यस कम्पनीको कुनै पनि सहायक कम्पनी नभएको ।

९. **समीक्षा अवधिमा कम्पनी र यसका सहायक कम्पनीसंगको कारोबार र त्यसमा भएको महत्वपूर्ण हेरफेर :**
यस कम्पनीले मर्चेन्ट बैंकरको रुपमा लगानी व्यवस्थापन, निक्षेप सदस्य, म्युचअल फण्ड, संस्थागत परामर्शदाता, बिक्री प्रबन्ध तथा शेयर रजिष्ट्रारको काम गर्दै आइरहेको छ । कम्पनीको कुनै पनि सहायक कम्पनी छैन र कम्पनीको प्रबन्धपत्र र नियमावलीमा तोकेका उद्देश्य बमोजिमका कामहरु गर्दै आइरहेको छ र समीक्षा वर्षमा कम्पनीको मुख्य कारोवारहरुको प्रकृतिमा कुनै परिवर्तन भएको छैन ।

१०. **विगत आर्थिक वर्षमा कम्पनीका आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**
केही नभएको ।

११. **विगत आर्थिक वर्षमा कम्पनीका संचालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :**
केही नभएको ।

१२. **कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै संचालक तथा निजका आफन्तको व्यक्तिगत स्वार्थसम्बन्धी जानकारी :**
हालसम्म यस प्रकारको कुनै सम्झौता नभएकोले त्यस सम्बन्धमा कुनै खुलासा गर्नुपर्ने नदेखिएको ।

१३. **पुनः खरिद गरिएको शेयरहरुको विवरण :**
समीक्षा अवधिमा शेयरको पुन : खरिद नभएको ।

१४. **आन्तरिक नियन्त्रण व्यवस्था भए वा नभएको र भएको भए सोको विवरण :**
कम्पनीले आन्तरिक नियन्त्रण व्यवस्था कायम गर्नका लागि खरिद समिति, मानव संशाधन विकास समिति, आन्तरिक लेखापरीक्षण समिति र जोखिम व्यवस्थापन समिति गठन गरिएको छ । यी समितिहरुको बैठक नियमित रुपमा बस्ने गर्दछ र समय समयमा यी समितिहरुले व्यवस्थापन तथा संचालक समितिलाई आवश्यक सल्लाह र सुझाव दिने गर्दछ । संचालक समितिले कम्पनीको प्रभावकारी व्यवस्थापनको लागि कम्पनीको वित्तीय प्रशासन नीति, २०७३ तथा मानव संशाधन नीति २०७३ लाई अनुमोदन गरी कार्यन्यवनमा आइसकेको छ । आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी गराउनको लागि यस कम्पनीले विभिन्न नीति, निर्देशन तथा प्रक्रियाहरु तर्जुमा गरी अवलम्वन गरेको छ ।

१५. **विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**
समीक्षा अवधिमा भएको जम्मा खर्चको विवरण

| खर्च शिर्षक | खर्च रकम (रु) |
|---|---|
| कर्मचारी खर्च | ५,५६,८६,१५९ |
| संचालन खर्च | ५,६९,९७,९९२ |
| **जम्मा खर्च** | **११,२६,८४,१५१** |

१६. **लेखापरीक्षण समितिका सदस्यहरुको नामावली निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेका कामकारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :**
लेखापरीक्षण समितिका सदस्यहरुको नामावली :

| क्र.सं. | नाम | कैफियत |
|---|---|---|
| १ | श्री रविन सापकोटा | स्वतन्त्र संचालक,<br>एन आई सी एशिया क्यापिटल लि. |
| २ | श्री कमल खड्का | प्रमुख आन्तरिक लेखापरीक्षक,<br>एन आई सी एशिया बैंक लि. |
| ३ | श्री मनिष घिमिरे | प्रमुख लगानी विभाग,<br>एन आई सी एशिया क्यापिटल लि. |

स्वतन्त्र संचालकलाई रु.२५,०००/- भत्ता तथा सुविधा प्रदान गरिएको ।

१७. **संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजका नातेदार वा निज संलग्न रहेका फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा ।**
सो नभएको ।

**१८. संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

समीक्षा अवधिमा संचालक समितिको सदस्यहरुलाई बैठक भत्ता तथा सुविधा वापत रु.४,७५,०००/- प्रदान गरिएको।

समीक्षा अवधिमा कम्पनीको प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव र उच्च व्यवस्थापन तहमा रहेका कर्मचारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम सम्बन्धी विवरण :

| विवरण | प्रमुख कार्यकारी अधिकृत | प्रमुख संचालन अधिकृत | प्रमुख संचालन/ लगानी अधिकृत तथा कम्पनी सचिव | प्रमुख-मर्चेन्ट बैंकिङ्ग |
|---|---|---|---|---|
| कर्मचारी संख्या | १ | १ | १ | १ |
| पारिश्रमिक, भत्ता तथा सुविधाको रकम (रु) | ४५,५०,०००/-<br>(१२ महिना) | २,०६,६९८/-<br>(१ महिना) | २२,२७,८०३/-<br>(१२ महिना) | १३,२२,८५८/-<br>(१२ महिना) |

**१९. शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभाँश रकम :**

लाभाँश वितरण गर्न बाँकी नरहेको।

**२०. सम्पत्ति प्राप्ति वा बिक्री विवरण :**

केही नभएको।

**२१. संस्थापक कम्पनीसँगको कारोबार विवरण :**

कम्पनीले एन आई सी एशिया बैंक लिमिटेडमा एन आई सी एशिया क्यापिटलको नाममा रहेको विभिन्न बैंक खाता बाट आ.व. २०७८/७९ मा रु ५.०३२ करोड ब्याज आम्दानी प्राप्त गरेको छ।

कम्पनीले एन आई सी एशिया बैंक लि. को शेयर रजिष्ट्रारको रुपमा काम गर्दै आइरहेको छ जसको सेवा शुल्क वार्षिक रु ९०७,५००/- रहेको छ।

कम्पनीले बैंकसँग गरेको सम्झौता बमोजिम कार्यगत र प्राविधिक सहयोग वापत एन आई सी एशिया बैंक लिमिटेडलाई रु १३,९७,१४१.९७/- कर्मचारी खर्च वापत भुक्तानी गरेको छ।

कम्पनीले बैंकसँग आषाढ मसान्त, २०७९ मा रु २१,२०,२१७.१५ प्राप्त गर्न बाँकी रहेको छ। जुन श्रावण १,२०७८ मा रु २१,०९,४११.६६ प्राप्त गर्न बाँकी रहेको थियो।

bakertilly

# INDEPENDENT AUDITOR'S REPORT

To the Shareholders of
NIC ASIA Capital Limited

**Dev Associates**
**Chartered Accountants**
Patan Dhoka, Lalitpur-3
P.O. Box 252
Lalitpur DPO 44700
Nepal

T: +977 (1) 5521605
F: +977 (1) 5520976

devassociates@ntc.net.np
www.bakertillydev.com

## Report on the Audit of the Financial Statements

### Opinion

We have audited the financial statements of NIC ASIA Capital Limited (hereafter referred as "the Company") which comprise the statement of financial position as at 32nd Ashad 2079 and the statement of profit or loss and other comprehensive income, statement of changes in equity and statement of cash flows for the year then ended and notes to the financial statements, including a summary of significant accounting policies.

In our opinion, the accompanying financial statements present fairly, in all material respects, the financial position of the company as at 32nd Ashad 2079 and of its financial performance and its cashflows for the year then ended in accordance with the Nepal Financial Reporting Standards.

### Basis of Opinion

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the *Auditor's Responsibilities for the Audit of the Financial Statements* section of our report. We are independent of the Company in accordance with the *ICAN's Handbook of Code of Ethics for Professional Accountants* together with the ethical requirements that are relevant to our audit of the financial statement in Nepal, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements and the ICAN's Handbook of Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion on the financial statements.

### Key Audit Matters

Key audit matters are those matters that, in our professional judgment, were of most significance in the audit of the financial statements and include the most significant assessed risk of material misstatement (whether or not due to fraud) identified, including those which had the greatest effect on: the overall audit strategy; the allocation of resources in the audit; and directing the efforts of the engagement team. We summaries below the key audit matter, in arriving at our audit opinion above, together with our key audit procedures to address those matters and, as required for public interest entities, our results from those procedures. These matters were addressed, and our results are based on procedures undertaken, in the context of and solely for the purpose of, our audit of the financial statements as a whole, and in forming our opinion thereon, and consequently are incidental to that opinion, and we do not provide a separate opinion on these matters.

| S.N. | Key Audit Matters | Auditor's Response |
|---|---|---|
| 1 | **Income from Depositary Participants**<br>Major portion of company's revenue consists of income from depositary participants which includes revenue from On Market Transaction for BO (DIS Fee), Annual BO Maintenance Charges (DEMAT AMC), Meroshare Renewal Fees, Account Opening Fee (DEMAT) and Meroshare Registration Fee etc. Revenue from these services rendered is recognized in the statement of profit or loss after the delivery of services. | Our audit approach regarding verification of process of revenue recognition included:<br>- Obtaining clear understanding of the process of revenue recognition from data provided by the Depositary Participants Services department.<br>- Review of reconciliation statement of bank accounts and merchant wallets separately maintained for income collection to ensure that the data provided by the Depositary Participants Services department is reliable and accurate.<br>- Re-calculation of revenue based on the bills issued by CDSC, as the charges to be paid to it is pre-defined as a percentage/amount of the revenue collected. |

Dev Associates, Chartered Accountants Lalitpur Nepal

bakertilly

### Other Information

Management is responsible for other information. The other information comprises the information included in the Report of Board of Directors pursuant to Section 109 (4) of the Companies Act, 2063, but does not include the financial statements and our auditor's report thereon. The Report of Board of Directors is expected to be made available to us after the date of this auditor's report.

Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information and, in doing so, consider whether the other information is materially inconsistent with the financial statements or our knowledge obtained in the audit or otherwise appears to be materially misstated.

When we read the Report of Board of Directors, if we conclude that there is a material misstatement therein, we are required to communicate the matter to those charged with governance.

### Responsibilities of Management and Those Charged with Governance for the Financial Statements

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with the Nepal Financial Reporting Standards, and for such internal control as management determines is necessary to enable the preparation of the financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial statements, the management is responsible for assessing the Company's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless the management either intends to liquidate the Company or to cease operations, or has realistic alternative but to do so.

Those charged with governance are responsible for overseeing the Company's financial reporting process.

### Auditor's Responsibility for the Audit of the Financial Statements

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with the NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As a part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, international omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the Company's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on appropriateness of management's use of the going concern basis of accounting and based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Company's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we, are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Company to cease to continue as a going concern.

Lalitpur Nepal Chartered Accountants

bakertilly

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related safeguards.

From the matters communicated with those charged with governance, we determine those matters that were of most significance in the audit of the financial statements if the current period and are therefore the key audit matters. We describe these matters in our auditor's report unless law or regulation precludes public disclosure about the matter or when, in extremely rare circumstances, we determine that a matter should not be communicated in our report because the adverse consequences of doing so would reasonably be expected to outweigh the public interest benefits if such communication.

## Report on Other Legal and Regulatory Requirements

In relation to the audit of financial statements of this company, our responsibility to report on Other Legal and Regulatory Requirements arises from the provision of Sec. 115 of Companies Act, 2063.

Based on our examination of the financial statements as per the Companies Act, 2063, we report that:

a. We have obtained all the information and explanations, which to the best of our knowledge and belief were necessary for the purpose of our audit.
b. The accounts and records of the Company have been maintained as required by law and practice in a manner to reflect the real affairs of the Company.
c. The statement of financial position, statement of profit or loss and other comprehensive income and the statement of cash flow dealt with by this report are in agreement with the books of account of the Company, and these statements follow prevailing accounting standards.
d. In our opinion and to the best of our information and according to the explanation given to us, we did not come across any such instances where the Board of Directors, representative or any employee of the Company has acted contrary to the provision of law relating to accounts or causing direct loss or damage to the Company deliberately or acting in a manner that would jeopardize the interest and security of the Company.
e. In our opinion and to the best of information provided to us, and as confirmed by the management through Management Representation Letter, we did not obtain any information that substantiate there is accounts-related forgery in the company.

The engagement partner on the audit resulting in this independent auditor's report is CA Milan Basnet.

Milan Basnet

Dev Associates, Lalitpur, Nepal, Chartered Accountants

CA Milan Basnet
Partner,
For,
Dev Associates, Chartered Accountants

Place: Lalitpur
Date: July 31, 2022
UDIN: 220809CA01259vTjNW

एन आई सी एशिया क्यापिटल लिमिटेड

**एन आई सी एशिया बैंक लिमिटेडको पुर्ण स्वामित्वको**

**वित्तीय स्थिति विवरण**

श्रावण १, २०७८ देखि असार ३२, २०७९ सम्म

*रकम रु.*

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **सम्पत्ति** | | |
| सम्पत्ति, प्लान्ट तथा उपकरण | ९,३२२,९८९ | ६,८३१,७५५ |
| अमुर्त सम्पत्ति | ५,५२९,९३० | ५,३२१,३९५ |
| वित्तीय सम्पत्ति (परिशोधित मूल्यमा) (मुद्दती) | - | - |
| वित्तीय सम्पत्ति (भुक्तानी मितिसम्म धारण गर्ने) | १३,५५७,००० | १३,५५७,००० |
| कर्जा तथा सापटी | ३६६,६५३ | ३७२,५९४ |
| स्थगन कर सम्पत्ति | ५८३,४९३ | ६९७,३२३ |
| **जम्मा गैर चालु सम्पत्ति** | **२९,३६०,०६५** | **२६,७८०,०६७** |
| **चालु सम्पत्ति** | | |
| नगद तथा नगद समान | २६,४२६,५६५ | १४४,८४३,७५४ |
| व्यापारीक दायित्व | ३६,८८६,१९३ | ६९,१८८,१९९ |
| अग्रीम व्यय तथा सापटी | ४,०२६,८४३ | २,३३३,५८० |
| कर्जा तथा सापटी | १,०३० | ८,९०४ |
| वित्तीय सम्पत्ति परिशोधित मूल्यमा (मुद्दती) | ४१४,६९७,७७९ | ४२०,२९७,३०८ |
| वित्तीय सम्पत्ति नाफा वा नोक्सान माफत Fair Value मा | १,००८,४९२ | १,०१५,०७४ |
| **जम्मा चालु सम्पत्ति** | **४८३,०४६,९०३** | **६३७,६८६,८१९** |
| **जम्मा सम्पत्ति** | **५१२,४०६,९६८** | **६६४,४६६,८८६** |
| **इक्विटी र दायित्व** | | |
| **गैर चालु दायित्व** | | |
| कर्मचारी हित | ३,५११,५०७ | ३,२३०,२३७ |
| व्यापारीक र अन्य दायित्व | १३४,०४३ | ९४९,०८३ |
| स्थगन कर दायित्व | - | - |
| **जम्मा गैर चालु दायित्व** | **३,६४५,५५०** | **४,१७९,३२१** |
| **चालु दायित्व** | | |
| व्यापारीक र अन्य दायित्व | १६८,४३८,४९५ | ३४४,७४९,३१५ |
| **जम्मा चालु दायित्व** | **१६८,४३८,४९५** | **३४४,७४९,३१५** |
| **इक्विटी** | | |
| शेयर पूँजी | २००,०००,००० | २००,०००,००० |
| सञ्चित मुनाफा | १४०,३२२,९२२ | ११५,५३८,२५० |
| **जम्मा इक्विटी** | **३४०,३२२,९२२** | **३१५,५३८,२५०** |
| **जम्मा इक्विटी र दायित्व** | **५१२,४०६,९६८** | **६६४,४६६,८८६** |

अन्जली राई
**प्रमुख वित्त विभाग**

मनिष घिमिरे
**प्रमुख सञ्चालन अधिकृत**

रमेन्द्र रायमाझी
**प्रमुख कार्यकारी अधिकृत**

कपिल ढकाल
**अध्यक्ष**

सुमन डंगोल
**स्वतन्त्र सञ्चालक**

रबिन सापकोटा
**स्वतन्त्र सञ्चालक**

रुपेश लुईंटेल
**सञ्चालक**

दिनेश भारी
**सञ्चालक**

यसै मितिको हाम्रो संलग्न
प्रतिवेदन अनुसार
सि. ए. मिलन बस्नेत
**साझेदार**
देव एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

मिति: साउन १५ गते, २०७९
स्थान: काठमाडौं

एन आई सी एशिया क्यापिटल लिमिटेड

## एन आई सी एशिया बैंक लिमिटेडको पुर्ण स्वामित्वको
## नाफा नोक्सान विवरण र अन्य विस्तृत आय

श्रावण १, २०७८ देखि असार ३२, २०७९ सम्म

*रकम रु.*

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **सञ्चालन आम्दानी** | | |
| मर्चेन्ट बैकिंङ्ग सेवाबाट आम्दानी | १५२,२९१,४७८ | १६२,३१७,९६७ |
| सामुहिक लगानी कोषबाट आम्दानी | ६३,४४३,३९० | ४०,००९,२५६ |
| कर्जा सापट तथा सापटीबाट आम्दानी | ६३,१६१,१४२ | ४३,६२५,७८७ |
| Corporate Advisory बाट आम्दानी | ४१०,००० | २,९३५,७७८ |
| इक्विटि धितोपत्रको निसर्गबाट आम्दानी | - | ६,२५३,४८५ |
| Fair Value मार्फत वित्तीय सम्पत्तिमा साविकमा कायम नगरिएको खुद नाफा | (६,५८२) | ४,१२७ |
| लाभांस आम्दानी | ४,०६७,१४८ | १,०९३,३६० |
| अन्य आम्दानी | १,८८९,०३४ | ८९,२७० |
